मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राक्की

पूर्णाङ्क ५२, असोज ०६१ संचेतना द्वैमासिक

मूल्य रु. १५।-

## बलात्कार : मानवता विरुद्धको अपराध

## दण्डहीनता कहिलेसम्म ?

# राष्ट्रिय दादुरा खोप अभियान २०६१/६२

## ९ महीनादेखि १५ वर्ष मुनिका
## सबै बाल-बालिकाहरुलाई दादुरा खोप लगाऔं

**दादुरा खोप पहिले लगाएकाहरुले पनि लगाऔं**
**नलगाएकाहरुले त झनै नछुटाऔं**

unicef

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष १३, पूर्णाङ्क ५२, असोज २०६१

# सामुहिक बलात्कारको धारावाहिक श्रृंखला

७


- बलात्कारसम्बन्धी कानुन एक विश्लेषण २१
- वैवाहिक बलात्कार : कानुनको संशोधन... २३
- बलात्कार : एक मनोवैज्ञानिक सवाल २८
- स्थायी शान्तिका प्रयास र विकल्प ३३
- सशस्त्र द्वन्द्वको मारमा पत्रकार ३५
- मानवअधिकारका लागि माओवादी क्षेत्रमा... ३७
- रोजीरोटी खोस्ने कठोर दण्ड ३९


### नियमित स्तम्भहरू


- यथावत २
- कार्टुन २
- उल्लेख्य ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ६
- आवरण बहस १९
- मानवअधिकार संस्कृति २९
- अधिकार अनुगमन ३१
- स्थलगत ४१
- जिल्ला ४४
- कथा ४७
- कविता ४७
- पुस्तक परिचय ४८
- छायाँछवि ४९
- मानवअधिकार सामान्य ज्ञान ५०
- प्राची वार्ता ५१


**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुघोषराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
प्रकाश ज्ञवाली

**आवरण/ले-आउट**
गोविन्द प्र. त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा, इन्सेक

**रेखाचित्र**
राजेन्द्र डुंगाना

**व्यवस्थापन**
शैलेश शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन - ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेवसाइट : www.insec.org.np

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौ

## यथावत

गतवर्ष मैले उनीहरु (शरणार्थी) त्यहाँ (नेपालमा) अनिश्चित ढंगले बस्ने कुरा हामी स्वीकार्न सक्दैनौं भनेको थिएँ, त्यसपछि शरणार्थी समस्या समाधानका लागि नेपालमा आतुरता विकास भएको हामीले महसुस गरेका छौं। हामीले अझ बढी प्रयत्न गरेर सम्बधित सबै विकल्प खोज्नुपर्छ।

– **रुद लुबर्स**, यूएनएचसीआरका प्रमुख उच्चायुक्त
०६१ असोज १८ गते यूएनएचसीआरको ५५ औं कार्यकारी समितिको बैठकलाई सम्बोधन गर्दै
(नेपाल समाचारपत्र दैनिक, ०६१ असोज २०)

---

हामीले मानवअधिकारको स्थिति सुधार्न नेपाल सरकारलाई आग्रह गरिरहेका छौं। माओवादी हिंसा अन्त्य गर्नका लागि सुरक्षा निकायलाई अमेरिकी सहयोग निरन्तर रहनेछ। नेपालको विग्रँदो मानवअधिकार स्थितिका बारेमा हामीले राजदुत तहबाट समेत कुरा उठाइरहेका छौं।

– **डोनाल्ड ए क्याम्प**, दक्षिण एशिया मामिलासम्बन्धी अमेरिकी उपसहायक विदेशमन्त्री
०६१ असोज २२ गते काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा
(नेपाल समाचारपत्र दैनिक, ०६१ असोज २३)

---

मानवअधिकार दुरुपयोग धेरै दुर्गम ठाउँमा सरकार र माओवादीबाट भएका छन्। तर, दुर्वैथरीले त्यसलाई अस्वीकार गर्छन्। हामीले के भएको छ, प्रष्ट चित्र प्रस्तुत गरेका छौं। अन्तर्राष्ट्रिय समुदाय नेपालको मानवअधिकार दुरुपयोगविरुद्ध एक हुनुपर्छ र तिनले सरकार वा माओवादीलाई सहयोग गर्नेभन्दा पनि नेपाली जनतालाई सहयोग गर्नुपर्छ।

– **पीटर बुकार्ट**, ह्युमन राइट्स वाचका वरिष्ठ अनुसन्धानकर्ता
(कान्तिपुर दैनिक, ०६१ असोज २२)

---

सेनाको प्रयोगवाट विद्रोहीलाई कमजोरचाहिँ बनाउन सकिन्छ तर समस्या समाधानको यो छिटो बाटो होइन। बल प्रयोग गरेपछि विद्रोहीलाई कि मिथ्याउनुपर्‍यो कि त राज्यसत्ता दिनुपर्‍यो। यसकारण समझदारी नै समाधानको बाटो हुनसक्छ।

– **केजी ब्लुमफिल्ड**, नेपालका लागि बेलायती राजदुत
०६१ असोज असोज २४ गते पोखरामा पत्रकारहरुसँगको भेटघाटका क्रममा
(राजधानी दैनिक, ०६१ असोज २५)

## कार्टून

*वार्ताको कुरा भाषणमा मात्र सीमित छ ।*

**बुधबार साप्ताहिक, २० असोज ०६१ मा छापिएको कार्टून**

■ सामुहिक बलात्कार र डकैतीका घटनाहरुले सुनसरी र मोरङ जिल्लामा व्यापक आतंक फैलियो । विशेषतः गरिब र तल्लोभनिने जातिका महिलाहरु बलात्कारको शिकार भए । डकैतीको शैलीमा गरिएका बलात्कारका घटनाहरु त जघन्य छन् नै, त्यसभन्दा बढी जघन्यता देखिन्छ– अबोध बालिकाहरुको बलात्कारपछिको हत्या । आफ्नै आमाको अगाडि छोरीको बलात्कार, पतिलाई बाँधेर उनकै सामु पत्नीको बलात्कार, दाजुको अगाडि बहिनीको बलात्कार जस्ता घटनाहरुले मानवअधिकारको उल्लंघनलाई नयाँ शैलीमा प्रस्तुत गरेका छन् ।

बलात्कार सामान्य सामाजिक अपराधमात्र नभई मानवताविरुद्धको गम्भीर अपराध हो । यस्ता घटनाहरु केवल केही महिलाहरुलाई पीडित बनाउने उदाहरण मात्र नभई सिंगो सामाजिक संरचनालाई नै अझ विकृत बनाउने र महिलाविरुद्धको शोषण र दमनलाई नयाँ उचाई दिन खोज्ने कुकर्म हुन् । महिला अधिकार हननको प्रमुख स्वरुपका रुपमा रहेको बलात्कारले महिलाहरुलाई पीडित बनाउँछ र त्यसमा अरुको सरोकार रहँदैन भन्ने मानसिकताले पनि कतिपय व्यक्तिहरु ग्रस्त भएको पाइन्छ । अर्कातर्फ दण्डहीनताको स्थितिका कारण पीडकहरुले प्रोत्साहन पाएका छन् । जबसम्म दण्डहीनताको अवस्था रहन्छ, तबसम्म यस्ता अपराधहरु भइनै रहन्छन् । पीडकहरुलाई कारवाही गर्नका लागि अहिले प्रहरी, मानवअधिकार संस्थाहरु र नागरिकहरु सबैको संयुक्त प्रयास जरुरी छ । त्यसमा पनि सरकारी निकाय कानुनी अधिकारप्राप्त हुने भएकाले मूलतः उनीहरुले नै जिम्मेवारी वहन गर्नु पर्ने हुन्छ । केवल गैरसरकारी, सामाजिक संस्थाहरुलाई दोष लगाएर वा द्वन्द्वको अवस्थालाई कारणको रुपमा अगाडि सारेर मात्र पन्छिन मिल्दैन ।

■ बितेको एक दशकदेखि मुलुकमा हिंसात्मक द्वन्द्व हुँदै आएको छ । दशहजार भन्दा बढी नागरिकले ज्यान गमाइसकेका छन् । कैयौं अपांग भएका छन् । सयौं बेपत्ता पारिएका छन् । अन्य कैयौं आफ्नो थलो छोडेर विस्थापित हुन बाध्य छन् । तसर्थ, शान्ति स्थापना अहिलेको ज्वलन्त सवाल हो । द्वन्द्वरत पक्षहरुलाई युद्धविरामको आग्रह चौतर्फीरुपमा भइरहेको छ । युद्धविराम, वार्ता र त्यसका माध्यमबाट समस्याको निकास नै शान्ति स्थापनाको मूल प्रकृया हो । वार्ताको टेबुलमा नआउँदासम्म, निकास खोज्छु भन्नुको कुनै औचित्य छैन । चाहना र बाध्यताबीचबाट निकास खोज्नु आजको आवश्यकता हो । दुवै पक्षले आ–आफ्नो हठ नछाड्लान्, तर त्यसो गर्दा जनताको नाममा गरेको बताउन पाइँदैन । जनता शान्ति चाहन्छन् । तसर्थ, शान्ति स्थापना गर्दा जनताको नाम दिइयोस् । अन्यथा, जुनसुकै बहानामा गरिने हिंसा र आतंकले समस्यालाई दीर्घकालीन रोगका रुपमा अझ बल्झाउने छ । जुनसुकै रणनीति अख्तियार गरे पनि अहिलेको शक्ति सन्तुलनमा निषेधले निकास दिँदैन भन्ने तथ्यमा सबैको ध्यान जानु जरुरी छ । गफमा सीमित शान्तिपूर्ण निकासको शुरुवात व्यवहारमा देखिए मात्र जनताले विश्वास गर्ने वातावरण बन्नेछ ।

■ मानवअधिकारको स्थिति बिग्रँदो अवस्थामा रहँदा त्यसप्रति खबरदारी गर्ने मानवअधिकार रक्षकको भूमिका महत्वपूर्ण हुन्छ । तर, जब मानवअधिकार रक्षक स्वयम् पीडित भएपछि कस्तो स्थिति उत्पन्न हुन्छ, सहजै अनुमान गर्न सकिन्छ । अहिले मानवअधिकारकर्मी र पत्रकारहरु द्वन्द्वरत पक्षहरुको दोहोरो मारमा परेका छन् । विज्ञप्ति र पत्रहरुमा जेसुकै लेखिए पनि जाँच्ने कसी व्यवहार नै हो । निर्बाध स्थितिको स्थापना हुन नसकेको अवस्थाले इंगित गरेको यथार्थ बेग्लै छ । दुई बन्दुकको बीचमा निष्पक्षताका साथ काम गर्न र तथ्यलाई जस्ताको तस्तै प्रस्तुत गर्न कठिन हुँदाहुँदै पनि यो कर्तव्यबाट विचलित नहुनु र बन्दुकको बलमा विचार दबाउन प्रत्यन्त गर्नेहरुलाई खबरदारी गर्नु हाम्रो दायित्व हो ।

## उल्लेख्य

अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्लेको बाह्रौं स्मृति दिवस ०६१ साउन १६ गते सम्पन्न। प्रकाश मानवअधिकार पुरस्कार ०६० बाट मानवअधिकारकर्मी टेकनाथ वराल सम्मानित।

दादुराबाट बालबालिकालाई बचाउन ०६१ असोज ५ गतेदेखि दादुराविरुद्ध राष्ट्रिय खोप अभियान शुरु। पहिलो चरणअन्तर्गत असोज ५ गतेदेखि पूर्वाञ्चल र मध्यमाञ्चलका ३५ जिल्लामा अभियान संचालन।

अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा ०६१ असोज ५ गते विभिन्न कार्यक्रमहरुको आयोजना। द्वन्द्वरत दुवै पक्षलाई हत्या-हिंसा त्यागी वार्ताको माध्यमबाट समाधानको निकास खोज्न मानवअधिकारकर्मी, बुद्धिजीवी, कलाकार र सञ्चारकर्मीहरुको आग्रह।

## पाठक-पत्र

**पृष्ठ संख्या बढाइयोस्**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को द्वैमासिक प्रकाशन प्राची संग्रहणीय छ। यसमा मानवअधिकार हननका सवाललाई बढी उठान गर्नुको साटो अलि धेरै सवाललाई छोटकरीमा दिन पाए हामीजस्ता पाठक र देशको मानवअधिकार स्थिति बुझ्न चाहने सबैलाई अति उपयोगी हुनेथियो। 'खोजी शान्तिको बहस संविधानसभाको' लेखले संविधानसभाको निम्ति थप खुराक प्रस्तुत गरेको छ। हिजो २ ४ जनाले मात्रै उठान गरेको संविधानसभा आज ग्रामीणस्तरमा समेत छलफल र चासोको विषय बन्न पुगेको छ। संविधानसभा माओवादीको माग हो भन्ने राजनीतिक दलहरुसमेत आज शान्ति हुन्छ भने संविधानसभामा जाँदा फरक पर्दैन भन्न थालेका छन्। वास्तवमा संविधानसभा माओवादी विद्रोहीको माग नभई प्रजातान्त्रिक परिपाटी चाहने नेपाली जनताको माग हो। संविधानसभाको बारेमा धेरैलाई बुझाउन प्राचीको समेत उल्लेख्य भूमिका रहेको सत्यलाई नकार्न सकिँदैन। मानवअधिकार सामान्यज्ञान स्तम्भलाई नियमित गर्न सके र विश्वका महत्वपूर्ण मानवअधिकारसम्बन्धी घटनाहरुलाई समावेश गर्न सके ज्यादै लोकप्रिय हुनेथियो। नौसयभन्दा बढीको संख्यामा रहेका मानवअधिकार शिक्षा रेडियो श्रोता क्लबका साथीहरुको अनुभवलाई अवचाहिँ छाड्दै-नछाडी समेट्नुपर्ने देखिन्छ। प्राची समयमा पढ्न पाएकोमा खुशी छु। सामग्री थप गर्न पृष्ठ संख्या बढाउँदा राम्रै होला कि !

**भुमराज तिवारी**
अध्यक्ष, रिलेक जिल्ला शाखा, नुवाकोट

**पीडाभित्रको आशा**

लामो यात्रापश्चात् प्राची यहाँसम्म आइपुगेको छ। लामो यस अर्थमा कि यसले धेरै उथलपुथलहरु पार गर्दै आएको छ। शुरुका दिनहरुमा साहित्यको माध्यमबाट प्रगतिशील विषयवस्तुको उठान गर्दै जनतालाई सचेत पार्दै आएको प्राचीले मानवअधिकारका विषयहरुलाई आफ्नो केन्द्रबिन्दु बनाएको छ। जबसम्म आमरुपमा जनता नै अधिकार र दायित्वबारे जानकार हुँदैनन्, तबसम्म मानवअधिकार नारामा मात्र सीमित हुनजान्छ। त्यसैले इन्सेकले मानवअधिकारको मुद्दालाई आम जनतासम्म प्राचीमार्फत् पुऱ्याएर गरेको अतुलनीय योगदान अविस्मरणीय छ। कहिले बालश्रम शोषण त कहिले महिलाविरुद्धका घरेलु हिंसाको विरोधमा तथा मानवअधिकारबारे जनतालाई सचेत बनाउने कुरालाई यसले हरेक अंकमा समावेश गर्दै आएको कुरा सबैको सामू छर्लंग छ।

यसो हेर्दा, पत्रिकाको हरेक पानामा मानवअधिकार हननका पीडा, दुःखका कुरा लेखिएको देख्दा दुःख त लाग्छ नै तथापि जे देखेका छौं, त्यो सत्य हो। सत्यलाई लुकाउन सकिँदैन। गहिरिएर सोच्दा त्यो दुःख र पीडाभित्र असरल्ल आशाहरु छन्। कमसेकम हामीले नी दुःख र पीडाका गोप्य खबर न पाएका छौं। मानवअधिकार हननका पक्षमा हरेकको एक-एक हिस्साब गर्ने मौका पाएका छन्, धेरैले। आज, धेरै समयपछि कुनै बेला मानवअधिकार शब्द उच्चारण गर्न नचाहनेले यसलाई मुख्य मन्त्र बनाएका पनि छन्। जनाततै यसको चर्चा छ। यो आशालाग्दो कुरा होइन र ? प्रगतिपथमा अगाडि बढोस्, प्राची। शुभकामना।

**खेमराज सेढाई**
अध्यक्ष, सिर्जनशील मानवअधिकार रेडियो श्रोता क्लब, वीरेन्द्रनगर-२, चितवन

**पचास अंकको सार पढ्न पाइयो**

प्राचीको स्वर्ण अंक साह्रै संग्रहणीय छ। विभिन्न आरोह-अवरोहबीच पनि प्रगतिका सन्देश दिँदै मानवअधिकारका सम्पूर्ण विषयवस्तुको विश्लेषण गर्दै, आफ्नो ५० औं अंक प्रस्तुत गरेकोमा प्राचीलाई धन्यवाद र उत्तरोत्तर प्रगतिको शुभकामना। यसमा समावेश गरिएका विषयवस्तुमा शाब्दिक चमकका साथै विषयका गाम्भिर्यता पनि छन्। यसबाहेक महिला, दलित र जनजातिका विषयमा प्राचीका सिलसिलाबद्ध अभिलेख हेर्न पाउँदा एकै अंकमा पचासवटा अंकको सार पढ्न पाइयो। प्राचीका सबै अंक आँखा अगाडि उभिए। सुशील-प्रकाशले थालेको प्राचीले मानवअधिकारको सूर्यकिरण अरु फैलाओस्। सुशीलको भनाईजस्तै प्राची प्रकाशनको प्रारम्भमा गरिएको प्रगतिशिलताको प्रतिवद्धता यथार्थमा सधैं झांगियोस्। प्रगतिशील प्राची मानवअधिकार आन्दोलनका योद्धा स्व. प्रकाश काफ्लेको चिनो, प्राचीलाई मेरो पनि सलाम।

**नेत्रहरि दुलाल**
लाम्पानटार, सिन्धुली

# जनतालाई राज्य चलाउन दिनुस्

शुबोधराज प्याकुरेल

हाम्रो देशमा द्वन्द्वको बारेमा दिनहु चर्चा हुनेगर्छ। द्वन्द्वको कुरा गर्दा सुरक्षाफौज र माओवादीबीचको झडपको चर्चा हुन्छ। उनीहरुद्वारा सताइएका, नोक्सानीमा पारिएका घटनाको चर्चा हुन्छ। सबैलाई थाहा छ कि, हिंसात्मक द्वन्द्वको यो बेलामा निर्दोष नागरिकहरु सबभन्दा बढी चपेटामा पर्छन् र नोक्सानी व्यहोर्न बाध्य हुन्छन्। शंकाको भरमा तिनको ज्यान लिइन्छ। युद्धमा सामेल नभएकाहरुले जोगिने उपायबारे सोच्ने कुरा पनि आउँदैन। यसकारण त्यस्ता सर्वसाधारण मानिसहरु आ-आफ्नो कामको क्षेत्रमा वा घर परिवारमा सजिलै भेट्टाइन्छन्। आश्रय लिनेले वा शंका गर्नेले उनीहरुलाई सजिलै भेट्टाउछन्। एउटालाई आश्रय लिन्छ, अर्को पक्षले शंका गर्छ र कारवाही गर्छ।

माओवादीको जनयुद्ध शुरु भएपछि सरकारी सुरक्षा संयन्त्र केवल माओवादी देखाउने काममा मात्र केन्द्रित हुने गरेको छ। अपराधी र सामाजिक अपराध गर्नेहरुले प्रहरीसँग डराउनुपर्ने अवस्था घटेर गएको छ। सीमाना पारीघाट हुलका हुल डाँकाहरु नेपालको दक्षिणी सीमावर्ती गाउहरुमा पस्छन् र लुटपाट मच्चाउछन्। निर्भिकताका साथ लुटपाट मच्चाउँदा पनि हुने अवस्थाको कारण उनीहरु लुटपाट मात्र गर्दैनन्। घरका महिलाहरुलाई बलात्कारसमेत गर्छन्। गाउलेलाई तर्साउन र आफ्नो दम्भ देखाउन आगो लगाउने, भत्काउने काम पनि गर्छन्। सडक पर्सेको टाढामा पनि सुरक्षाका लागि हम्मेसी प्रहरी जादैन। कच्ची सडक र त्यसमाथि कल्भर्ट पार गर्नुपर्ने रहेछ भने विद्युतीय धरापको खतरा हुने कारणले प्रहरी घटनास्थलमा जादैन। समाजका अपराधीहरुको मनोबल यसरी बढेको छ कि पटके बलात्कारी, पटके डाका, पटके चोरहरुको विगविगी बढेको छ।

आफ्नो गाउ वा टोलको सुरक्षा आफै गरौ भनेर सामुहिकरुपमा सगठित हुनेहरु पनि खतरामा छन्। उनीहरुले स्थानीय माओवादीको सहमति लिएर गाउ सुरक्षामा लागेका रहेछन् भने सुरक्षाफौज सशंकित हुन्छ र सुरक्षाफौजको सहमति लिएका रहेछन् भने माओवादी सशंकित हुन्छन्। सुरक्षाफौज र माओवादी दुवै एक-अर्कालाई सशरीर समाप्त पार्ने अभियानमा लागेकाले यस्तो संगठित जमातलाई आफ्नो पक्षमा पार्न उनीहरु भरमगदुर प्रयास गर्छन्। सामान्य हातहतियार दिने प्रस्ताव गर्छन्। आफ्ना दुश्मनको विरुद्ध कुरा गर्छन्। र, साथ नदिए ठुलो जोखिम हुनसक्ने डर, धाक पनि दिन्छन्।

अदालतमा प्रमाण जुटाउन समस्या छ। पोष्टमार्टम त परको कुरा भयो, घाउ, खत जाच गर्ने डाक्टर पाइन्न। गाउघरमा यस्ता अनेकन् समस्या विद्यमान छन्।

माओवादी र राज्य दुवैले सिद्धान्तमा जनताको, कानूनको, न्यायको कुरा गर्छन्। तर, दुवैको व्यवहार हेर्दा राज्यको काम जनताको संरक्षण गर्ने हो भन्ने कुरा उनीहरुले नबुझेको मात्र होइन, नबुझेको छन् भन्ने कुरा छलेंग देखा पाइन्छ। जबर्जस्ती गरेर, आतंकित पारेर जनता मनिर छ भनेर छाक लगाउने काममा दुवै पोख्त छन्। शान्तिपूर्वक निष्पक्ष, स्वच्छ र गुप्त मतदान गर्ने मौका जनतालाई दिन दुवै पक्ष तयार होउन्, अनि आफूलाई जाचुन्। राज्य चुनाव गराउन सक्ने अवस्थामा छैन। माओवादी चुनावमा आफ्ना उम्मेदवार हारे भने, "यो एकपटकलाई जनतालाई माफी दिएं" भन्छ। जनताभन्दा माथि कोही हुदैन र निर्वाचनको परिणाम स्वीकार्ने नै लोकतन्त्रको सार हो भन्ने कुरा माओवादी आफैले गराएको जनसरकारको निर्वाचनमा समेत मान्न कु तयार छैन।

अहिले अशान्ति छ। युद्ध छ। मानिस मारिएका छन्। बेपत्ता पारिएका छन्। यस्ता समस्याका बारेमा धेरै चर्चा छ। यी चर्चाले यस्तो कर्म गर्नेलाई छोएको छ कि छैन ? यस्तो कर्म गर्नेहरु यस्ता घटनाप्रति गर्व गर्छन्। उनीहरुका लागि जनतालाई तर्साउन, देखाउन र मानसिकरुपमा अपाग बनाउन नै विजय हो। स्वतन्त्र, स्वाभिमानी, ज्ञानी र विवेकी जनता उनीहरुलाई चाहिएकै छैन। त्यसैले बिर्मति राख्नेलाई यो मुलुकमा बाच्ने अधिकार पनि छैन। उनीहरुले आफ्नो विजयको सपना न देखेका छन् तर विजय घोषणा गरेकै दिनदेखि भोग्न्, झेल्नुपर्ने समस्याको बारेमा चिन्तन गरेका छैनन्।

मनोरोगीहरुको भीड यो देशमा थुप्रिएको छ। बदलाको भावना मनमा लिएर मौका कुर्ने बसेकाहरुको जमात तयार भएको छ। यो वा त्यो पक्षको आड लिएर मनपरी गर्नेहरुका कारण जनता मुर्मुरिएर बसेका छन्। सबिधा र आवश्यकता मात्र होइन, मानवीय संवेदनाका लागि आवश्यक पर्ने सामाजिक संरचनासमेत खलबलिएको छ।

यी सबै समस्याको निदान त सम्भव छदैछैन। गरिएका हत्या र कुकर्मको भर्पाइ हुने सक्दैन। यसकारण राज्यका संचालक र विद्रोहीहरुले चाल्नुपर्ने उपचारको उपाय एउटा मात्रै यही छ। त्यो हो- राज्य उनीहरु हटुन्। गाउ जनताको हो। गाउलेलाई गाउ चलाउन दिइयोस्। राज्य वा माओवादी दुवैले जनतालाई सहयोग मात्र गरुन्। हरेक गाउ एउटा राज्यसरह नै चल्छ भने चलोस्। जबसम्म जनताउपर राज्य गर्ने चाहना राखेर सरकार र माओवादीले हस्तक्षेप जारी राख्छन्, तबसम्म समस्याको समाधानमा अगाडि बढ्न सकिदैन।

देशका नागरिक समाज, सरकार, पार्टी, माओवादी सबै आफ्ना सन्देश बोकेर गाउ-गाउ जाउन्। जनतालाई आफ्नो अनरोध गरुन। जनताले मागेअनसारको सहयोग गरुन्। यसरी मात्र सिगो देशले सांचो अभिभावक, मार्गदर्शक एवम् चेतना पाउछ र दीर्घकालीन शान्तितर्फ मलुक अगाडि बढ्छ। जनता हिंसाको विरोध गर्छन् र आफुउपरको न्याय अन्याय सट्याएर दधको दध पानीको पानी फैसला पनि गर्छन्। के जनताको क्षमतामाथि विश्वस्त हुन यो मलुकका राजनीतिज्ञ, माओवादी र सरकार तयार छन् ?

अवतरण

# दुई ढुंगाको चेपुवामा

कुन्दन अर्याल

युद्धरत दुवै पक्षप्रति असहमत शान्तिकामी जनता दुई ढुंगाको चेपुवामा परेका छन्। एकथरीको नारा छ, समाजको आमूल रुपान्तरण वा नयाँ सत्ताको स्थापना। अर्कोको घोषणा छ, आतंकवादको अन्त्य। दुवैको युद्धउन्मादका कारण आठ वर्षको अवधिमा दश हजार र चार सय मानिसको ज्यान गइसकेको छ। ह्युमन राइट्स वाचका अनुसार, तीमध्ये अधिकांश देशको सबभन्दा उत्पीडित समुदायका सर्वसाधारणहरु नै छन्। ग्रामीण इलाकाका गरिब, दलित र आदिवासी। सुरक्षाफौज वा माओवादी दुवै पक्षबाट सबभन्दा बढी क्षति यिनीहरुकै भएको छ।

दुवै पक्षको हतियारबाट निरपेक्ष रहन चाहने सर्वसाधारण पीडित भइरहेका छन्। दुवैपक्ष मानवअधिकार र मानवीय कानुनको पालनाको कुरा गर्दछन्। तर, निहत्था जनता हत्या, स्वेच्छाचारी गिरफ्तारी, अपहरणजस्ता मानवअधिकार विरोधी क्रियाकलापको शिकार भइरहेकै छन्। नेपालले सन् १९६८ मै मानवीय कानुनसम्बन्धी जेनेभा महासन्धिमा हस्ताक्षर गरिसकेको हो। त्यसैअनुसार, राज्यपक्षले मानवअधिकार र मानवीय कानुनहरुप्रतिको प्रतिबद्धता पटक-पटक दोहोऱ्याउँदै आएको छ। विद्रोही पक्षले देशको संविधान, कानुन नमान्ने घोषणा गरेको छ। तर त्यस पक्षले पनि मानवअधिकारहरुसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र मानवीय कानुनको भने पालना गर्ने प्रतिबद्धता पटक-पटक प्रकट गर्दै आएको छ। तर दुःखको कुरा के छ भने, दुवै पक्षको प्रतिबद्धता व्यवहारको धरातलमा भने अनेकनचोंटि तोडिएको देखिएका छन्। हतियारधारी दुवै पक्ष अत्यन्त गैरजिम्मेवार देखिएका छन्। दुवै पक्षलाई युद्धका नियमको पालना वा मानवताको सम्मान गराउन जनता स्वयम् अग्रसर हुन जरुरी छ। जनता जति सहन्छन् युद्धरत पक्षहरु उति ज्यादति मच्चाउन थाल्छन्। इतिहासमा अन्यत्र वा हामीकहाँ पनि यस्तै देखिएको छ।

सन् १९९६ यताको कुरा गर्ने हो भने इन्सेकको अभिलेखअनुसार, हिंसा-प्रतिहिंसाका कारण प्रतिदिन तीन जनाभन्दा बढी नेपालीको ज्यान गइरहेको छ। यस अवधिमा हिंसात्मक द्वन्द्वको अन्त्यका निम्ति प्रयासहरु नभएका होइनन्। तर, अहिलेसम्म भएका सरकार र माओवादीबीचको वार्तामा आवश्यक गाम्भिर्यता नदेखिएको ठहर सबैले गर्दै नै आएका छन्। अझै प्रभावकारीरुपमा शान्ति प्रक्रियाको थालनी हुन सकेको छैन। यस परिवेशमा युद्धलाई अझ बढी अमानवीय हुन नदिन मानवअधिकार अभियान अझ सशक्त हुन आवश्यक छ। किनकी शान्तिकामी नेपालीको मनोबल उठाउन मानवअधिकार अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

यस वर्ष अप्रिल ९ का दिन विमोचित मानवअधिकार वर्ष पुस्तक सन् २००४ मा नेपालमा आन्तरिक विस्थापितहरुको संख्या ३८ हजार १ सय ९१ उल्लेख गरिएको थियो। तर, यसबीच नेपालका नदीनालामा अझ धेरै पानी बगिसकेको छ। यो धर्तिमा नेपालीको अझ बढी रगत बगिसकेको छ। अवस्था अझ विकराल बनिसकेको छ। ग्लोबल आईडीपी प्रोजेक्ट नामक एक अन्तर्राष्ट्रिय संस्थाले भर्खरै प्रकाशित गरेको प्रतिवेदन अनुसार नेपालमा हिंसात्मक द्वन्द्वका कारण दई लाख सर्वसाधारण आफ्नै देशभित्रको थलोबाट विस्थापित भइसकेका छन्।

एमनेष्टी इन्टरनेशनलले यही वर्ष जनाउको घण्टी बजायो, नेपाल मानिस बेपत्ता पार्नेहरुको सूचीमा अग्रपंक्तिमा परेको छ। संयुक्त राष्ट्रसंघका आठजना समाधिकारहरुले यही वर्षका सातौं महिनामा यहाँको मानवअधिकार अवस्थाका सम्बन्धमा गम्भीर चासो दर्शाए। वर्षको शुरुवातदेखि त्यस बेलासम्म उनीहरुले डेढ सयबटा घटनाका सम्बन्धमा सरकारसग सोधिसकेका थिए। सरकारले यस वर्ष पनि कैयन् पटक मानवअधिकारसम्बन्धी प्रतिबद्धता दोहोऱ्यायो तर सुरक्षा संयन्त्र अझै पनि युद्धमा सबथोक जायज हुन्छ भन्ने पुरानै मानसिकताबाट ग्रस्त देखिन्छ।

राज्यपक्षद्वारा बेपत्ता पारिएका नागरिकहरुको स्थिति सार्वजनिक गर्नेक्रममा सन् २००४ को १२ अक्टोबरका दिन सरकारले थप १ सय २३ जनाको अवस्था सार्वजनिक गऱ्यो। यो स्वागतयोग्य कार्य हो। राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरुका सम्बन्धमा छानविन गरी उनीहरुको स्थिति पत्ता लगाउन गठित छानविन समितिले यसअघि दुई चरणमा क्रमशः २४ र ५४ जना गरी ७८ जनाको स्थिति सार्वजनिक गरिसकेको थियो। यति बेलासम्म कूल २ सय ४ जनाको अवस्था सार्वजनिक भएको छ। तर, बेपत्ता पारिएका सयौं नागरिकहरुको अवस्था अझै अज्ञात छ।

इन्सेकको अभिलेखअनुसार, राज्यद्वारा विभिन्न समयमा बेपत्ता पारिएका नागरिकहरुको संख्या करिब एक हजार पुगिसकेको छ। तमर्थ, बेपत्ता पारिएका सम्पूर्ण व्यक्तिको स्थिति सार्वजनिक भएको छैन। सरकारसमक्ष जोड दिएर उठाउनैपर्ने अर्को कुरा के छ भने, आगामी दिनहरुमा पनि सुरक्षा फौजद्वारा मानिस बेपत्ता नपारिउन् भन्ने विषयमा विशेष जोड दिनै पर्दछ। प्रत्येक जिल्ला र केन्द्रमा समेत पकाउ परेका मानिसको सूची राख्ने व्यवस्था मिलाइयो भने यो समस्याको अन्त्य हुनसक्छ। सरकारले यसतर्फ ध्यान दिनु जरुरी छ।

हरेक दिन निर्दोष सर्वसाधारण मारिएका छन्। कैयन् मानिस बेपत्ता पारिएका छन्। सबसाधारण मानसिक र शारीरिक यातनाको शिकार भएका छन्। युद्धको कुनै पक्षमा नलागेका युद्धविरोधी जनमतलाई कमजोर बनाउने दुष्प्रयासमा दुवै पक्षको राजबकी तादात्म्यता देखिन्छ।

देशको यही विषम परिस्थितिमा शान्तिका निम्ति मानवअधिकार अभियानलाई अझ उचाइका साथ अघि बढाउन जरुरी छ। युद्धरत दुवै पक्षलाई उनीहरुको प्रतिबद्धतास्मरण जवाफदेही बनाउनैपर्छ। त्यसका निम्ति जनता नै अग्रसर हुनुपर्छ। युद्धविरोधी जनमतको सम्वर्द्धन जनता स्वयंको अग्रसरतामाथि मात्र सभव छ। जनताको त्यस्तो सचेत अग्रसरताका निम्ति मानवअधिकार कार्यकर्ताहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्। मानवअधिकारकर्मीहरुले तत्काले युद्ध रोक्न सक्दैनन्। यो हामीले तत्काले गर्नसक्ने काम होइन। तर हामीले युद्धरत पक्षहरुलाई अझ बढी अमानवीय बन्नबाट अवश्य जोगाउन सक्नेछौं। हामीले उनीहरुलाई जवाफदेही बनाउने प्रयास जारी राख्नैपर्छ। त्यसैले गर्दिनेर हाम्रो सम्पूर्ण प्रयास जनतालाई कसरी दई चट्टानको चेपबाटबाट जोगाउने भन्ने विषयमै केन्द्रीत हुनुपर्दछ।

# सामुहिक बलात्कारको धारावाहिक श्रृंखला

"मेरो लोग्नेलाई बाँधेर खेतमा पुऱ्याए, मलाई पेस्तोल देखाएर हल्ला नगर्न भनी खेतमा पुऱ्याएर १०-१२ जनाले जबर्जस्ती गरे । मेरो पतिलाई मुखमा पट्टी बाँधेर सिसौको रुखमा बाँधे । मैले प्रतिकार गरेपछि मुक्का र लाठीले समेत हाने । म बेहोस भएपछि मरि भनेर भागेछन् ।"



■ राम कोइराला

## नेपालमा बलात्कारपछि हत्या, बलात्कार र बलात्कार प्रयासका घटनामा पीडित




मानवअधिकार वर्ष पुस्तक, इन्सेक

"राति ११ बजेतिर आएको नकाबधारी समूहले ढोका फोरेर भित्र पसी मलाई घाँटीमा चक्कु तेर्स्याएर जवर्जस्ती गर्न थाल्यो। ५ ६ जना ममाथि जाइलागेपछि सुतिरहेकी छोरीलाई ग्वालीमा लगेर सिरकमाथि सुताएर त्यस्तो काम गरे" भादगाउँ सिनवारी गाविस वडा नं. ८ वस्ने चौधरी थरकी महिलाले वताइन्। ०६१ साउन २६ गते राति आमा-छोरी दुवैजनालाई सामुहिक वलात्कार गरेपछि छोरी अर्धमृत अवस्थामा पुगिन् भने आमा अर्धमुर्छित। गाउँभन्दा छुट्टै नहरको डिलछेउमा कर्कटपाताले छाएको फूसको टाटी भएको भुइँ घरमा १२ वर्षकी छोरी र ३५ वर्षकी आमालाई एक दर्जनको संख्यामा आएका नरपशुहरुले पालैपालो बलात्कारको शिकार बनाए पनि रातको स्तब्धतालाई चिरेर निस्केको उनीहरुको चित्कार र आक्रोश कसैले सुन्न सकेन। विहान ५ वजे छोरीको विभत्स नांगो शरीर र वगिरहेको रगत हेर्न नसकी हार-गुहार गरेपछि छिमेकीको मद्दतमा उनीहरुको उद्धार गरिएको थियो।

वाँतरहरुको सुकुम्वासी वस्तीमा लोग्नेमान्छेले श्रम वेचेर आफू र लालावालाको चारो जोहो गर्न वाहिर गएको अवस्थामा गाउँकै युवाहरुले दुधेनानीका आमाहरुलाई सामुहिक वलात्कार गरे। चाँदवेलाको सो घटना ०६० फागुन ११ गते रातिको हो। "कसैलाई भनेमा र हल्ला गरेमा गाउँका सवैलाई मारिदिन्छौं भन्दै हतियार देखाए, सानो नानी दुध चुसिरहेको थियो। वेलुका भोकै सुतेकाले निद्रा लागेको थिएन। राति १० वजे मुखमा पट्टी वाँधेर ४-५ जना केटा आएर पहिला मलाई वलात्कार गरे, त्यसपछि मेरो छिमेकीलाई" ३५ वर्षीय सरदार थरकी पीडितले गहभरी आँसु पार्दै भनिन्।"

"मेरो लोग्नेलाई वाँधेर खेतमा पुऱ्याए, मलाई पेस्तोल देखाएर हल्ला नगर्न भनी खेतमा पुऱ्याएर १०-१२ जनाले जवर्जस्ती गरे। मेरो पतिलाई मुखमा पट्टी वाँधेर सिसौको रुखमा वाँधे। मैले प्रतिकार गरेपछि मुक्का र लाठीले समेत हाने। म वेहोस भएपछि मरि भनेर भागेछन्" मधुवन गाविस वडा नं. ५ की २५ वर्षीय पीडित महिलाले भनिन्। ०६१ जेठ २२ गते राति भएको सो घटनाले गाउँ आतंकित वन्यो।

यस जिल्लामा भएका श्रृंखलावद्ध सामुहिक वलात्कारका घटनाले सिंगो जिल्ला त्रसित छ। यस्ता घटना भने वढिरहेका छन्। यही सिलसिलामा प्रकाशपुरको एक घरमा ०६० मंसिर ९ गते राति भारतीय जस्ता लाग्ने डाँकाहरुको एक समूहले लुटपाट गर्नुका साथै त्यस घरकी ३५ वर्षीय महिलालाई सामुहिक वलात्कार गरे। तर, उक्त घटना सार्वजनिक भएन। "इज्जत" का खातिर घटना सार्वजनिक नगरेको पीडितले वताए।

जल्पापुर गाविस वडा नं. ३ का एक व्यक्तिको घरमा ०६० साउन १९ गते राति १२-१३ जनाको हतियारधारी समूहले ४१ हजार नगद, ७ तोला सुन, ५० तोला चाँदी लुटनुका साथै १२ वर्षीय छोरीलाई वलात्कार गरे। गाउँकै स्कूलमा पढ्ने आफ्नी छोरीको उपचारमा २ लाख रुपैयाँ खर्च गरे पनि अझैसम्म समूहमा नव्रस्ने, राति सुत्न डराउने र हाँसो-खुशीमा नलाग्ने स्वभाव देखिएको छ। छोरीको यस्तो अवस्थाका कारण वावु निकै चिन्तित छिन्। उनलाई गाउँको स्कूलवाट छुटाएर अन्यत्र भर्ना गरेको पीडितका परिवारहरु वताउँछन्।

"मेरी छोरीलाई अपराधीहरुले इज्जत लुटेर चित्त नवुझी हत्या गरे" डुम्राहा घटनामा वलात्कारपछि हत्या गरिएकी पुनमकुमारी साहकी आमा भन्छिन्। ०६० फागुन २४ गते वाखा हेर्न गएको अवस्थामा त्यही गाउँका २-३ जनाले वलात्कार गरेर, पोल खुल्ने डरले हत्या गरेका थिए। त्यही गाउँमा अवस्थित विद्यालयमा कक्षा ६ मा अध्ययरत १३ वर्षीय पुनमकी आमाको मानसिक अवस्था समेत घटनाका कारण हालसम्म सन्तुलित हुन नसकेको वताउँछन्, स्थानीय सुकदेव चौधरी।

# सुनसरीका घटनाको वस्तुस्थिति र त्यसपछिको अवस्था

सुनसरी जिल्लामा श्रृंखलाबद्धरुपमा भएका सामुहिक बलात्कार र डकैतीका घटनाले महिलाउपर हुने अमानवीय र निन्दनीय दुर्व्यवहारका घटनाहरुमा महिला र बालिकाहरु पीडित भएका छन्। यस्ता घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ र आवश्यक कानुनी कारवाही गर्नेतर्फ प्रहरी प्रशासनले आशातित सफलता पाएको छैन।

०६० मंसिरदेखि ०६१ भदौसम्म मात्र सुनसरी जिल्लामा सामुहिक बलात्कारका १३ वटा घटना भएका छन्, जसमा १६ जना प्रत्यक्ष पीडित भए। तीमध्ये ८ जना बालिका १६ वर्षभन्दा कम उमेरका छन् भने ८ जना १६ वर्षभन्दामाथि ४० वर्षसम्मका छन्। १६ जनामध्ये ३ जना बालिकाको सामुहिक बलात्कारपछि हत्यासमेत भएको छ।

सुनसरीको सदरमुकाम इनरुवा नगरपालिकाको वडा नं. ६ मा घटना भएको स्थान वरपर करिब ६०-६५ घर रहेका छन्, त्यसमध्ये मुसहर जातिका ३७ घर-परिवार छन्। इनरुवाकै सेरोफेरोमा सामुहिक बलात्कारका घटनाहरु भएका छन्, जसमा डुम्राहा गाविस वडा नं. २ इनरुवादेखि ८ किलोमिटर उत्तरमा रहेको छ। त्यसैगरी चांदबेला गाविस इनरुवादेखि ९-१० किलोमिटर पश्चिमा छ। अल्पापर गाविस इनरुवादेखि ७-८ किलोमिटर दक्षिणमा छ। भासी गाविस सदरमकामदेखि ८-९ किलोमिटर उत्तरमा छ। इटहरी सुरक्षाको दृष्टिकोणले अत्यन्त सुरक्षित र सुरक्षाको पहुच भएको स्थान मानिन्छ।

बलात्कारका घटना त्यस्ता समुदाय र वस्तीमा भएका छन्, जहांका जनता अत्यन्त विपन्नता, गरिबी र विभेदको मारमा परेका छन्। घटनाका पीडित ९५ प्रतिशत दलित र विपन्न वर्गका छन्। मुसहर, झागड र बांतर जातिको घरमा डकैती गर्ने भनेर मानिस आएको कुराले जो कसैलाई अचम्मित र आश्चर्यचकित बनाउछ। जुन वर्ग विहान अरुको काम गरेर काम लगाउनेकै घरमा एक छाक खान्छन् र बेलुका श्रम गरेर पाएको ज्यालाबापत आफ्ना परिवारको हातमुख जोड्ने सामान जुटाउछन्, त्यस्ता श्रमजीवी जनताको घरमा धनमाल लुट्नका लागि भनेर निश्चय पनि अपराधीहरु आएका होइनन् भन्ने कुरामा दुईमत छैन।

पतिको साम पत्नी, छोराको अगाडि आमा, दिदीको अगाडि बहिनी, बाबु र दाजुका अगाडि चेली बलात्कृत हुन् परेको छ। कतिपयको त सामुहिक बलात्कारपछि हत्यासमेत भएको छ। यस्ता अमानवीय र निकृष्ट घटनाबाट सिंगै गाउका महिला र बालिकाहरु त्रसित छन्। गाउका कतिपय मानिसहरु रातको समयमा त्यसै झस्किने, निद्रामा बर्बराउने, निद्रा नलाग्ने, कोही सामुहिकरुपमा आवतजावत गरेको धाहा पाएमा घरभित्र ढोका थुनेर बस्ने गरेको पाइएको छ।

सबै ठाउँका घटनामा पीडित परिवारले पीडकहरु घरमा आउँदा "हामी सुरक्षाकर्मी हौं। ढोका खोल, तिमीहरुसँग केही काम छ, सोधपुछ गर्नुछ" भनेको पीडितहरु बताउँछन्। पीडितहरुका अनुसार, पीडकहरुले ठेट नेपाली भाषाको प्रयोग गरेका थिए। अधिकांशको उमेर समूह १३ देखि ३० वर्षसम्म थियो। घटनामा पीडकहरुले पीडित परिवारसँग घटनाबारे कहिंकतै बताए वा उजुर-बाजुर गरे ज्यानमारें धम्कीसमेत दिएको र "भोलि हामी ५ देखि १० हजार रुपैयासम्म लिन आउँछौ, ठीक पारी राख्नु" समेत भनेको पीडितहरुले बताए। प्रहरीकहाँ उजुर गर्न जांदा प्रायः सबै पीडितका परिवारले प्रहरी-प्रशासनबाट सकारात्मक सहयोग नपाएको गुनासो गरेका छन्। डुम्राहा गाविस वडा नं. ९ को घटनामा त स्वयम् प्रहरी सहायक निरीक्षक गणेर पीडित र पीडकबीच भएको मिलापत्रको कागजसमेत लिएर आएको आफन्तहरु बताउछन्। १३ वटा घटनामध्ये हालसम्म जम्मा ३ वटा घटनाका अपराधीलाई मात्र पहरीद्वारा कारवाही भएको पाइयो।

कतिपय पीडित परिवार त्रासको कारणले घटनापश्चात् आफ्नो घरबास छाडी अन्यत्र विस्थापितसमेत भएका छन्। जसमध्ये, इनरुवा नपा वडा नं. ६ का २६ परिवार मुसहर सोही वडाकै सुनसरी खोलाको शवदहन गर्ने किनारनजिक बसाइ सरेका छन्। उनीहरुका ५७ जना बालबालिका विद्यालय जान छाडेका छन्। चांदबेला गाविसका सतार, बांतर जातिका ८ घर-परिवार साविकको स्थान छाडी २ घर चांदबेला गाविस-२ मा सरेका छन्। त्यसैगरी ३ घर खनार गाविसको नहरको डिलमा, २ घर डुम्राहा गाविसमा र १ घर औराबनी गाविसमा सरेका छन्। मधुवनको घटनाका पीडित परिवारहरु इनरुवा सदरमुकाममा डेरा गरी बस्न थालेका छन्। भासी गाविसको पीडित परिवार सोही गाविसको वडा नं. ८ बाट ९ मा आफन्तको घरमा शरण लिन पुगेका छन्। इटहरी नपा-६ की पीडित बालिका घटनापश्चात् विद्यालय जान छाडेकी छिन्। उनी घटना भएको दिनदेखि नै आफ्ना बाबुआमासंग नजिकै काकाको घरमा बस्न थालेकी छिन्।

● *पोषराज अधिकारी*

०६१ जेठ ७ गते इटहरी नगरपालिका वडा नं. ६ मा आमा-बाबुको सामुन्ने १२ वर्षीय बालिकालाई हतियार देखाएर सामूहिक बलात्कार गरियो। पीडितलाई जति उपचार गरे पनि मानसिक रुपमा स्वस्थ छैनन्। एकान्त मन पराउने, मर्छु होला भन्दै कहालिने, राति नसुत्ने र स्कूल जान छाडेकीले आफन्तको घर पठाइएको बाबुले भावविह्वल हुदै बताए। गरिबीका कारण आसाम गएका र त्यहा पनि वस्न नसकेपछि एक वर्षअघि इटहरी आएका पीडित परिवार बसाई सर्ने तयारीमा छन्। ५ जनाको संख्यामा आएका नकाबधारीले पालैपालो बलात्कार गरेर फरार भएपनि हालसम्म कुनै खोजी कार्य भएको छैन।

इटहरी नपा वडा नं. ५ की ९ वर्षीय एक बालिकालाई ०६० पुस २४ गते वागसिंह राईले बलात्कार गरे। पीडित पक्षले किटानी जाहेरी दिदासमेत कारवाही भएन। इलाका प्रहरी कार्यालयका इन्चार्ज इन्स्पेक्टर प्रवीण पोखेलले पीडकको आर्थिक पक्षलाभनमा परेर म्याद गजारिदिएको पीडित पक्षको आरोप छ। स्मरणीय छ, बलात्कारजस्तो संवेदनशील विषयमा पनि ३५ दिने हदम्याद लाग्छ। इन्स्पेक्टर पोखेलले २ लाख रुपैया खाएर म्याद गजारी मुद्दा नचलाएको आरोप लगाउछन्, सामाजिक कार्यकर्ता राजेन्द्र पोखरेल।

प्रहरी उपरीक्षक श्यामबहादर खड्काका अनुसार, इन्स्पेक्टर पोखेलले गल्ती गरेको थाहाएकाले उनलाई विभागीय कारवाही गरी पीडक राईलाई सार्वजनिक अपराध ऐनअन्तर्गत विराटनगर कारागारमा थुनिएको छ।

इनरुवा नपा वडा नं. ५ मै ०६१ जेठ ४ गते सामूहिक बलात्कारको घटना भयो। ८ र १३ वर्षीय दई दिदी-बहिनीलाई १२ जना नकाबधारीहरुको समूहले बलात्कार गर्‍यो। पीडितका बाबुका अनुसार, घरमा पसेर परिवारका सबैलाई कर्टपिट गरि घाइते बनाएर आमाको सामन्तेमा दबैलाई बलात्कार गरे। दबैजनाको शारीरिक र मानसिक अवस्था कमजोर रहेको करा स्थलगत भ्रमणमा आएका मानवअधिकारकर्मीहरुको टोलीले ठहर गरेको थियो। उनीहरुलाई सोही टोलीले उपचारार्थ काठमाडौ लगेर ठुलो रुप लगाएको पीडितहरुकी आमा बताउछिन्।

०६१ जेठ २२ गते डुम्राहा गाविस वडा नं. ९ बंकलवामा २५ वर्षीय उराव थरकी युवतीलाई सोही ठाउका भुपाल मण्डलले गायत् चार जनाले रक्सी सेवन गरेर बलात्कार गरे। बाबु-आमा नभएकी पीडित दिदी भिनाजुको घरमा आश्रय पाएर बसेकी र सिंगो परिवार बनिबुतो गरेर गुजारा चलाउने भएकाले पीडकलाई कारवाही गराउनेतर्फ पहुंच भएन। पीडक गाउँको धनीमानी भएकाले, समाजमै मिलापत्र गरी पीडकलाई माफी मगाएर, पीडितलाई पाँचसय रुपैया दिलाएर घटना सामसुम पारियो।

०६१ जेठ ४ गतेकै दिन इनरुवा नपा-६ की १५ वर्षीय सीता सदालाई ६ जनाको समूहले अपहरण गरी २ दिनसम्म आफ्नो कब्जामा लिएर बलात्कारपश्चात् हत्या गरे। उनको लास पोखरीमा फयाकिएको अवस्थामा फेला पर्‍यो। सदरमकाम र प्रहरीको कार्यालयभन्दा ५ सय मिटरजति मात्र टाढा भएको घटनास्थलमा प्रहरी परेन। एकै रातमा दिदी-बहिनीको सामूहिक बलात्कार र लटपाट हुनका साथै सीता सदाको घरमा लटपाट, अपहरण र बलात्कारको खबर तत्काले प्रहरीलाई गरिए पनि घटनास्थलमा नगएका कारण पीडकहरुले १ १ घण्टासम्म ताण्डव नत्य मच्चाएर सहजरुपमा भारत सफल भए। हालसम्म दवै घटनाका दोषीलाई प्रहरीले कारवाही चलाउन सकेको छैन।

भरौल गाविस वडा नं. ८ धनपुरी वस्ने २६ वर्षीय एक दलित महिलालाई ०६१ भदौ ८ गते सोही गाविसको वडा नं. २ वस्ने रामेश्वर मुसहर, ब्रलाह मुसहर, बण्ठा मुसहरलगायत् ४ जनाले पतिलाई छुरी देखाएर पालैपालो बलात्कार गरे। पीडितले किटानी जाहेरी दिए पनि पीडकलाई पक्रेर कारवाही चलाइएको छैन। दिउसो घरमा नवस्ने र राति जान सरक्षाको दृष्टिले जोखिमपूर्ण रहेकाले अभियुक्तलाई पकाउ गर्न नसकेको प्रहरीहरु बताउछन्।

हरिनगरा गाविस वडा नं. ४ की १६ वर्षीय रामवतीकुमारी ठाकुरको ०६१ भदौ २३ गते बलात्कारपश्चात् हत्या गरियो। पीडकको पहिचान नभएकाले पकाउ गर्न नसकेको प्रहरीको भनाई छ। "खोजी र अनुसन्धान जारी छ", प्रहरी दावी गर्छन्।

मतकका वृद्ध बाबु जोगिन्दर ठाकुर भन्छन- "घरबाट सौच गर्न भनी बिहान ७ बजे निक्लेपनि नआएपछि दिनभर खोजी गरेर थाक्यौं। भोलिपल्ट १० बजेतिर घर नजिकै पटुवाबारीमा मृत अवस्थामा नांगो लास फेला परेको थियो।" दुई बुढाबुढीको एक्लो सहारा रहेकी रामवतीले अर्काको घरमा श्रम गरी आफू र बाबु-आमालाई पालेकी थिइन्। मुखमा कपडा कोचेको, स्तनमा टोकेको र गुप्तांगबाट बाक्लो सेतो पदार्थ निक्लेर शरिरभरी झिंगा भन्केको अवस्थामा रहेको लासको प्रकृतिले सामूहिक बलात्कार गरी हत्या हनसकने अनुमान गर्न सकिन्छ। यस घटनालाई प्रहरीले कर्तव्य ज्यान भनेको छ।

**प्रहरी आफै बलात्कारी !**

घरको र आमा बाबुको ठेगान नभएकी १४ वर्षीय एक पासवान थरकी बालिकालाई अमाही वेला गाविस वडा नं. १ घर भएका चटपटी व्यापारी नारायण साहले विराटनगरबाट फकाएर ल्याई ०६१ साउन २१ गते बलात्कार गरे। त्यसपछि उनलाई खेतमा छाडी साह भागेपछि गाउलेले पीडितको उद्धार गरे र इलाका प्रहरी कार्यालय, देवानगन्जमा बझाए। तर,

**अधिराज्यभरि प्रहरीमा दर्ता भएका घटना**

| वर्ष | बलात्कार | बलात्कार प्रयास |
|---|---|---|
| ०५५-५६ | १४१ | १८ |
| ०५६-५७ | १८६ | ११ |
| ०५७-५८ | १२२ | ३५ |
| ०५८-५९ | १३० | १९ |
| ०५९-६० | १५७ | १८ |
| ०६०-६१ | १५५ | १८ |

**स्रोत:** *नेपाल प्रहरी, महिला सेल*

त्यहाँसमेत उनको सुरक्षा हुन सकेन। रक्षक नै भक्षक भए पछि कसको के लाग्छ ? थानाका असई सानुबाबु राजवंशीले साउन २३ गते सोधपुछ कोठामा लगि २ पटक बलात्कार गरे। "सत्य सेवा सुरक्षणम्" को छहारीमुनि अबोध बालिकाको अस्मिता लुटियो। पीडक साहलाई कारवाही गरे पनि प्रहरीकै सहयोगमा पीडक राजवंशी भागन सफल भएको एक पत्रकारले बताए। प्रहरी उपरीक्षक श्यामबहादर खडका भने आरोपित राजवंशीलाई निलम्बन गरी मुद्दा दर्ता गरेको भए पनि हाल कहा छन् भन्ने कुरा थाहा नभएकाले पक्राउ गर्न नसकिएको बताउँछन्।

### रेस्टुरेण्टमा बलात्कार

०६१ भदौ २३ गते इटहरी छेउ हांसपोमा गाविस वडा नं. ३ मा रहेको क्यान्टल क्याविन रेस्टुरेण्टमा रौतहट जिल्ला घर भएकी मगर थरकी ३५ वर्षीय महिलालाई टिम्बर कर्पोरेशनका कर्मचारी इटहरी नपा वडा नं. ५ बस्ने वीरबहादर भण्डारीले बलात्कार गरेर वेहोस बनाए। पीडितले किटानी जाहेरी दिएकी छिन्।

आफ् बियर खाएर उनको अवस्थामा नांजकै आए जिस्किन थालेपछि करा मगाई बहेर सहमतिमा कोठामा पुग्ने विन्तिकै उनी वेहोस भएको र आफ्ले नै अस्पताल लाने हारगुहार गरेको पीडक भण्डारी बताउछन्। "उनलाई मिर्गी रोग लागेका कारण वेहोस भइछन्" उनले बताए। भण्डारीलाई हाल पर्पधका लागि विराटनगर कारागारमा राखिएको छ।

### बाबुद्वारा छोरी बलात्कार

महेन्द्रनगर गाविस वडा नं. ४ चक्घट्टी भन्ने साकी थरकी १५ वर्षीय किशोरीलाई उनका ३९ वर्षीय झड्केल्वो बाबुले पटक-पटक बलात्कार गरेका कारण ५ महिनाको गर्भ रहन गएको पीडककी पत्नीले बताइन्।

पीडितका अनसार, एक वर्षअघिदेखि डर, त्रास देखाई झड्केल्वो बाबुले जबर्जस्ती गर्दै आएका थिए। "नमान्दा मार्छु भनेर खुकुरीसमेत घाटीमा तेस्याए। कसैलाई भने मार्ने धम्की दिएकाले कसैलाई भनिन तर असोज १८ गते आमा अर्कोको काम गर्न गएको मौका छोपी साँझ जबर्जस्ती गर्दागर्दै

**गाउँ-गाउँबाट पुलिस चौकी र थाना हटाएपछि माओवादीका कारण प्रहरी राजमार्गभन्दा उत्तरतर्फ जान हच्किन्छन् भने दक्षिणी भेगमा तराईबासीको बाहुल्यता भएकाले कतिपय जघन्य घटना पनि गाउँकै अगुवा भनिनेहरुको पहलमा लेनदेन भई गुपचुप राखिन्छ । यदि बाहिर आए पनि उतैबाट सीमापारी छिर्छन् । फलस्वरुप, अपराधीलाई दण्डित गर्ने सम्भावना रहँदैन ।**

उनी घरमा आईपुगेकीले कुरा बाहिर आयो। मैले त बाध्य भएर आत्महत्या गर्ने खोजेकी थिएँ" पीडितले बताइन्।

"रक्सीको लतका कारण पटक-पटक गल्ती भएको हो। मैले नगर्ने काम गरकाले पश्चात्ताप भइरहेको छ" पीडकले भने।

प्रहरी सहायक निरीक्षक ईश्वरीप्रसाद तिवारीका अनुसार, पीडकलाई आवश्यक अनुसन्धानका लागि हिरासतमा राखिएको छ। जाहेरकर्ताले मुलुकी ऐन, जबर्जस्ती करणी गर्नेको महल १ नं. को दफा २ र ३ नं. अनसार सजायको माग गरेकी छिन्।

जिल्लामा श्रृंखलाबद्ध बलात्कार, हत्या र डकैतीका घटना भइरहे पनि प्रहरी-प्रशासनले शान्ति सरक्षा कायम गर्न नसकेको विभिन्न राजनीतिक पार्टी र नागरिक समाजको आरोप छ। नेकपा (एमाले) का सनसरी सचिव धर्मराज निरौलाका अनुसार, सामान्य लेनदेनको करामा समेत सरक्षा निकायले नागरिकलाई समाएर शारीरिक तथा मानसिक यन्त्रना दिई जनता नसाइन सक्ने तर प्रहरीको नाकै अगाडि भएका सीता सदृ हत्याकाण्ड र दिदी-बहिनीको बलात्कार काण्डमा अझैसम्म दोषी पत्ता लगाएर कारवाही गर्न नसक्नुले प्रहरीको नियतमाथि शंका उब्जेको छ।

नेपाली कांग्रेस सनसरीले पेस विज्ञप्तिमार्फत जिल्लामा शान्ति सुरक्षाको ठिटे लाग्दो अवस्थाको विरोध गर्दै दोषीमाथि कारवाहीको माग गरेको छ।

अधिवक्ता ईश्वरचन्द्र दुगेल जिल्लामा सम्भाहिक बलात्कार, हत्या र लुटपाटको घटनाका दोषीलाई कारवाही हुन नसकेकोपति चिन्ता व्यक्त गर्दै भन्नुहुन्छ– "यसको कारकतत्वमा प्रहरीको निस्क्रियता, खुल्ला सीमाना, राजनीतिमा समेत अपराधिकरण, जनता र प्रहरीबीचको सम्बन्धमा अविश्वासना, मानवअधिकारपति सचै क्षेत्रको उदासिनता आदि कारणले अभियन्ताहरु पकाउ नपने र पक्रेपति प्रहरीलाई दबाब आउने भएकाले दण्डहीनताको अवस्था सृजना भई अपराधीको मनोबल बढेको छ।"

# बलात्कारको पीडा र दण्डहीनताको स्थिति

महोत्तरी। बर्दिबास गाविस-३ मा होटल संचालन गर्दै आएकी ३० वर्षीय एक महिला ०५९ असार ३२ गते छिन्नमस्ता सशस्त्र प्रहरी गण, बर्दिबासका जवानहरुद्वारा सामुहिक बलात्कारको शिकार भइन्।

असारको ३२ गते राति खाना खाइसकेपछि पति घर नभएका कारण ९ वर्षे भाई र दुई साना छोराहरुसँगै सुतेकी ती महिलालाई मध्यरातमा सादा पोशाकमा आएका ५-६ जना सशस्त्र प्रहरीले मुख थुनी बोकेर लगेका थिए। भोलिपल्ट गाई चराउने गोठालाले सशस्त्र प्रहरीको क्याम्पनजिक सर्वांग नांगो अवस्थामा खयरको काँडाघारीमा सुतिरहेको देखी मरेको भन्ठानेर घरमा खबर गरे। पीडितलाई उनका पिता तथा काकाले जनकपुर अञ्चल अस्पतालमा उपचारका लागि भर्ना गरेपछि ९ दिनपछि होस खुलेको थियो। घटनाको १४ दिनसम्म पनि चिकित्सकहरुको बेवास्ताका कारण मृत्युको मुखमा पुग्नै लागेकी पीडितलाई स्थानीय मानवअधिकारकर्मीहरुको सक्रियतामा काठमाडौंमा २ महिनासम्म उपचार गरेपछि सामान्य बोलचाल र हिँडडुल गर्नसक्ने भएकी थिइन्।

पीडितलाई न्याय दिलाउन जवर्जस्ती करणी मुद्दाको जाहेरी लिएर महोत्तरीस्थित विभिन्न मानवअधिकारकर्मी तथा महिलाअधिकार, संघसंस्थाका प्रतिनिधि जिल्ला प्रहरी कार्यालय गएका भए पनि प्रहरीले यसअघि नै पीडितका पिताले "ज्यानमार्ने उद्योग" अन्तर्गत मुद्दा दर्ता गराइसकेको कारण देखाउँदै जाहेरी लिएन। पीडितलाई उपचारार्थ काठमाडौं लगेकै भोलिपल्ट प्रहरीले उनका पितालाई बोलाई आफ्ले तयार पारेको कागजमा सहीछाप गराएको रहेछ। त्यही कागजका आधारमा "ज्यानमार्ने उद्योग" मुद्दाको जाहेरी भएको पाइयो।

"मलाई गाडीमा हालेर जलेश्वर लगियो, एउटा लेखेको कागजमा सहीछाप गराइयो, कागज त पढेर पनि सुनाएको थियो तर मैले बुझिन" पीडितका पिता बताउँछन्। दुई महिनापछि पीडित स्वयम् जिल्ला प्रहरी कार्यालय उपस्थित भई आफूमाथि भएका सबै दुर्व्यवहार र ज्यादतीको बेलीविस्तार लगाई पीडकको हलिया, पहिरनबारे बयान टिपाए पनि त्यही ज्यानमार्ने उद्योगको मुद्दा पनि अघि बढ्न सकेन। पीडक किटान नहुँदा मुद्दा चलाउन नमिल्ने कुरा प्रहरीले बतायो। तर, मुद्दा हेरिरहेका कानुन व्यवसायी रमेश रेग्मी भने पीडितले प्रहरीलाई दिएको बयानमा पीडक सशस्त्र प्रहरी नै भएको दावी गर्दै हलिया खुलाई देखेमा चिन्न सक्ने बताए पनि प्रहरीले सम्भावित पीडक चिन्न लगाउने मुलुकी ऐनको अदालती बन्दोबस्तको १७३ नं. बमोजिम गर्नुपर्नेमा त्यस्तो कुनै काम नगरी बेवास्ता गरेको आरोप लगाउँछन्।

दुई वर्ष बितिसक्दा पनि घटनापूर्वको शारीरिक तथा मानसिक अवस्थामा फर्कन नसकेकी पीडित पीडकलाई कारवाही गराउनभन्दा निःशुल्क उपचार भई बाँच्न पाएकोमा खुशी व्यक्त गर्दछिन्। "प्रहरीलाई प्रहरीले नै कसरी कारवाही गर्छ ? म बाँच्न पाएँ, भैगो" पीडित चित्त बुझाउँछिन्।

धर्मपुर गाविस-४ की ९ वर्षीय एक बालिका घाँस काट्न खेतबारीमा गएको अवस्थामा ०५९ असार १७ गते गोही ठाउँका बछार थरका धनिमानी मानिने परिवारका १९ वर्षीय युवकले बलात्कार गरे। घटनाको भोलिपल्ट उजुरी गर्न लोहारपट्टी प्रहरी चौकी पुगेका पीडित पक्षलाई प्रहरीले कानुनी प्रकिया अपनाउनुको सट्टा एउटा सामान्य निवेदनमात्र दिन लगायो। पीडक फरार भइसकेका कारण पीडकका पितालाई गिरफ्तार गरी २ दिन उक्त चौकीमा थुनामा राखी १० हजार रुपैयाँ नगद जरिवाना गरी रिहा गरिएको पीडित पक्षले बताए।

गिरफ्तारीमा परेका पीडकका पिताले छोरा घरमा नभएकाले घटना हो, होइन भन्ने थाहा नभएको तर यस्तो घटनामा प्रहरीले आफूलाई थुनामा राखेकाले लोकलाजका डरले १० हजार रुपैयाँ बुझाएको बताउँछन्। पीडित पक्ष भने प्रहरीले पीडकलाई गरेको जरिवानामध्ये ४ हजार रुपैयाँमात्र पाएको बताउँछन्।

बर्दिबास गाविस-४ की ७ वर्षीय एक बालिकालाई ०५९ असार २८ गते आफ्नै काका नाता पर्ने १८ वर्षीय युवकले यौन दुर्व्यवहार गरे। पीडित बालिका पीडकको डरका कारण चुप लागी तनाव झेल्दै आएकी भए पनि मानसिक विक्षिप्तता बढ्दै गएपछि परिवारले घटना थाहा पाएको थियो। यस घटनाका पीडित पक्ष प्रहरीमा उजुरी गर्न गए पनि प्रहरीले घटना धेरै दिनको भएको र कानुनी प्रमाण नपुग्ने जनाउँदै उजुरी लिएन।

बर्दिबास बजार गर्न आएकी माइस्थान गाविस-१ की ३० वर्षीय एक महिलालाई ०५९ असार २८ गते सिन्धुली जिल्ला कमलामाई नगरपालिकाका २१ वर्षीय खड्गबहादुर देवकोटा र १९ वर्षीय सन्तोष परियारले बलात्कार गरे। रगेहात प्रहरीद्वारा पक्राउ परेका पीडकलाई पीडित महिलाले दिएको "जबर्जस्ती करणी" मुद्दाको जाहेरी प्रहरीले दर्ता गरी कारवाही अगाडि बढाए पनि पीडकद्वयलाई जिल्ला अदालतले साधारण तारेखमा रिहा गर्ने आदेश दियो। हाल पीडक र पीडित दुवै उक्त मुद्दासँग बेखबर रहेका छन्। अदालतमा मुद्दा विचाराधीन छ।

प्रहरीले जनकपुर अञ्चल अस्पतालमा पीडित महिलाको स्वास्थ्य परीक्षण गराएको तर चिकित्सकले रिपोर्ट दिन ढिलाई गरी रिपोर्टमा बलात्कारसम्बन्धी कुनै लक्षण नदेखिएकाले अदालतले पीडकलाई साधारण तारेखमा रिहा गरेको कानन व्यवसायी बताउँछन्।

कुल साक्षरता प्रतिशत ३४ तथा महिला साक्षरता प्रतिशत २१ मात्र रहेको महोत्तरीमा गरिबी र बेरोजगारीका कारण अधिकांश युवा भारततिर कामको खोजीमा जाने गरेको, पतिको अनुपस्थितिमा परिवारकै देवर, जेठाजु र ससुरासमेतबाट पनि कतिपय महिलाहरु बलात्कृत हुनु परे पनि समाजमा अझैसम्म कायम रहेको घुम्टोप्रथा, पर्दा प्रथा तथा अशिक्षा र अज्ञानताका कारण न्याय पाउनबाट वञ्चित भई पीडा झेल्दै बस्नुपरेको कानुन व्यवसायी बताउँछन्।

बलात्कारको पीडा बोकी आक्रोशित हुँदै आएका पीडित पक्ष पनि अधिकांश ३/४ दिनपछि उजुरी दिन आउने र स्वास्थ्य परीक्षणमा बलात्कार भएको भन्ने प्रमाण नदेखिने हुँदा प्रहरीले पीडकलाई डर, धाक देखाई आर्थिक लाभ लिने र दुवै पक्षबीच मिलापत्र गरिएका उदाहरण पनि पाइन्छन्।

समयमै उजुरी लिई आएकालाई समेत चिकित्सकले पीडकको बाटो हेरी समयमै रिपोर्ट नदिने, त्यसबीच पीडक चिकित्सकको सम्पर्कमा पुगेमा झुठो रिपोर्ट तयार पारिने कारणले अदालत पुगेका मुद्दामा पनि पीडककै जीत हुने गरेको निर्भिकटका तर्फबाट बलात्कारसम्बन्धी मुद्दाको पैरवी गर्दै आएका अधिवक्ता रमेश रेग्मी बताउनुहुन्छ।

● *ईश्वरी काफ्ले*

### कारवाही क-कसलाई भयो ?

प्रहरी उपरीक्षक खड्काका अनुसार, डुम्राहा गाविस-१ की पुनमकुमारी साहको बलात्कारपश्चात् हत्यामा संलग्न सबुरलाल चौधरी हाल विराटनगर कारागारमा थुनिएका छन् भने अर्का अभियुक्त कम्पा चौधरी फरार छन्। त्यस्तै चाँदबेलाका दुई महिलामाथि बलात्कार गर्ने सत्यनारायण चौधरी र विक्री भन्ने समर गुरुङलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। जल्पापुरमा भएका डकैती र बालिका बलात्कारको घटनाका दोषीहरु कुर्बान मियाँ, कृपानन्द गुप्ता, समसुल मियाँ र मस्तकिन मियाँमध्ये कृपानन्द गुप्ता र समसुल मियाँलाई पक्राउ गरी थुनिएको छ। अन्य हालसम्म फरार रहेको बुझिन्छ।

झुम्कामा आमा-छोरी बलात्कार गर्नेमध्ये ३ जना केटालाई किटेर जाहेरी दिइए पनि पीडितहरुले अरुलाई नचिनेको जनाए। पक्राउ परेका विनोद चौधरी, विपत चौधरी र सन्तोष धमलासमेतले आफूहरु घटनामा संलग्न नभएकाले अरुलाई चिन्ने प्रश्नै नभएको उल्लेख गरे। प्रहरीको आशंका छ, यस घटनामा पनि पीडितमध्येकी आमाले धेरै कुरा थाहा पाएर पनि लुकाएकी छिन्। फलस्वरुप, पक्राउ परेका ३ जनाले इन्कार गर्दागर्दै मेडिकल रिपोर्ट र जाहेरीका आधारमा पुर्पक्षका लागि थुनामा राखिएको छ भने क्याबिन रेस्टुरेण्टमा भएको भनिएको बलात्कारको घटनाका अभियुक्त भण्डारीलाई समेत पुर्पक्षका लागि थुनामा राखिएको छ।

प्रहरी उपरीक्षक खड्का भन्छन्, "घटना भएको ठाउँका पीडित र जनताले सबै कुरा स्पष्ट भनेदेखि प्रहरीलाई धेरै सजिलो हुनेथियो।" गाउँ-गाउँबाट पुलिस चौकी र थाना हटाएपछि माओवादीका कारण प्रहरी राजमार्गभन्दा उत्तरतर्फ जान हच्किन्छन् भने दक्षिणी भेगमा तराईवासीको बाहुल्यता भएकाले कतिपय जघन्य घटना पनि गाउकै अग्वा भनिनेहरुको पहलमा लेनदेन भई गुपचुप राखिन्छ। यदि बाहिर आए पनि उतैबाट सीमापारी छिर्छन्। फलस्वरुप, अपराधीलाई दण्डित गर्ने सम्भावना रहदैन।

### डाक्टरको रिपोर्ट नै फरक-फरक

जिल्ला अस्पताल, इनरुवाले मेडिकल रिपोर्टमा दुईखाले कुरा दिनाले अनुसन्धानमा समेत बाधा पुगेको गुनासो प्रहरीको छ। अपराधीसँग मिलेर कारवाहीलाई निस्प्रभावी बनाउने गरेको डाक्टरहरुको आरोप छ। गत जेठ ४ गते इनरुवा-६ की सीता सदालाई बलात्कारपछि हत्या गरेको घटनामा मृतकको लास पानीमा भेटिएको र शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाइएको थियो। मेडिकल रिपोर्टमा सामूहिक बलात्कारपछि हत्या भएको मात्र उल्लेख छ। उनको शव पानीमा भेटिएकाले मारेर फालेको हो वा डुबाएर फालेको हो, खुल्न सकेन।

भदौ ६ गते हरिनगरामा मृत अवस्थामा फेला परेकी रामवतीकुमारी ठाकुरको शव इनरुवा अस्पतालमा पोष्टमार्टम गराउँदा बलात्कारपछि हत्या भनेर किटानी गरेको छ तर बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुनः पोस्टमार्टम गर्दिंदा बलात्कारपछि हत्या नभई पाठेघरमा लामो बाँसको टुका घुसाएका कारण बढी रक्तश्राव भएर मृत्यु भएको उल्लेख छ।

यस्तै, मधुवनकी महिलामाथि भएको सामूहिक बलात्कारको घटनामा जिल्ला अस्पतालका डा. बज्रकिशोर ठाकुरले शरीरमा टोकेको घाउमात्र रहेको, बलात्कार नभएको उल्लेख गरेका छन् भने सोही घटनाको अर्को रिपोर्टमा त्यहीका डा. प्रमोदकुमार यादवले सामूहिक बलात्कार भएको ठोकुवा गरेका छन्।

एकले अर्कालाई दोष लगाएर चोखो बन्ने ढोंग गरे पनि बौद्धिकता र विवेक दुवैतर्फ बिक्री हुने गरेको आम नागरिकको गुनासो पाइन्छ। सबै पक्षको बेलामै विश्वास जितेर काम अगाडि बढाएमा प्रहरीको विश्वास, स्वच्छ नियत र सक्रियतासहित जिल्लामा यस्ता घटनाहरु नियन्त्रित हुने आशा गर्न सकिन्छ। हालका डकैतीका घटनामा संलग्न डाँकाहरुको समूहलाई गिरफ्तार गरेको घटनाले प्रहरीको सार्थक पहल भइरहेको संकेत दिएको छ।

**प्रहरीको निस्कृयता, खुल्ला सीमाना, राजनीतिमा अपराधिकरण, जनता र प्रहरीबीचको सम्बन्धमा धमिलोपना, मानवअधिकारप्रति सबै क्षेत्रको उदासिनता आदि कारणले अभियुक्तहरु पक्राउ नपर्ने र पक्रेपनि प्रहरीलाई दबाब आउने भएकाले दण्डहीनताको अवस्था सृजना भई अपराधीको मनोबल बढेको छ ।**

# लुटपाट र बलात्कारपछि विस्थापन

"सबैले धर्म छाडेकाले होला, चोरडाँकाले पनि धर्म छाडेछन्। हिजो धन-सम्पत्तिमात्र लुट्ने चोरडाँकाहरुले आजभोली छोरीचेलीको इज्जत पनि लुट्न थालेका छन्।" यी अभिव्यक्ति कुनै कथा, वा उपन्यासबाट उद्धृत होइनन्। न त कुनै चलचित्रका पात्रहरुको वार्तालापको अंश नै हो। यो कुनै राजनेताको गहकिलो विचार पनि होइन। चोरडाँकाको बदलिएको व्यवहारबारे टिप्पणी गर्ने व्यक्ति हुन्, एकजना गाउँले बूढाबा अर्थात् मोरङको रंगेलीका वैधहरि पण्डित।

०६१ साउनको अन्तिम साता रंगेली र आसपासका गाविसहरुमा चोरी-डकैती, हत्या र सामुहिक बलात्कारका घटनाहरु बढेर गए। ती गाउँका मानिसहरुले घरका मालमत्ता र धनसम्पत्ति त जोगाउन सकेनन् नै, छोरीचेलीको इज्जत पनि बचाउन सकेनन्। छोरीचेलीहरु घरपरिवारका अगाडि बलात्कृत भइरहे। उनीहरुको इज्जत बचाउन तर्म्सिने अभिभावकहरु गोली र हतियारहरुको निशाना बने। घाइते अभिभावकहरुलाई अस्पताल लगियो तर इज्जत गुम्ने डरले उनीहरुले आफ्ना छोरीचेलीहरुलाई अस्पताल लगेनन्, उपचार पनि गराएनन्। मालसामान लुटिएकोले भन्दा छोरीचेलीको इज्जत लुटिएको घटनाले गाउँघर निकै आतंकित बन्यो।

धेरै त सामुहिक बलात्कारका घटना भए। घटनापश्चात् अभिभावकहरुले आफ्ना हुर्के-बढेका मात्र नभई सबै छोरीचेलीलाई आफन्तकोमा पठाए। कतिले त थातवास नै छाडे। विवाहित हुन् वा विधवा, पाका हुन् वा वृद्धा, नाबालिका हुन् वा किशोरी, युवती हुन् वा वयस्क सबै सामुहिक बलात्कारको शिकार हुन थाले। यो क्रम निरन्तर चल्यो। यतिसम्मकि "म कमजोर छु, म सानी छु, म विरामी छु, म अशक्त छु" भनेर अनुनय-विनय गर्नेहरुको समेत केही सीप चलेन। उनीहरुलाई बलपूर्वक लुटियो। एकपटक, दुईपटकमात्र होइन तीन- तीनपटकसम्म बलात्कारको शिकार बने, कतिपय चेलीहरु।

इज्जत लुटियो त तिनै बेसहरा, गरिब निमुखा तथा भूमिहीन वर्गका मानिसहरुको, जसलाई दिनभरको बनीबुतो गरेर पनि बिहान-बेलुकीको छाक टार्न धौधौ थियो, जो वाणी भएर पनि बोल्न सक्दैनथे, जो अरुको दबदबामा जीवन गुजारा गर्दथे। सधैंभरि अभावै-अभावमा हुर्किएका, जिन्दगी नै यस्तै रहेछ भन्ने मानसिकताले बाँचिरहेका, अन्याय, अत्याचार र शोषणको जालोमा बाँधिएका, दीनहीन अवस्थामा बाँच्न विवश तिनै श्रमिकहरुका घर भत्काइए। हाँस-कुखुरा, खसीबाखा लुटिए। घरका छाना, फुसको झुपडीका बाँस र माटाले बनेका झ्यालढोका उखेलेर लुटिए।

यतिखेर डायनिया गाविसको हर्चनगढीको वस्ती उजाड छ। भारतको विहार राज्यको अररिया जिल्लाको सीमानामा पर्ने हर्चनगढी दशगजासँग जोडिएको छ, जहाँ पुस्तौंदेखि मुसलमानहरु बस्दै आएका छन्। नेपाली भाषा राम्रोसँग बुझ्ने र बोल्न सक्ने क्षमता राख्छन्, उनीहरु। त्यहाँ करिव ४० वटा पराले झुपडीको वस्ती बस्दथ्यो। अहिले कति घरका छाना आधा उधारिएको अवस्थामा छन् त कति पूरै उदाङ्गो। पानी पिउनका लागि गाडिएका हाते कलहरु डाँकाहरुले उखेलेर लगेका छन्। बस्तीका दर्जनौं महिला तथा बालबालिका बलात्कृत भएको अवस्था छ। बलात्कृतमध्ये ६ जनाले किटानीसाथ उजुरी हालेका छन्। कति त त्यो दिन पाहुनाको रुपमा आएका विवाहित तथा अविवाहित महिला र युवती थिए। विधवालाई पनि छोडेनन्, डाँकाहरुले।

यी घटनामा पूर्वाग्रह र प्रतिशोधको श्रृङ्खला पनि डरलाग्दो छ। भनिन्छ, एकजना डाँकालाई समाजले समातेर प्रहरीलाई बुझाएपछि अन्य डाँकाहरु वढी क्रुद्ध भए र उनीहरुविरुद्ध खनिए। यस्ता घटनाका कारण त्रसित वासिन्दा विस्थापित भएर रंगेली, आफन्तको घर र छिमेकी गाउँमा गएकोमा अहिलेसम्म फर्केका छैनन्।

ऐलानी जग्गामा वर्षौंदेखि वसोवास गर्दै आएका हर्चनगढीका वासिन्दाहरुको एकता पनि दङ्ग देखिन्छ। राजनीतिक चेतना पनि नभएको होइन। तथापि भारतीय प्रहरीले नै अपराधलाई प्रश्रय दिएका कारण

डाँकाहरुद्वारा घर भत्काइएपछि विचल्लीमा परेका बालबालिका



हर्चनगढीमा भारतीय डाँकाहरुद्वारा लुटपाट गरी भत्काइएको घर

सीमा क्षेत्रमा बलात्कारका घटनाहरु भएको इलाका प्रहरी कार्यालय, रंगेलीका प्रमुख, तथा इन्स्पेक्टर केशव वस्नेतको धारणा छ।

"हर्चनगढीसँग सीमा जोडिएको भारतीय प्रहरी थाना सिक्टीका थानेदार उदय सिंह डाँकाहरुसँग मार्मिक पैसा उठाउछन्, कतिपय अवस्थामा त हातहतियार उपलब्ध गराएर लुटपाट गर्न नेपालतर्फ डाँकाहरु पठाउने समेत गर्दछन्", इन्स्पेक्टर वस्नेत भन्छन्। हर्चनगढीको घटनापछि विवादमा आएका सिक्टीका थानेदार सिंहको सरुवा भइसकेको छ।

हर्चनगढीमा दिउँसै डकैती गर्न आएका ती भारतीय डाँकाहरुलाई लखेट्दा मो. ताहिर मियाको नेपाली प्रहरी टोलीले प्रहार गरेको गोली लागी मृत्यु भएको थियो। राति डाँका आएको थाहा पाई हर्चनगढीका ४५ वर्षीय मो. मुस्ताकले आफ्नी पत्नी र छोरीचेलीको अस्तित्व रक्षा गर्न प्रतिकार गर्दा छातीमा गोली लाग्यो। तथापि, उनले परिवारको अस्मिता बचाउन सकेनन्।

एक महिनासम्म धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउँदा पनि उनको छातीमा लागेको गोली निस्कन सकेन। त्यही कारणले उनी काम गर्न नसक्ने अवस्थामा पुगेका छन्। पीडित मुस्ताकको शरीर पनि सुक्दै गएको छ। उनले खर्चको अभावका कारण छातीमा लागेको गोली निकाल्न सकेका छैनन्। "पहिलेको २० हजार रुपैयाँ ऋण तिर्न त सकेको छैन, अब अरु ऋण खोजेर के उपचार गर्नु?" खिन्न हुँदै मुस्ताकले बताए। चार छोरी, दुई छोरा र पत्नी गरी आठ जनाको मुस्ताक परिवार गाइँलेहरुको सहयोगले मात्र बाँचिरहेको छ।

राति डाँकाहरु आएको थाहा पाई हर्चनगढीका २२ वर्षीय मो. लुकमान नजिकको पोखरीमा हामफालेर ज्यान जोगाएको बताउँछन्। "म पानीमा डुबेर जोगिएँ भने मेरो जहान र छोराछोरी भागेर इज्जत लुटिनबाट बचे" उनी थप्छन्। तथापि त्यो रात एउटा दुःखद घटना भने भएरै छाड्यो। डाँकाहरुको चंगुलबाट अस्मिता जोगाउन खोज्दा माइत आएकी २२ वर्षीया युवती बबिताको करेन्ट लागेर ज्यान गयो। डाँकाहरुबाट बच्न हर्चनगढीवासीले बिजुलीको नाङ्गो तार घर वरिपरि टाँगेका थिए। त्यही नाङ्गो तारमा अल्झिएर मरिन्छ भन्ने कुरा बबितालाई के थाहा ?

हर्चनगढीका दर्जनौं घरमा बलात्कारका घटना भएको भनिए पनि ०६१ साउन २१ र २२ गते दुई दिन डाँकाहरुद्वारा अस्मिता लुटिएकामध्ये तीनजनाले मात्र १५ दिनपछि इलाका प्रहरी कार्यालय, रंगेलीमा उजुरी गरेका थिए। उनीहरुको कोशी अञ्चल अस्पताल, बिराटनगरमा स्वास्थ्य परीक्षण गरिएको थियो। बलात्कृतमध्ये अधिकांशले इज्जत गुम्ने डरले उजुरी नगरेको इन्स्पेक्टर वस्नेत बताउँछन्। "अझ, मुस्लिम समुदायमा परिवार नियोजन त गर्नु हुँदैन भन्ने धार्मिक छाप परेको हुन्छ। त्यसमा पनि बलात्कृत महिलाले प्रहरी कार्यालयमा गई उजुरी गर्ने आँट नै गर्न सक्दैनन्। बलात्कृतका पति वा परिवारका अन्य सदस्यहरुले पनि उजुरवाजुर गर्न स्वीकृति दिँदैनन्", स्थानीय बासिन्दा अशोककुमार राजवंशी भन्छन्।

जिल्ला प्रहरी कार्यालय, मोरङले बलात्कार र लुटपाटका घटनामा पटक-पटक संलग्न भएको आरोपमा भारतीय मूलका चार दर्जन व्यक्तिहरुलाई अपराधीको सूचीमा राखेको छ। जसमा, भारतको अररिया जिल्ला सिक्टी थानाअन्तर्गत केलाबारीका मुस्तफा मियाँ, मुरहस्त मियाँ, अस्मान मियाँलगायत् १० जना, सोनापुरका काबुल मियाँ, खर्सिद मियाँ, सिक्टीका कबीर मियाँ, रानीकट्टाका भीमपक्डा मियाँ, बरदाहाका मफुद मियाँ लगायत्का व्यक्ति रहेका छन्।

प्रहरीले घटनाका दोषीको नाम त सार्वजनिक गऱ्यो तर सबै दोषी भारतीय मूलका भएकाले कारवाही गर्न मजिलो छैन। नेपाल-भारतका उच्च प्रहरी अधिकृतहरु बीच अपराध नियन्त्रण र दोषीलाई कारवाही गर्ने कुरामा भने सहमति भएको छ। तर, हर्चनगढीबाट विस्थापित व्यक्तिहरुलाई पुनर्स्थापित गर्ने र तात्कालिक वा स्थायीरुपमा राहत दिने कुरामा सरकारीस्तरबाट प्रभावकारी कदम चालिएको छैन। केवल घटनास्थलको निरीक्षण गर्ने र सहयोग गर्ने आश्वासन बाँढ्ने काम मात्र भएको छ।

विभिन्न मानवअधिकार संस्थाहरुले घटनास्थलको अवलोकन गर्ने र पीडितहरुलाई पुनर्स्थापित गर्न दबाव दिएका छन्। स्थानीय प्रहरी प्रशासनले पनि हर्चनगढीलगायत्का सीमाक्षेत्रमा हुने अपराध नियन्त्रण गर्न राम्रो भूमिका खेलेको छ। यस्तो भूमिकालाई पीडितले प्रत्यक्षरुपमा अनुभूत गर्नसक्ने नहसम्म पुऱ्याउन भने बाँकी नै छ।

● *दीपेन नेउपाने*

# सुनसरी : सामुहिक बलात्कारका घटना

## एक

**पीडितः** ३० वर्षीय महिला
**घटनास्थलः** भरौल गाविस-३
**पीडकहरुः** बौका (बन्झढु) मुसहर, रामेश्वर मुसहर, वण्ठा मुसहर र एक जना अज्ञात व्यक्ति

०६१ भदौ ८ गते मंगलबार राति करिब १२ बजे भरौल गाविस-३ धनपुरी गाउँमा बस्ने ३५ वर्षीय एक महिलालाई ४ जनाको समूहले बलात्कार गरे। वर्षा भइरहेको बेला केही अज्ञात व्यक्तिहरु आई ढोका ढक्ढक्याए र ढोका खोली घरभित्र छिरे। त्यसबेला घरमा पीडितका भाइ, पति र ३ छोरासहित ६ जना रहेका थिए। हतियारधारी समूहमध्येका २ जनाले पति र भाइलाई बाहिर लगी घरभित्र रहेकी महिलालाई बलात्कार गरे। त्यसपछि उनीहरु बाहिर गएर पति र भाइलाई खुट्टासम्म ल्याइएको, मुखमा कपडा कोचेको, घाँटीमा कपडाले बाँधेको र गन्हाएको थियो। पोष्टमार्टमका लागि इनरुवा अस्पतालका लास जाँच प्रतिवेदन तयार गर्ने डा. इन्द्रनारायण दासका अनुसार, मृत्युपूर्व बलात्कार भएको र बलात्कार एक वा एकभन्दा बढीले पनि गरेको हुनसक्छ। घटनाको सम्बन्धमा प्रहरीद्वारा अनुसन्धान जारी राखिएको बताइएको छ।

## तीन

**पीडितः** ३४ वर्षीय आमा र १२ वर्षीय छोरी
**घटनास्थलः** भादगाउँ सिनवरी गाविस-८
**पीडकहरुः** सन्तोष धमला, विपत चौधरी, विनोद चौधरी र अज्ञात ९ जना

भादगाउँ सिनवरी गाविस-८ शिवनगरमा ०६१ साउन २६ गते राति १.३० बजेतिर करिब १२ जनाको समूहमा रहेका नकाबधारी समूहले दुई आमा-छोरीलाई सामुहिक बलात्कार गरे। बलात्कारपछि अत्यधिक रक्तश्राव भएकाले १२ वर्षीय बेहोस अवस्थामा थिइन्। उनलाई वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारपश्चात् सिविन हेल्पलाइनमा राखी सिभिक्टले उपचार गरेको छ। पीडकहरु सन्तोष धमला, विपत चौधरी र विनोद चौधरीलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

## चार

**पीडितः** १२ वर्षीय बालिका
**घटनास्थलः** आमाहीवेल्हा गाविस-३ र देवानगञ्ज इलाका प्रहरी कार्यालय
**पीडकहरुः** नारायण शाह, किड्कड्ड चौधरी, डेनी चौधरी र प्रसनि सानुवावु राजवंशी

०६१ साउन २१ गते साँझ ५ बजे स्थानीय एक महिला खेतमा गइरहेको वेला एउटा पुलमा टुक्रुक्क बसेको र शरीरमा लगाएको कपडामा हिलैहिलो लागेको अवस्थामा फेला पारी उद्दार गर्नुअघि १२ वर्षीय बालिका तीनजनाबाट बलात्कृत भइसकेकी थिइन्। पीडितका अनुसार, विराटनगरमा चटपटी बेच्ने नारायणले उनलाई फकाएर साँझ अमडुवा नहरमा लगी बलात्कार गरेको हो। उक्त कुरा थाहा पाई स्थानीय केटाहरु किड्कड्ड र डेनी चौधरीले नारायणलाई नियन्त्रणमा लिई पीडितलाई उखुबारीमा लगेर रातभरि राखी बलात्कार गरेको खुल्न आएको स्थानीय बाल समूह सहजकर्ता उर्मिला चौधरीले बताइन्। पीडितलाई गाउँकै एक महिलाले उद्दार गरी त्यही अवस्थामा स्थानीय अर्का एक व्यक्तिको घरमा छाडिदिएकी थिइन्। पीडित बालिकाले हिँड्न सक्दिन भनेकाले उनलाई नजिकै बाटो छेउमा रहेको एक व्यक्तिको घरमा छोडेको ती महिलाले नियन्त्रणमा लिई वाँकी २ जना आएर फेरी बलात्कार गरे। उनीहरुले मुखमा हात राखी "तैले हामीले भनेको मानिनस् भने तेरो लोग्ने र छोराहरुलाई मारिदिन्छौं" भनी गएको पीडितले बताइन्। पीडकहरुमध्ये एकजनालाई पक्राउ गरी प्रहरीसमक्ष बुझाइएको छ भने अन्य हालसम्म पक्राउ पर्न सकेका छैनन्।

## दुई

**पीडितः** १५ वर्षीय किशोरी
**घटनास्थलः** हरिनगरा गाविस-४
**पीडकहरुः** अज्ञात समूह

०६१ भदौ ५ गते विहान करिब ७ बजेतिर दिसापिसाव गर्न जान्छु भनी घरबाट निस्किएर वेपत्ता भएकी रामवती कुमारी ठाकुरको लास भोलिपल्ट विहान करिव साढे ७ वजेतिर घरदेखि करिव २ सय मिटर पूर्व पटुवावारीमा फेला परेको थियो। त्यसबेला लास नग्न अवस्थामा उत्तानो परेको र अण्डरवेयर तानेर

## पाँच

**पीडितः** २५ वर्षीय महिला
**घटनास्थलः** मधुवन गाविस-५
**पीडकहरुः** कैलु नट, डुम्राहा गाविस-७, खट्टर रजक, मधुवन गाविस-५, किस्मत

रजक, मधुवन गाविस-५, नइमुद्धिन नट, मधुवन-८ र अन्य ८ जना अज्ञात

०६१ जेठ २२ गते राति करिब ११ बजेतिर आएका हतियारधारीहरुले घरभित्र पसी पीडितलाई जबर्जस्ती उठाएर घरदेखि पूर्वतर्फको खेतमा लगि सामुहिक बलात्कार गरेका थिए। त्यसबेला उनका पतिलाई उनले लगाएको लुंगीले नजिकैको सिसौको रुखमा बाँधी मुखमा कपडा कोचेर उनैको अगाडि सामुहिक बलात्कार गरेको पीडितले बताइन्। पीडितका अनुसार, उनलाई बलात्कार गर्दा कोही उनको छातीमा चढेका थिए भने कोहीले हातखुट्टा समातेका थिए। घटनास्थलबाट प्रहरीले एक थान कटुवा पेस्तोल र एउटा गोली बरामद गरेको बताएको छ। जिल्ला अदालत, सुनसरीले कैलु नट र किस्मत रजकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ भने खट्टर रजकलाई ३५ हजार र नइमुद्धिनलाई १५ हजार रुपैयाँ धरौटीमा रिहा गरेको छ। कैलु नट र किस्मत रजकले पनि १५ हजार रुपैयाँ धरौटीमा छुट्नपाउँ भनी पुनरावेदन गरेकोमा अदालतले पुनः थुनामा राख्ने आदेश दिएको छ।

## छ

**पीडितः** १२ वर्षीय बालिका

**घटनास्थलः** इटहरी नपा-६, वज्राहा, सिसौनी

**पीडकहरुः** अज्ञात

पीडकहरुले ०६१ जेठ ७ गते राति करिब २ बजेतिर "हामी सुरक्षाकर्मी हौं, ढोका खोल" भनी बोलाएका थिए। पीडितका परिवारले ढोका नखोल्दा फुटाउन खोजेपछि ढोका खोलेका थिए। ढोका खोलेपछि ३ जनाले एउटा कोठामा भएका ५ जनालाई तरवार देखाएर त्यहीं राखे भने अन्य २ जनाले पहिले र त्यसपछि बाँकीले पालैपालो १२ वर्षीय बालिका सुतेको कोठामा पसी बलात्कार गरेका थिए। घटनापछि पीडित बालिका स्कुल जान छाडेकी छिन्। उनी आफ्नो घरमा समेत बस्न नमानी आफन्तकोमा बस्दै आएकी छन्। प्रहरीमा उजुरी दिएकोमा कारवाही भएको छैन।

## सात

**पीडितः** १४ वर्षीय बालिका

**घटनास्थलः** इनरुवा नपा-६, नयाँ मुसहरी बस्ती

**पीडकहरुः** रणधीर चौधरी (शंकास्पद), चुनचुन चौधरी (शंकास्पद), नेप्ला चौधरी (शंकास्पद), दीपु चौधरी (शंकास्पद), सुखीलाल उराँव (शंकास्पद), प्रभु पण्डित (शंकास्पद), सन्तोष मण्डल (शंकास्पद), चन्देश्वर चौधरी (शंकास्पद), पोक्चा चौधरी (प्रहरीद्वारा आशंकित, हालै मृत्यु भएको)

इनरुवा नपा-६ कुरुवा खोला छेऊ नयाँवस्तीमा ०६१ जेठ ४ गते राति करिब ११ बजे भएको बलात्कारको घटनामा १४ वर्षीय बालिका सीता सदाको बलात्कारपछि हत्या भयो। घटना विवरणअनुसार, त्यस रात आठ-नौजनाको नकावधारी समूहमा आएका स्थानीय युवाहरुले टीररु सदासँग १० हजार रुपैयाँ माग गरेको, तर आफूसँग त्यत्रो रकम नभएकाले कसरी दिने भन्ने जवाफ दिएपछि उनीहरुले टिररुकी कान्छी पत्नीलाई आँखामा टर्च देखाएर टाउकोमा हिर्काए र सानी छोरी ८ वर्षीय रुन्ची सदालाई "जाउँ" भन्दा ज्वरो आएको जनाउँदै जान नमानेपछि सीतालाई लिएर गएका थिए। उनलाई छुटाउन वाहिर निस्कँदा नभेटिएको टिररु बताउँछन्। सीता सदाको खोजी गर्दै जाँदा अपहरण भएको २ दिनपछि इनरुवा नपा-४ स्थित पोखरीमा आधा गाडिएको नग्न अवस्थामा लास भेटियो। घटनापश्चात् ०६१ जेठ ५ गते जिप्रका इनरुवामा उजुरी दिएको, प्रहरीले पीडकलाई पक्रिएको तर उनीहरु पीडक होइनन् भन्दै छाडेको टिररु बताउँछन्। त्यस्तै, जिल्ला प्रहरी कार्यालयका डीएसपीले "नेताहरुको पछि नलाग हामी काम गरिहाल्छौं" भनेर आश्वासन दिएता पनि काम नभएको र "दिलवहादुरका मान्छेले १० हजार रुपैयाँ दिन्छु, हल्ला नगर, कुरा यतै मिलाउनुपर्छ" भनेको टिररुले बताए। घटनापश्चात् साविक वस्दै गरेको ठाउँ छोडी सीता सदाको परिवारलगायत् त्यस टोलका २६ घरपरिवार अन्यत्र विस्थापित भएका छन्। तीमध्ये सीता सदाको परिवारसहित मुसहरवस्तीका मानिस डरका कारण कोही सुनसरी खोलाको किनारमा रहेको मसानघाटछेउ र कोही आफन्तको घरमा बस्दै आएका छन्। सो वस्तीमा उनीहरुको आफ्नै जमीन थियो तर भयका कारण सुकुम्वासी बन्न वाध्य भएका छन्।

## सात

**पीडितः** १६ वर्षीय विवाहित किशोरी र उनकी ८ वर्षीय बहिनी

**घटनास्थलः** इनरुवा-४, गणेशपुर

**शंकास्पद पीडकहरुः** सन्तोष मण्डल इनरुवा-४, प्रभुराम पण्डित र दुईजनाको नाम थाहा नभएको

०६१ जेठ ४ गते राति करिब ९ बजेतिर इनरुवा नपा-४ स्थित गणेशपुरमा माईती आएकी १६ वर्षीय किशोरी र उनकी बहिनीलाई नकावधारी समूहमा आएका व्यक्तिहरुले परिवारका अन्य सदस्यहरुलाई सुतिरहेको ठाउँमा मुखमा कपडाले छोपी पीडितद्वयलाई घरमा रहेको सुत्ने कोठा र गाई गोठमा लगी सामुहिक वलात्कार गरेका थिए। शंकास्पद पीडकहरुमध्ये सन्तोष मण्डल र प्रभुराम पण्डितलाई हाल जिल्ला प्रहरी कार्यालय, इनरुवामा अनुसन्धानका लागि थुनामा राखिएको छ भने वाँकी पीडकहरु फरार छन्। पीडितकी आमाले उल्लेखित पीडक ४ जना नै वास्तविक पीडक हुन् भनी किटानी गरेकी छन्।

## आठ

**पीडितः** १२ वर्षीय बालिका

**घटनास्थलः** डुम्राहा गाविस-१, नयाँवस्ती

**पीडकहरुः** शंकरलाल चौधरी र अन्य ३ जना

०६० फागुन २४ गते होलीको दिन बिहान १२ वजेतिर पुनमकुमारी साह वाखा चराउन वारीतिर गएकी थिइन्। उनी वेलुकी ८ वजेसम्म पनि नआएपछि खोजी गर्न जाँदा वारीमा वलात्कार गरी हत्या गरेर फ्याँकिएको अवस्थामा फेला परेकी थिइन्। सर्ट च्यातेर घाँटीमा वेरेको अवस्थामा लास पाइएको थियो। पीडकहरुमध्ये शंकरलाल चौधरीलाई जेल चलान गरिएको छ भने ३ जना फरार छन्। प्रहरीले उनीहरुको नाममा वारेण्ट जारी गरेको वताएको छ।

## दश

**पीडितः** ३० वर्षीय महिला
**घटनास्थलः** डुम्राहा गाविस-९
**पीडकः** भुपाल मण्डल, डुम्राहा गाविस-२ र अन्य अज्ञात

०६० फागुन २२ गते राति करिब ८ बजेतिर आफ्नो घरमा रहेकी, रामोसँग बोल्न नसक्ने र केही लठेभ्रीजस्ती देखिने ३० वर्षीय एक महिलालाई स्थानीय डुम्राहा गाविस-२ का भुपाल मण्डलसहितको ३-४ जनाको समूहले बलात्कार गऱ्यो। घटनाको भोलिपल्ट गाउँमै पञ्चायती बसेर दुबैपक्षलाई सँगै राखी पीडकबाट जरिवानास्वरुप ५ सय रुपैयाँ तिराएर घटनालाई साम्य बनाएको पीडितका भिनाजुले बताए। तर, मिलापत्र गरिसकेपछि जिल्ला प्रहरी कार्यलयबाट गएको प्रहरी टोलीका प्रहरी सहायक निरीक्षक हरि दाहालले सो कागजसमेत लिएर गएको उनी बताउँछन्। पीडकहरुमध्ये भुपाल मण्डल मिलापत्र गर्ने दिनसमेत उपस्थित थिए। उनले जरिवाना तिरेको पीडितका आफन्त बताउँछन्। पीडितका आमाबाबुसमेत नभएकाले उनी आफन्तको घरमा बस्दै आएकी छिन्।

## एघार

**पीडितः** ११ वर्षीय बालिका
**घटनास्थलः** जल्पापुर गाविस-३
**पीडकहरुः** कृपान गुप्ता बसन्तपुर गाविस-६, सम्सुल मियाँ, भुटाहा गाविस, मस्तकिन मियाँ, जलपापुर गाविस-८, कुरबान खाँ, घुस्की गाविस, अन्यको नाम थाहा हुन नसकेको

०६० फागुन १६ गते १२ जना डाँकाहरु "हामी तिमीहरुका मेहमान हौं" भन्दै आएर ढोका ढक्ढकाए। ढोका नखोल्दा वञ्चरोले हिर्काई ढोका फोडेर भित्र पसे। घरमा भएको नगद ४१ हजार रुपैयाँ, २ तोला सुन र ४ तोला चाँदीसमेत लुटपाट गरेर आमासँगै सुतिरहेकी ११ वर्षीय बालिकालाई उठाएर बाहिर ल्याई ३ जनाले हिँडाउँदै घरदेखि पूर्वतर्फको शाखा नहरमा लगे। त्यहाँ लैजाने क्रममा आफूसँग "तेरा मामा कतिजना छन्?" भनेर प्रश्न गरेको पीडित बताउँछिन्। लगेको २ घण्टापश्चात् उनी ढलपल गर्दै, रुँदै-कराउँदै घर आइपुगेको परिवारले बताए। उनी घरमा आइपुगेकी बेहोस भएर लडिन्। त्यसपछि मात्र बलात्कार भएको थाहा भएको थियो। त्यसबेला उनको शरीर र कपडा रगताम्मे भएको देखिएको उनका बाबुले बताए। पीडित बालिका रातको समयमा डराउने, टाउको दुख्ने, मुटु छिटो-छिटो ढुकढुक गर्ने, सास फेर्न गाह्रो हुने, खानामा कम रुची देखिएको, काममा इच्छा कम लाग्ने, घटनाको बारेमा भन्न तथा सम्झन नचाहने, सजिलैसँग रुन मन लाग्ने, रिंगटा लाग्ने, झिँझो मान्ने, छटपटी हुने जस्ता समस्याहरु देखिए। अहिले उनी अन्यत्रै अध्ययनरत छिन्।

## बाह्र

**पीडितः** ३५ र २५ वर्षीय दुई महिला
**घटनास्थलः** चाँदवेला गाविस-६
**पीडकहरुः** विक्की गुरुङ र सत्यनारायण चौधरी, चाँदवेला गाविस-२, अन्य अज्ञात

०६१ फागुन ११ गते राति ११.३० बजेतिर करिब ८-१० जनाको समूहमा आएका नकावधारी समूहले "ढोका खोल, हामी सुरक्षाकर्मी हौं" भन्दै धेरै बेरसम्म ढक्ढक्याएपछि घर परिवारले ढोका खोले। त्यसबेला उनीहरुको हातमा खुकुरी र तरवार थियो। पीडकहरुले आफ्नो घाँटीमा खुकुरी राखेर आफ्नै अगाडि पत्नीलाई बलात्कार गरेको पीडितका पति बताउँछन्। "उनलाई त्यसो नगर" भन्दा पीडकहरुले उनलाई बोल्नसमेत नदिएर मुख बन्द गरिदिएका थिए। उनलाई बलात्कार गरिसकेपछि पीडकहरु उनको देवरको घरमा गई देवरकी पत्नीलाई त्यही प्रक्रियाले बलात्कार गरेका थिए। पीडकहरुले घरमा रहेका साइकलसमेत लुटेर लगे। घटनाको जानकारी पाएपछि प्रहरीले स्थानीय चाँदवेला गाविस-२ का विक्की भनिने सम्वर गुरुङ र सत्यनारायण चौधरीलाई पक्राउ गरेकोमा हाल पुर्पक्षका लागि थुनामा राखिएको छ। बाँकी पीडकहरु हालसम्म फरार छन्। अहिले त्यस ठाउँका ६ घरपरिवार आफ्नो वासस्थान छोडेर गणेशपुर, खनार र चाँदवेला गाविस-६ का अन्य स्थानमा गएर बस्न थालेका छन्। पीडितहरुका अनुसार, यसभन्दा अगाडि सुरक्षाकर्मीहरुले उनीहरुका घरमा आएर त्यही भाषामा त्यसरी नै सोधखोज गर्ने गरेका थिए। पुनः यस्ता घटना दोहोरिने डरले विस्थापित भएको उनीहरु बताउँछन्।

## तेह्र

**पीडितः** ३० वर्षीय महिला
**घटनास्थलः** प्रकाशपुर गाविस-५, चिलिया टापु
**पीडकहरुः** घुरन चौधरी, तामाङ थरको एक युवक र अन्य अज्ञात

०६० मंसिर ९ गते राति करिब ९-१० बजेतिर १०-११ जनाको नकावधारी समूहले स्थानीय अशोक बानियाँको घरमा लुटपाट गऱ्यो। त्यसपछि उनीहरु ती महिलाको घरमा गएर पैसा माग्न थालेपछि उनका पति भागे। पति भागेको मौका पारेर उनीहरुले ती महिलालाई बलात्कार गरे। बलात्कारको घटना थाहा पाएर फत्तेपुर प्रहरी चौकीका प्रहरी घटनास्थल पुगी एकजना तामाङ थरको व्यक्तिलाई पक्राउ गरेका थिए भने स्थानीय युवा घुरन चौधरीलाई माओवादीहरुले हत्या गरे। अन्य पीडक अज्ञात छन्।

*(पूर्वाञ्चलमा कार्यरत मानवअधिकार संघसंस्था, पत्रकार र नागरिक समाजसम्मिलित 'मानवअधिकार सञ्जाल' का दुई वटा टोलीले गरेको स्थलगत अध्ययनबाट प्राप्त मुख्य तथ्यहरुको सारांश ।)*

**महिलाविरुद्ध हिंसाका विरुद्धमा संगठित आवाज उठाऔं । पीडकलाई कारवाहीको भागिदार बनाऔं ।**

# बलात्कारीलाई कारवाही : कानुन फितलो कि कार्यान्वयन ?

## ३५ दिने म्याद छोटो भयो

**डीएसपी गीता उप्रेती**
**प्रमुख, महिला सेल, नेपाल प्रहरी**

जनचेतनाको कारणले प्रहरीमा रिपोर्ट गर्न आइरहेका र सार्वजनिक गर्ने गरिएका घटनाहरुको संख्या बढेको छ। पहिला यस्ता घटनाहरु गोप्यरुपमा राखिन्थ्यो। यस्ता घटनालाई भन्न नहुने चिज हो, पाप हो भन्ने ठानिन्थ्यो। तर, अहिले यस्तो घटना अपराध हो र अपराधीहरुलाई छूट दिनु हुँदैन भनेर रिपोर्ट गर्न थालिएको छ। घटनाहरु बाहिर आउने गरेका छन्। गैर सरकारी संस्थाहरुले जनचेतना फैलाइरहेका छन्। त्यसबाट मानिसहरु सचेत भएका छन्। सूचनाहरु पाइरहेका छन्। यस्तो कार्य गर्दा त्यस्तो परिणाम हुन्छ भन्ने सूचनाहरु पाइरहेका छन्। यदि त्यसो नहुँदो हो त यस्ता घटनाहरु वाहिर आउँथेजस्तो मलाई लाग्दैन।

पीडकलाई गरिनुपर्ने कारवाहीका सम्वन्धमा मुलुकी ऐनको जवर्जस्ती करणी महलमा स्पष्टरुपमा उल्लेख गरिएको छ। मुलुकी ऐनको एघारौं संशोधनले त अप्राकृतिकरुपमा गरिने यौन शोषणलाई पनि जवर्जस्ती करणीसरहको कारवाही हुने खालको प्रावधान वनाइसकेको छ। त्यसकारण अभियुक्तहरुलाई कारवाही हुनुपर्छ भन्ने कुरामा कुनै द्विविधा छैन। अपराधीहरुले सजाय पाउनुपर्छ भन्ने कुरा वुझेर नै यस्ता घटनाहरु प्रहरीसमक्ष रिपोर्ट हुने संख्या वढेको होजस्तो मलाई लाग्दछ। अपराधीहरुले सजाय पाउन कस्ता-कस्ता कुरा अपनाउने भन्ने कुरामा चाहिं त्यति सचेतनता आइसकेको जस्तो लाग्दैन। जाहेरी दरखास्त दिएर उजुरी गर्दैमा अपराधीले सजाय पाउँछ भन्ने हुँदैन। अभियुक्तलाई एउटा अपराधी हो भन्ने प्रमाणित गर्नका लागि त विभिन्न सवुद प्रमाणहरु चाहिन्छन्। पर्याप्त सवुद प्रमाण नभएसम्म पीडित पक्षले न्याय पाउँछ भन्न सकिँदैन। तसर्थ, हामीले सवुद प्रमाणहरुलाई कसरी सुरक्षित राख्ने, ती प्रमाणहरुलाई कसरी अदालतमा पेश गर्ने भन्नेवारेमा वढी सचेत हुनुपर्छ । त्यस्ता सवुदहरुलाई नष्ट हुन नदिन पहल गर्नुपर्छ। यसो गर्दा अपराधीहरुले सजाय पाउँछन्। अपराधीहरुले सजाय पाउनुको मतलव उनीहरुले पनि "हामीले वलात्कार गर्न हुँदो रहेनछ" भन्ने वुझ्दछन्। सजाय हुने भएकाले, "यस्तो काम त गर्न नहुने रहेछ" भनेर उनीहरुले थाहा पाउँछन् र त्यही अनुसारको सन्देश जान्छ। अर्कोतिर, पीडित पक्षले पनि न्याय पाउँछ। जनतामा न्याय पाइँदोरहेछ भन्ने चेतना जाग्छ र यस्ता घटनाहरुलाई सार्वजनिक गर्ने, उजुरी गर्ने क्रम वढ्दछ।

पीडकलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्ने विषय पनि महत्वपूर्ण हो। मुलुकी ऐनकै कुरा गर्ने हो भने जवर्जस्ती करणी गरेको ठहर भएमा आधा अंश भराउने भन्ने खालको नियम-कानुन पहिलेदेखि नै छ। तर, कति महिलाले क्षतिपूर्ति पाए भन्ने कुरा हेर्नचाहिं अध्ययन नै

## कार्यान्वयन प्रभावकारी छैन

**दुर्गा घिमिरे**
**अध्यक्ष, एबीसी, नेपाल**

बलात्कारका घटनाहरु पहिले पनि हुने गर्दथे तर अहिले सार्वजनिक गर्ने र उजुरी दिने क्रम बढेको छ। खासगरी प्रजातन्त्र पुनर्स्थापनापछि मानिसहरुमा जागरुकता आएकाले, यो विषयलाई महिलाअधिकार संस्थाहरुले मानवअधिकारको गम्भीर हननको रुपमा उठाएकाले र संस्थागत संरचनाहरुको स्थापना भएकाले घटना सार्वजनिक गर्ने क्रम पहिलेको तुलनामा धेरै वढेको हो। हिजो हाम्रो सामाजिक संरचनाले गर्दा यस्ता हिंसाका घटनाहरु समाजले के भन्छ भनेर सार्वजनिक नगर्ने स्थिति वढी थियो, यद्यपि अहिले पनि यस्तो वाली कायमै छ। तर अहिले कतिपय घटनाहरुमा पीडितका वावुआमा नै आएर रिपोर्टिङ र उजुरी गर्ने गरेका छन्। यो राम्रो पक्ष हो।

वलात्कारका घटनामा पीडकलाई एकदमै कम सजाय भएको छ भन्ने मलाई लाग्छ। हामीले यो विषयलाई धेरै अगाडिदेखि हेरिरहेका छौं, संस्थागतरुपमा पनि उठाउने गरिएको छ। वलात्कारका घटनाहरुमा पीडकहरुले जुन सजाय पाउनुपर्ने थियो, त्यसो हुन सकेको छैन। यसका लागि कानुनी व्यवस्थाको अभाव नै मुख्य कारक हो यद्यपि अहिले कानुनमा परिवर्तन भएको छ। मुलुकी ऐनको एघारौं संशोधनमार्फत् वलात्कारको परिभाषा पनि व्यापक पारिएको छ। यौन दुर्व्यवहारलाई पनि वलात्कारको परिभाषाभित्र समेटिएको छ। तर, यसभन्दा अगाडिको कानुनमा पीडित महिलाले नै प्रमाणको भार पुऱ्याउनुपर्ने व्यवस्था थियो। सम्वन्धित निकायसमक्ष उजुरी हुनुपर्ने निकै छोटो समयावधि व्यवस्था छ। हाम्रोजस्तो सामाजिक परिवेशमा वलात्कारको शिकार भएको महिलाले २४ घण्टाभित्र सम्वन्धित निकायसमक्ष गएर उजुरी गर्ने र मलाई वलात्कार भएको छ भन्ने मनस्थिति र प्रेरणा पनि छैन। पीडित पक्ष र पीडितका अभिभावकहरुलाई कानुनी प्रावधानहरुको वारेमा जानकारी पनि छैन। वलात्कारको घटनावारे उजुरी गर्दा वा सार्वजनिक जानकारी गराउँदा भोली त्यो वालिकाको विवाह नहोला भन्ने डरका कारण उजुरी गर्नेतर्फ अभिभावकहरुमा

गर्नुपर्दछ। कति महिलाहरुले आधा अंश पाए? कति बलात्कारीहरुको अंश पीडित पक्षले पाए? भन्ने कुरा हेर्नैपर्ने हुन्छ। त्यसलाई हेरेको खण्डमा पीडितले साँच्चिकै न्याय र कानुनमा उल्लेख भएअनुसारको अंश पायो कि पाएन भनेर यकिन गर्न सकिन्छ। कानुनमा व्यवस्था त छ तर कतिले पाए भन्ने कुरा अहिलेसम्म थाहा छैन।

कानुनको कुरा गर्ने हो भने, जबर्जस्ती करणी वा बलात्कारको सम्बन्धमा अपराधीको आधा अंश पीडित पक्षलाई भराउने भन्ने व्यवस्था असाध्यै सकारात्मक छ र यसले राहत, क्षतिपूर्ति दिन्छ भन्ने कुरा विश्वास गर्न सकिन्छ। यसमा नपुगेको कुरा भनेको ३५ दिने म्यादको सवाल हो। बलात्कारको घटना भएको ३५ दिनसम्म उजुरी गरिसक्नुपर्छ र अदालतमा पनि पुगिसक्नुपर्छ। यति छोटो समयमा सबैखालको प्रकृया पूरा गरिसकिदैन कि, सबैखालका सबुद संकलन गर्न सकिदैन कि भन्ने कुरा खट्किएको छ। ३५ दिन नाघेको खण्डमा उजुर लाग्ने अवस्था नै रहदैन। बलात्कारको घटना भएको हो भन्ने थाहा हुँदाहुँदै पनि ३५ दिन नाघिसकेपछि प्रहरीले मुद्दा दर्ता गर्न सक्ने अवस्था हुँदैन। तसर्थ, उजुरी गर्ने हदम्यादलाई बढायो भने सजिलो हुन्छ कि भन्ने कुरा अनुसन्धानको क्रममा हामीलाई खट्केको सवाल हो।

कानुन र कार्यान्वयन दुई तहमा हेर्दा एक अर्कोबीच अवश्य सम्बन्ध छ। कानुनमा कतिपय कमीकमजोरीहरु छन्, जसले गर्दा कार्यान्वयन वलियो हुन सकेको छैन। अर्कातर्फ, बलात्कारको घटनामा सामाजिक पक्षको पनि ठूलो भूमिका छ। समाजमा बलात्कारीलाई घृणा गर्नुको सट्टा पीडित पक्षलाई नै हेयको दृष्टिले हेरेको पाइन्छ। यसबाट बलात्कारलाई सामाजिकरुपमा प्रश्रय दिइएको त होइन भन्ने प्रश्न उब्जन्छ। समाजबाट पीडित पक्षलाई नै थप पीडित बनाउने अवस्था आएपछि कसले उजुरी गर्छ ? कानुन भए पनि उजुर गर्दैन। जहांसम्म कानुन कार्यान्वयनको सवाल छ, अहिले अदालतबाट फैसला भएका मुद्दाहरु हेर्दा सकारात्मक नै देखिन्छ। पहिलाको तुलनामा अहिले धेरै मुद्दाहरु सफल भएको देखिएको छ। यसमा सरकारी निकायहरु, प्रहरी, गैरसरकारी संस्थाहरु र समाजसेवीहरुको ठूलो भूमिका छ। यस्तो भूमिका आगामी दिनमा अझ सशक्त हुनुपर्छ, जसले गर्दा पीडित पक्षलाई वास्तविक न्याय दिन सघाउ पुग्छ। बलात्कारको घटना एकपक्षीय मात्र हुँदैन। यो त पीडितको सामाजिक, आर्थिक सबै पक्षसँग जोडिन्छ। हामीले पनि यी सबै कोणबाट पीडित पक्षलाई हेर्नुपर्ने हुन्छ र उसलाई संरक्षण एवम् सहयोग गर्नुपर्ने हुन्छ। पीडितका सामाजिक-आर्थिक सवाल, उसको स्वास्थ्य उपचार, कानुनी उपचार र दैनिक जीवनमा आवश्यक मानवीय आवश्यकताहरु पूरा गरिदिनेतर्फ प्रयत्न गरियो भने र सबै पक्षलाई सँगसँगै लैजाने हो भने उसले न्याय पाउन सघाउ पुग्छ। यदि एउटा पक्षलाई मात्र हेरेर जाने हो, र बलात्कारलाई एउटा अपराधको रुपमा मात्र हेर्ने र अरु कुरालाई छोड्ने हो भने पीडित पक्षले वास्तविकरुपमा न्याय पाउन सक्तैन र न्यायप्रति ऊ उत्साहित हुँदैन।

कुनै एउटा संस्था वा सरकारी निकायले मात्र व्यक्तिको मानवीय आवश्यकता पूरा गर्नसक्छ भन्ने छैन। यसका लागि सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्छ। त्यसको लागि सहकार्य जरुरी हुन्छ, सबै संस्थाहरुमा वास्तविकरुपमा सहकार्य गर्ने भावना हुनुपर्छ। अपराधीहरुको सञ्जाल हुन्छ। त्यस्ता सञ्जालहरुलाई तोड्नका लागि प्रहरी, सामाजिक संस्थाहरु, गैरसरकारी संस्थाहरु अदि सबैले सहकार्य गरेर सञ्जाल नै निर्माण गर्ने हो भने काम गर्न सजिलो हुन्छ। अपराधीहरुको वलियो सञ्जाल छ, तर कानुन कार्यान्वयन गर्ने पक्षहरुको वलियो सञ्जाल छैन भने कुनचाहि कमजोर हुन्छ ? हामी सहजै अनुमान गर्न सक्दछौं।

*(बातांमा आधारित)*

उदासिनता छ। कतिपय अवस्थामा डाक्टरी रिपोर्ट चाहिन्छ। बलात्कार भएको छैन भनेर धेरैपटक नकारात्मक रिपोर्ट आएको र प्रमाण नभएको अवस्था पनि देखिन्छ। कानुनको फितलोपन, पीडित पक्षको उदासिनता, समाजले महिलाहरुलाई हेर्ने दृष्टिकोण वा महिलाहरुको निम्न सामाजिक स्तर, पितृसत्तात्मक सामाजिक सोच र संस्थागत संरचनाहरुको विकासको कमीका कारण पीडक पक्ष कानुनी कारवाहीबाट उम्कने गरेको पाइन्छ। तर, अहिले केही बलात्कारीहरुले सजाय पाइरहेका पनि छन्।

सामुहिक बलात्कारका घटनाहरुमा पीडितको सुरक्षाको विषय अहिले टड्कारोरुपमा देखिएको समस्या हो। त्यस्ता घटनामा पीडकहरुले पीडित र उसका अभिभावकलाई दिने धम्कीहरुले गर्दा त्यस्ता कतिपय घटनाहरु बाहिर आउन नसकेको अवस्था छ।

कतिपय अवस्थामा घटनाको उजुरी हुँदैन। कतिपय अवस्थामा अभिभावकहरुले नै बयान फेर्ने गरेको पाइन्छ। कतिपय अवस्थामा मुद्दा नलडेर मिलाउने गरेको पनि पाइएको छ। कानुन एक किसिमले पर्याप्त छ तर कार्यान्वयन पक्ष त्यति प्रभावकारी छैन। त्यसकारण कानुनको कार्यान्वयनलाई प्रभावकारी बनाउनु जरुरी छ। कतिपय घटनामा न्यायालयबाट बलात्कारीहरुलाई सजायका साथै उसको आधा अंश पीडितलाई दिलाईदिने फैसला पनि भएको छ। यस्ता सकारात्मक कार्यहरुलाई अझ प्रभावकारी ढंगले अगाडि बढाउन जरुरी छ। सरोकारवाला सबै पक्षहरु, जस्तै: कानुन व्यवसायीहरु, न्यायाधीशहरु, प्रहरीहरु, महिला अधिकार तथा मानवअधिकार संस्थाहरु, सञ्चार माध्यम आदिले पहल गर्न सकेको खण्डमा कार्यान्वयन प्रभावकारी हुनसक्छ। यस्तो प्रभावकारिताका लागि एउटा मात्र कार्यले पुग्दैन। त्यसका लागि जनताको सचेतनता, जनसहभागिता, अभिभावकहरुको सचेतनता आदिको विकास चाहिन्छ।

रामोसँग कार्यान्वयन गर्ने हो भने कानुनमा उल्लेख भएको १० वर्षको कैद सजायलाई ठूलै मान्नपर्दछ। अहिलेको सन्दर्भमा, कानुनमा बलात्कारको परिभाषा र सजाय दुवै ठिकै देखिन्छन्। सानो-सानो बालिकालाई बलात्कार गर्नेलाई ज्यान सजाय नै दिनुपर्छ भन्ने मत पनि पाइन्छ। तर हामी मानवअधिकारकर्मीहरुले त्यस्तो भन्नु हुँदैन। भारत, चीनलगायत्का देशमा त ज्यान सजाय नै दिने गरिन्छ। तर हामीहरुले त्यस्तो सजाय नै चाहिन्छ भन्नचाहिं सक्दैनौं।

धेरैजसो बलात्कारका घटनाहरु परिवारभित्रै पनि हुने गरेका छन्। यस्ता घटनाहरुको उजुरी हुनुपर्दछ र पीडकले कानुनी सजाय पाउनुपर्दछ। पीडकहरुलाई धरौटीमा छोडिनु हुँदैन। पीडकहरुलाई अलि कडा सजायको व्यवस्था हुने हो भने यस्ता घटनाहरु रोक्न सक्दछौ भन्ने मलाई लाग्दछ। महिला अधिकार, मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुले बलात्कारविरुद्ध संगठित र सशक्त आवाज उठाउने, पीडित पक्षलाई सुरक्षा दिने, पीडकलाई सजाय दिलाउनेतर्फ आफ्ना कार्यक्रमहरु विस्तार गर्नु आवश्यक छ।

*(बातांमा आधारित)*

# बलात्कारसम्बन्धी कानुन : एक विश्लेषण

अधिवक्ता सपना मल्ल प्रधान

*बलात्कार ! सामुहिक बलात्कार !! करिब ९ महिनाको दौरानमा सुनसरी जिल्लामा मात्र १३ वटा सामुहिक बलात्कारका घटना।*

*आफ्नै आमा तथा दाजुको अगाडि बहिनी माथि बलात्कार ! आफ्नै अगाडि आफ्नो छोरीको बलात्कार अनि हत्या गरी पोखरीमा फालिनु।*

*९ वर्षको बच्चाको बलात्कार, योनीमा घाउ, रगत, पिसाब बगिरहेको पीडा !*

*एउटा महिलालाई १४ जनाले बलात्कार गरेको मुद्दा पनि दर्ता भएको छ, तर किन बलात्कार भयो भन्दा उनको चरित्र नै कारकतत्व रे !*

*सुरक्षाफौजले बलात्कार गरी असुरक्षित गर्भपतन गर्दा मृत्यु ! किन मुद्दा दर्ता नभएको भन्दा प्रमाण नहुनु, ३५ दिनको हदम्याद नाघिनु। अभियुक्त ठम्याउन नसक्नु, चिकित्सकको राय नकारात्मक, अनुसन्धान गर्दा घटनास्थलमा पुग्न नसक्नु !*

हो, यी यौन हिंसा तथा अपराधीले अपराधबाट उन्मुक्ति पाउने आजको स्थितिले गर्दा कानुनको शासन, शोषणविरुद्धको हक, आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार, समानताको हक, हिँडडुलको स्वतन्त्रता, यातनाविरुद्धको हकमाथि प्रश्नचिन्ह उठिरहेको छ। जनताको जीउधन सुरक्षा पुऱ्याउनुपर्ने निकायमाथि प्रश्न उठिरहेको छ। कानुन, जसले बलात्कारलाई अपराध घोषित गर्नुपर्ने, कानुनी व्यवस्थामाथि प्रश्न उठिरहेको छ। पीडित व्यक्तिले न्यायको ढोका नै नघचघच्याउँदा सामाजिक सोच, न्याय दिनुपर्ने निकायको विश्वासमा प्रश्न उठिरहेको छ।

आज देशमा बलात्कारसम्बन्धी कानुन नै नभएको होइन, मुलुकी ऐन एघारौं संशोधनले बलात्कारमा थप सजाय, गम्भीर प्रकृतिको बलात्कारको व्यवस्था, नाबालकमाथि गरिने अप्राकृतिक मैथुनसम्बन्धी विशेष व्यवस्था, पनि गरेको छ। त्यतिमात्र नभई बलात्कारमा आत्मरक्षाको अधिकार, क्षतिपूर्तिको व्यवस्था, बन्द इजलासको व्यवस्था र अनुसन्धान तहकिकातमा महिलाको सहभागिताको व्यवस्था पनि गरेको छ। यसका बाबजुद कानुनमा निम्न कमजोरीहरु देखा परेका छन्:-

### जबरजस्ती करणी गर्नेलाई मुलुकी ऐनले व्यवस्था गरेको सजाय

- दश वर्षभन्दा मुनिको बालिकालाई भए दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुन्छ।
- दश वर्ष वा सोभन्दा माथि सोह्र वर्ष मुनिको बालिकालाई भए सात वर्षदेखि दश वर्षसम्म कैद हुन्छ।
- सोह्र वर्ष वा सोभन्दा माथिको महिलालाई भए पाँच वर्षदेखि सात वर्षसम्म कैद हुन्छ।
- जबरजस्ती करणी गर्ने भएको कुरा जानी थाहा पाई हुल गरी संगै लागी जाने समाउने र सो काममा मद्दत दिनेलाई जनही तीन वर्षसम्म कैद गर्नुपर्छ । सोह्र वर्ष मुनिकी स्वास्नी मानिसका सम्बन्धमा भने दोब्बर सजाय हुन्छ।
- जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ ।
- अड्काई जबरजस्ती करणी गर्ने लगाएको भए सो अड्काउनेलाई करणी भैसकेकोमा करणी गर्नेलाई हुने सजायको र करणी हुन नपाएको उद्योगसम्म गरेको भए उद्योग गर्नेलाई हुने सजायको आधा सजाय गर्नुपर्छ ।
- कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी ज.क. महलको ३ नम्बरबमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनुपर्छ।
- कसैले कुनै स्वास्नी मानिसको जबरजस्ती करणी गरेमा त्यस्तो करणी गर्नेको आधा अंश सर्वस्व गरी त्यस्ती स्वास्नी मानिसलाई दिलाई दिनुपर्छ। त्यस्तोमा दशौद लाग्दैन। त्यस्ती स्वास्नी मानिसले अघिल्ला लोग्नेपट्टिको ऐनबमोजिम पाउने अंश पनि पाउँछे ।

**१. संकुचित परिभाषा**

जबरजस्ती करणी भन्नाले कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसको मन्जुरी विनाको करणी भन्ने परिभाषाले आफ्नै स्वास्नी मानिसलाई बलात्कार हुनसक्छ भन्ने वा सम्बन्ध विच्छेदकी महिला कुन वर्गमा रहने भन्ने विषयमा कानुन मौन रहेको छ। हुन त महिला, कानुन र विकास मञ्चका निमित्त मीरा ढुंगानाले हालैको वैवाहिक बलात्कार मुद्दामा वैवाहिक बलात्कार अपराध हो र आवश्यक कानुन निर्माण गर्नुपर्छ भन्ने आदेश अदालतले जारी गरिसकेको छ। जसमा, अभियुक्त पतिसँग सम्बन्ध विच्छेद गर्ने, अंश लिने वा माना-चामल लिने अधिकार पनि पीडित पत्नीमा रहनुपर्ने व्याख्या सर्वोच्च अदालतले गरेको छ। तर, सो निर्णय बमोजिमको कानुन बनिसकेको छैन। बेमञ्जुरीभित्र जोरजुलुम, डर धाक वा अनुचित प्रभावसमेत राखिएता पनि जोरजुलुम भन्नाले बाधा विरोध गरेको घर्षणका चिन्हहरुको कुरा मुद्दाका फैसलाहरुमा गरिएता पनि डर, धाक वा अनुचित प्रभाव भन्नाले के भन्ने विषयमा व्यवस्थाहरु मौन रहेका छन्। अदालती व्याख्या फरक मुद्दामा फरक किसिमको रहेको छ। जस्तै: श्री ५ को सरकार विरुद्ध दिपक भण्डारीको मुद्दामा (ने. का.

प. २०५९, नि. नं. ७१०१, पृ. ३८८) सतित्व बचाउन नसकेको आधारमा मात्र मन्जुर थियो भन्ने भन्न नमिल्ने फैसला भएता पनि फेरि अन्य कतिपय मुद्दामा घर्षणका चिन्हहरु हुनुपर्नेजस्ता व्याख्या भएका छन्। हुन त मधुकर राजभण्डारी विरुद्ध भावना प्याकुरेलको मुद्दामा पीडित स्वास्नी मानिसको हाईमेन च्यातेको स्थितिमा पछि भएको डाक्टरी जाँचलाई लिएर पुरुष वीर्य भेजिनल (स्वाय) मा हुनै पर्दछ भन्ने धारणा रहेको तल्लो अदालतको तर्फबाट जबरजस्ती करणी अपराधको प्रकृतिलाई सहीरुपले नबुझेको यस्तो अपराधमा पीडित व्यक्तिजस्तो कलिलो उमेर र निजउपर भएको शारीरिक एवम् मानसिक बलात्कार, अपराधीको पाशविक मनोवृत्ति र बर्बरतापूर्ण शारीरिक र मानसिक आक्रमणले पीडित महिलाले सहनुपर्ने जीवनभरिको मनोवैज्ञानिक चोट र कुण्ठा एवम् पीडित परिवारले व्यहोर्नुपर्ने सामाजिक बदनामीसमेत तथ्यगत कुरा महत्वपूर्ण देखिन्छ भन्ने जस्तो सकारात्मक फैसला (ने. का. प. २०५७, नि. नं. ४९४९, पृ. ७५०) भएता पनि अन्य कतिपय मुद्दामा प्रमाण वा साक्षीको अभावमा पीडितले न्याय पाउन नसकेको अवस्था छ।

सोह्र वर्षमुनिका बालिकाको हकमा मञ्जुरी भएता पनि बलात्कार मान्ने कानुनी व्यवस्था भएता पनि १६ वर्षमुनिका केटाहरुसँगको सहमतिपूर्ण सम्बन्धमा बालकहरुलाई सजाय नगर्ने सम्बन्धमा कानुन नै मौन रहेको छ। सिर्फ १० वर्ष मुनिकालाई मात्र सजाय माफी गर्ने र १०-१४ मा हप्काई ६ महिनासम्म कारवाही गर्ने भनिएता पनि १४-१६ को हकमा आधा सजायको व्यवस्था रहेको देखिन्छ।

व्याख्याको क्रममा बलात्कार भन्नाले योनिमा लिंगको प्रवेश, वीर्य स्खलन भएमा बलात्कारको कार्य भएको मानिने व्यवस्थाले गर्दा अन्य चिजवस्तुको प्रयोगबाट वा शरीरको अन्य कुनै अंगहरुले हुने बलात्कारलाई बलात्कारको परिभाषाले स्पष्ट पार्न सकेको छैन।

### २. आत्मरक्षाको अधिकारको प्रयोग हुन नसक्नु

बलात्कारमा आत्मरक्षाको अधिकार जबरजस्ती करणीको महल ८ नं. ले गरेता पनि व्यवहारमा यी व्यवस्थाको प्रयोग कानुनको अज्ञानताको कारणले वा कानुन व्यवसायीको माग नगरेको कारणले प्रयोग हुन नसक्नु वा कतिपय अवस्थामा सामाजिक, साँस्कृतिक कारणले प्रयोग गरेको भाषाको आधारमा आत्मरक्षाको अधिकारको प्रयोग हुन सकेको छैन।

### ३. क्षतिपूर्तिको व्यवस्थालाई अंशको रुपमा राखिनु

कुनै पनि अपराधमा अपराधीलाई सजाय गर्नु मात्र पर्याप्त हुँदैन। पीडितले भोग्नु परेको पीडावापत् क्षतिपूर्ति भर्नुपर्ने पीडित न्याय प्रणालीको विकास भएता पनि व्यवहारमा अझसम्म नेपाली कानुनी प्रणालीमा यस सम्बन्धमा पर्याप्त व्यवस्था छैन। भएको व्यवस्थामा पनि अपराधीको आधा अंश सर्वस्व गरी भराउने भनेता पनि अपराधीसँग सम्पत्ति नभएमा के गर्ने भन्ने सम्बन्धमा कानुन मौन रहेको छ। अनि कानुन स्वयंले अघिल्लो लोग्नेपट्टिको ऐनबमोजिम अंश पाउने भन्ने शब्दले आफ्नै लोग्नेलाई कानुन स्वयंले अघिल्लो लोग्ने बनाई पूर्वाग्रही मानसिकता राखेको छ।

### आत्मरक्षाको अधिकार

आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँध-छाँद इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यसबखत कराई गुहार मागी वा अरु केही उद्योग गरी त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफ्नो धर्म बचाउन नसक्ने अवस्था परी त्यस्ता जुल्मीलाई आफ्ना अक्कल बर्कतले सक्नेसम्मका कुरा केही नगरे आफ्नो धर्म नष्ट हुनेसम्मको ठूलो डरत्रास परी करणी लिन नपाउँदै वा उसैबखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिइसकेपछि पनि सोही कुराको रिस थाम्न नसकी उसैबखत करणी लिएकै थलामा वा त्यहींदेखि लपेट्दै गई एक घण्टाभित्र हतियार, लाठो, ढुंगा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन। एक घण्टा उप्रान्त मारेमा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दश वर्षसम्म कैद हुन्छ।

### ४. निश्चित हदम्याद

बलात्कारजस्तो यौन हिंसामा एक त सामाजिक लाञ्छनाको दृष्टिले हेरी रिपोर्टिङ नहुनु र भए पनि ढिलाई गर्नु, कतिपय अवस्थामा अनुसन्धानको दौरानमा ढिलाईले अपराधको हदम्याद नाघेमा अपराधीले उन्मुक्ति पाउने हुँदा ३५ दिनको मुद्दा दर्ता गर्ने हदम्यादको प्रश्न टड्कारोरुपमा आइरहेको छ।

बलात्कारजस्तो यौन शोषणको अपराधमा कानुन स्वयंको अपर्याप्तता, कानुनको कार्यान्वयन गर्ने निकायको संवेदनशीलताको अभाव, कानुनको व्याख्यामा निश्चितताको अभाव, पीडित स्वयम् पनि सामाजिक सोचबाट प्रभावित भई यौन शोषणलाई लाञ्छनाको दृष्टिले हेर्ने मानसिकताले गर्दा अपराध नियन्त्रणमा आएको समस्या समाधान गर्न प्रभावकारी कानुन एउटा महत्वपूर्ण आधारको रुपमा रहेको छ। यसर्थ, वर्तमान कानुनमा संशोधन, अनुसन्धान प्रणालीमा सुधार र संवेदनशीलता, कानुन कार्यान्वयन गर्ने निकायको प्रभावकारिता र संवेदनशीलता अनि सामाजिक मूल्य, मान्यतामा परिवर्तनका साथै सहयोग प्रणालीसँग पूर्ण समन्वय भएमा मात्र पीडितले राहत पाउने स्थिति रहन्छ। पीडित सुरक्षा प्रणालीको अभावमा पीडितले बयान बदल्ने, पीडित न्याय प्रणालीको अभावमा पीडितलाई साक्षीको रुपमा मात्र हेर्ने व्यवस्थामा पनि पूर्ण सुधार आजको टड्कारो विषय हो।

## वैवाहिक बलात्कार

# कानुनको संशोधन आवश्यक

**प्रा. डा. शान्ता थपलिया**

एकताका चर्चाको चरमोत्कर्ष बिन्दमा पुगेको वैवाहिक बलात्कार आज नेपालका अन्य मुद्दाहरुसरह समस्या भएको समयमा त्यसको समाधान खोजिने र त्यसपछि भने चर्चासमेत नहने मुद्दाहरुकै समूहमा पर्ने गएको छ।

जबर्जस्ती करणी गम्भीर प्रकृतिको फौजदारी अपराधमध्येको एक जघन्य अपराध हो। यो अमानवीय र महिलाको मानवअधिकारको विपरीत कार्य हो। जबर्जस्ती करणीले पीडितको शारीरिक, मानसिक, पारीवारिक र आध्यात्मिक जीवनमा नराम्रो असर पार्ने मात्र होइन, यसबाट उसको आत्मसम्मान र अस्तित्वमा नै आच [illegible]छ। जबर्जस्ती करणीको मूलतत्व भनेको हरएक देखाउने, बल प्रयोग गर्ने, जबर्जस्ती गर्नेजस्ता कार्यहरु पर्दछन्। जबर्जस्ती करणीको अवधारणाको दृष्टिकोणबाट हेर्ने हो भने महिलाविरुद्धको घरेलु हिंसाअन्तर्गतको संगीन फौजदारी अपराध हो। फौजदारी अपराधको लागी अपराधिक मनसाय र यस्तो मनसायलाई यथार्थ रुप दिने कार्य गरेको हुनुपर्दछ। मुलुकी ऐन जबर्जस्ती करणीको १ नं. अनुसार "कन्या, अर्काकी सधवा स्वास्नीमानिसमा सोह्र वर्ष नौनकैपाई उसको मञ्जुरी लिई वा नलिई जुनसुकै व्यहोराबाट करणी गरे पनि र सोह्र वर्ष नाघेकीको राजीखुशी बिना बेमञ्जुरीले जुनसुकै तवरबाट भए पनि जोरजुलुम गरी वा डर्‍याक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेकोसमेत जबर्जस्ती करणी हुन्छ" भनी परिभाषित गरिएको भएता पनि वैवाहिक बलात्कारलाई कानूनद्वारा बलात्कार जबर्जस्ती करणी। मा नराखेको हुनाले मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. को व्याख्या अन्तर्राष्ट्रिय सन्धि-सम्झौताअनुरुपको अन्तर्राष्ट्रिय कानुन र कानुनी सिद्धान्तको परिप्रेक्ष्यमा नभएको पाइन्छ।

यौन अपराधमध्ये वैवाहिक बलात्कार अन्य व्यक्तिहरुले गरेको बलात्कारभन्दा अझ खतरनाक, घृणित एवम् क्रुर प्रकारको हुन्छ। यसले महिलालाई असुरक्षित र सधै त्रासपूर्ण वातावरणमा बाँच्न बाध्य तुल्याउँछ। आफ्नो घर, आफ्नो कोठा र आफ्नै ओछ्यानमा आफ्नै लोग्नेबाट हुने यौनिक अपराधलाई धेरैले अपराधको रुपमा स्वीकार गर्न मन पराउँदैनन्। तर, हाम्रो समाजमा नै अर्की के मान्यता छ भने आफ्नोले दिएको पीडा पराईले दिएको भन्दा सयौं गुणा दुःखदायी र पीडादायक हुन्छ। त्यसमा पनि पतिपत्नी भनेको जीवनभर मन, वचन र कर्मद्वारा एक-अर्काको स्वतन्त्रताको अधिकार, निजी व्यक्तित्व र आत्मसम्मानको रक्षा गरी जीवनभर सुख-दुःखमा र एकले अर्कालाई पीडा दुःख नदिने प्रतिज्ञा गरी बाँधिएको पवित्र बन्धन हो। यो बन्धन बाँचुञ्जेल र मृत्युपर्यन्त भावनात्मकरुपमा रहिरहने धार्मिक मान्यता छ। विवाहमा कन्याको पितासमक्ष पतिले पत्नीउपर अन्याय, अत्याचार नगर्ने प्रतिज्ञासमेत गरिएको हुन्छ। यतिमात्र नभएर एउटी केटी विवाह भएर पतिको घर जादा आफ्नो जन्म घरलाई माइती घरको रुपमा परिणत गरी पराइलाई आफ्नो सर्वस्व ठुनी गएकी हुन्छे। के विल्कुल होला-जब त्यो महिलामाथि उसको नयोदिन दलाहाले सिङ्गो मास लछेजस्तो जिउँदो लास बनाई त्यसमा आफ्नो पुरुषार्थ साबित गरी यौन लास मडाउन बलात्कार गर्छ र त्यस्तो कार्य निरन्तर [illegible] आफ्नो जन्मघर छाडेर आएकी आती घाउ निको पान मलम लगाउनको साटो त्यस घाउलाई झारम्झार कोट्याई चस्काउदा कतिपय महिलाको लागी विवाह अभिशाप बन्नसक्छ। समाजमा विवाहलाई यौन शोषणको प्रमाणपत्र मान्ने व्यक्तिको समेत कमी पाइदैन र विवाह गरिएछ लोग्नेले जस्तरी चाहन्छ, जहा चाहन्छ, जतिबेला चाहन्छ, त्यसरी, त्यहा, त्यसबेला उसलाई समर्पण गर्नपर्छ भन्ने प्रायः मान्यता छ। विवाह बन्धन मर्यादित र आनन्दित बनाउनु पति-पत्नी दुवैको प्रमुख कर्तव्य हो र दाम्पत्य जीवनको वैधानिक मान्यता पनि हो। विवाह पत्नीको शारीरिक शोषण र यौन शोषणको निम्ति दिइएको प्रमाणपत्र होइन। वैवाहिक



जीवनमा यौन चाहना हुनु स्वभाविक हो तर पति-पत्नीबीच एक-अर्काको इच्छाविरुद्ध जवर्जस्तीरुपमा, वल प्रयोग गरी पत्नीको भावनाको कुनै कदर नगरी राखिने यौन सम्वन्ध नै वैवाहिक वलात्कार हो। वैवाहिक वलात्कारलाई एक समय विश्वभरि नै वलात्कारको रुपमा लिइदैनथ्यो।

पति-पत्नीको वीचमा सौहार्दपूर्ण व्यवहार भए पनि यौनिकतामा त्यस्तो नहुनसक्छ। पति-पत्नीले एकअर्काको यौनिक चाहना भए-नभएको ख्याल नराखेको पनि हुनसक्छ। पति-पत्नीबीचको शारीरिक स्वस्थता, कार्यव्यस्तता, यौन सहवास चाहना एकै प्रकारको नहुनसक्छ। पति-पत्नीले एक-अर्कालाई बुझ्न नसकेको र एक-अर्काको भावनाको कदर गर्न नसकेको कारणले समेत यस्ता घटनाहरु भएको हुनसक्छ। कारण जेसुकै भए पनि वलात्कार एक जघन्य अपराध हो जसवाट नारीजातिको आत्मसम्मान, मर्यादा र अस्मितामार्थि प्रहार हुन्छ। यसैको कारणद्वारा निज पीडित भएर पनि समाज र परिवारवाट अपमानित हुने भएकाले आफैलाई आफ्नो शरीर र आफ् महिला भएकोमा हीन भावनावाट पीडित हुने सम्भावना वढी हुन्छ। अझै पनि समाजमा वलात्कारका घटनाहरुमा पीडकलाई गर्नुपर्ने व्यवहार पीडितमार्थि नै गरिन्छ।

अन्य व्यक्तिवाट त्यस्तो भएमा उजुरी गर्न सकिन्छ। सजाय दिलाउनसक्ने प्रावधानहरु समेत छन्। सफल-असफल हुनु आफ्नो ठाउमा छ। तर, आफ्नै लोग्नेवाट अनेकन् किसिमवाट आफ्नै कोठामा दिन-दिनै वलात्कृत भई अपमानित र मर्यादाविहीन भएर उसैको शरणमा जीवन विताउनुपर्ने वाध्यता भएका नारीका निम्ति यस अपराधको सम्वन्धमा कुनै उपचार नपाउनु नारीजातिको लागि मात्र नभएर समग्र मानवजातिकै निम्ति ठुलो लज्जास्पद मान्नु पर्दछ। धेरै अवस्थामा महिलाहरुले छोराछोरीको भविष्य, परिवारको इज्जत, समाजको लाज, डरको कारणले सहेर वसेका हुन्छन्। तर, सहन शक्तिको पनि एउटा सीमा हुन्छ। जव अत्याचारले सीमा पार गर्छ तव नारीहरु पतिले गरेका अत्याचारहरुलाई ओछ्यानको कुरो वाहिर ल्याई आफ्नै पतिको विरुद्धमा कारवाही चलाउन वाध्य हुन्छन्। पतिले पत्नीलाई गर्ने गरेका वलात्कारका यस्ता केही उदाहरणहरु, जो कान्तिपुर दैनिक (०५९ वैशाख ३० गते) मा यो लेखिकाको लेखमा छापिएका थिए, यस लेखमा पनि राख्न उपयुक्त ठानेको छु। र, अन्य नयाँ उदाहरणहरुसमेत समावेश गरेकी छु।

- अवोध नावालिकाको छिप्पेको पति छ। नावालिका पत्नीसँगको जवर्जस्ती यौन सहवासवाट वालिकाको यौनाँग क्षत-विक्षत भई सुन्निएर, पाकेर विजोग भएको छ। पत्नी भागेर माइत जान्छे। माइतीमा कसैलाई भन्न सक्दिन। "भागेर आई" भनी माइतीले घरै पुऱ्याइदिन्छन्। घरपरिवारले घरवाट भागेको भनेर हेला गर्छन्। लोग्ने झनझन् क्रूर नवरले यौन सहवास गर्दछ। उसलाई हिँडडुल र पिसाव गर्नसमेत अशक्त वनाइदिन्छ। त्यसपछि फेरी मुस्किलले भागेर माइत जान्छे र आमालाई भन्छे। आमाले गोप्य इलाज उपचार। गराउँछे। छोरी घर जान मान्दिन, लोग्नेले सौता हाल्छ। छोरीको यौनाँग विकृत छ, कानुनी सल्लाह लिन आउँछे। कानुनले लोग्नेले आफ्नो स्वास्नीलाई गरेको वलात्कारलाई वलात्कार मान्दैन, वरु लोग्नेलाई दिइएको अधिकार हो भन्ने सामाजिक र कानुनी मान्यता छ। सजायको कानुनी वाटो छैन। आमा छोरी फर्कन्छन्। वहुविवाहमा सजाय गराउ भन्दा मान्दैनन्। लोग्नेले लात्छ भन्छ तर उसको अंग यौन सम्पर्क राख्ने अवस्थामा छैन।
- समाजमा चौध वर्षकी वालिकाको विवाह गर्ने प्रचलन छ। त्यस्ती वालिकालाई तन्नेरी लोग्नेको लिंगको वारेमा थाहा हुँदैन। उ सुहागरातकै दिन तर्सिन्छे, डराउँछे, मान्दिन र रुन्छे। लोग्नेले हात-खुट्टा वाँधेर, मुखमा कपडा खाँदेर, क्रूर किसिमवाट वलात्कार गरी अंग छिया-छिया पारिदिन्छ। उ मूर्छित हुन्छे। त्यसपछि पनि यही क्रम वारम्वार दोहोरिन्छ। भोलिपल्ट विहानै केटी रुँदै भाग्छे। माइतीले तुरुन्त पुऱ्याउन खोज्छन्। केटी चेपपान गर्न तयार हुन्छे। कानुनी सल्लाहको लागी केटी र केटीकी आमा आउँछन्। कानुन केही छैन, परामर्श हुन्छ। वाध्यताई आमाले सुनाउँदा "त्यस्तै त हुन्छ नि" भन्छन्। केटी घर फर्कन मान्दिन, सवै भएर पुऱ्याउँछन्। लोग्नेको व्यवहार झन् क्रूर हुन्छ। केटी फेरी भाग्छे। केटीको यौन जीवन नरकजस्तो छ।
- लोग्ने दुर्व्यसनी छ। ऊ हमेशा यौन उत्तेजनामा रहन्छ। ऊ यौन गर्दा चुप्पी हातमा लिएर वलात्कारकै शैलीले गर्छ। घाँटी र छातीमा चुप्पी रोप्न खोज्छ र त्रसित गराउँछ, भुल्याउँछ, लात्तीले हान्छ, मर्माहत पारेर चुप्पी हातमा लिई वारम्वार वलात्कार गर्छ। लोग्नेवाट ऊ छुटकारा चाहन्छे तर पाउन सक्दिन। सल्लाह मारछे तर कानुन छैन।
- कठ्याङ्ग्रिएको पुसको जाडो छ। पत्नी नाङ्गै भएर भित्तामा टाँसिएर उभिनु पर्दछ। पति दुवै स्तनमा समाएर भुइँमा लडाउँछ, पुनः स्तनमा नै समाएर झुण्ड्याउदै उठाउँछ र स्तनमा नै समाएर पछार्छ, अर्धचेतन र घायल वनाएर वलात्कार गर्छ। पीडित पक्ष कानुनी सल्लाह लिन आउँछन् तर कानुन छैन।

पत्नी रजस्वला छे। उसको पेट अत्यन्त पीडादायक रुपले दुख्छ। उसलाई सहन समेत गाहो भएको छ। तर, पतिले यो विचार गर्दैन। रजस्वलाकै अवस्थामा जवर्जस्ती वलात्कार गर्छ।

- सहवासमा पत्नीलाई पीडा दिएपछि पतिलाई आनन्द अनभव गर्ने परपीडक पति यौन अंगमा पोल्ने खुर्सानी दलेर पत्नीलाई मर्माहत तुल्याई यौनक्रिया गर्छ।
- पत्नीको यौनाँगमा लठ्ठी घुसारेर अत्यन्त पीडा दिन्छ र त्यसपछि वलपूर्वक वलात्कार गर्छ।
- न्वारान नभएकी सुत्केरी पत्नीसँग अत्यन्त निर्दयतापूर्वक सहवास गर्छ।
- महिनावारी भएको अवस्थामा महिनावारी भएको रगत यौन अंगवाट चुस्छ र जवर्जस्ती वलात्कार गर्छ। त्यसो गर्न नमानेमा सिकिस्त हतेारी कुटछ र त्यसपछि वलात्कारी ढंगवाट सहवास गर्छ।

यी त भए वलात्कारका कुराहरु। विवाहेक पनि आजभोली उत्पन्न भएका लज्जास्पद स्थितिका यौनिक कुकृत्यहरु

ओछ्यानबाट बाहिर आउन थालेका छन्। महिलाहरुले मुख खोल्न थालेका छन्। महिलाहरुले धेरै सहे। हालआएर थोरै महिलाहरुले भए पनि लुकेर बसेका अपराधहरुलाई बाहिर ल्याउन थालेका छन्। कानुनको अभावमा यस्ता मुद्दाहरु बढी नआएता पनि सम्बन्ध विच्छेद, अंशबण्डा, मानाचामलजस्ता अन्य विभिन्न मुद्दाहरुमा पनि यौन यातना, यौन शोषण अधिकतम भित्री कारण भएको पाइन्छ।

यसै सम्बन्धमा मीरा दुंगानाले श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय लगायत् श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, प्रतिनिधिसभा, राष्ट्रियसभालगायत्लाई विपक्षी बनाई मुलुकी ऐनको जबर्जस्ती करणीको महलको १ नं. मा उल्लेख भएको जबर्जस्ती करणीको परिभाषामा विवाहिता महिलामाथि आफ्नै पतिले गर्ने बलात्कारलाई अपराध नमानिएकोले सो पनि थपेर जबर्जस्ती करणीको परिभाषा गरिनुपर्दछ, सोको लागि उपर्युक्त आदेश जारी गरिपाउ भनी रिट दायर गर्नुभएको थियो।

सो रिट निवेदनको फैसलामा कुनै पनि स्वास्नी मानिसको मञ्जुरी विना जबर्जस्ती करणीजस्तो निकृष्ट अपराधिक कार्य गर्ने लोग्ने मानिसले पीडित स्वास्नी मानिस आफ्नै विवाहिता पत्नी भएको कारणबाट त्यस्तो फौजदारी कसुरबाट उन्मुक्ति पाउछ भन्न नमिल्ने भई त्यस्तो कार्यबाट उत्पन्न फौजदारी दायित्व निजले व्यहोर्नपर्ने। सामान्यतया अन्य व्यक्तिले गर्ने र पतिले गर्ने जबर्जस्ती करणीको एकैनासको परिणाम नहुने भएकोले तत्सम्बन्धी प्रमाण परिस्थिति र सजायको मात्राको औचित्यको विषयमा जबर्जस्ती करणीको ८ नं. ले बाह्य व्यक्तिद्वारा हुने बलात्कारमा सृजित परिणाम परिकल्पना गरेकोले पतिले आफ्नै पत्नीलाई जबर्जस्ती करणी गरेको सम्बन्धमा जबर्जस्ती करणी गर्ने पतिबाट अलग बस्न पाउने वा सम्बन्ध विच्छेद गर्न पाउने गरी तत्काल राहत दिलाउने सन्दर्भमा निर्णायक बाल विवाहको अवस्थामा भएको जबर्जस्ती करणी अपराध मात्रा कायम गर्ने सम्बन्धमा समेत वैवाहिक सम्बन्धको विशेष स्थिति र पतिको हैसियतसमेतलाई विचार गरी समष्टिगतरुपले न्यायोचित र स्पष्ट कानुनी व्यवस्था गरी वैवाहिक बलात्कारसम्बन्धी कानुनी अवस्थालाई पूर्णता दिनुपर्ने भएकाले तत्सम्बन्धमा आवश्यक कानुनी संशोधन विधेयक संसदमा पेश गर्नु भनी विपक्षीमध्येको कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। जसलाई यस मुद्दाको विषयमा भएको महत्वपूर्ण उपलब्धी मान्नुपर्छ।

नेपाल सन्धि ऐन २०४७ को धारा ९ ले नेपाल पक्ष भई गरिएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौतालाई कानुनसरह मान्यता दिने व्यवस्था गरेको भएता पनि यसको कार्यान्वयन भएको पाइदैन। महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघको सन्धिपत्र (सीडा) श्री ५ को सरकारले सन् १९९१ मा अनुमोदन गरिसकेको छ। उक्त सन्धिपत्रको धारा २ (च) मा राज्य पक्षले "महिलाविरुद्ध भेदभाव गराउने कुनै पनि प्रचलित कानुन, विनियम, रिति तथा प्रचलनलाई सुधार गर्ने वा खारेज गर्ने गरी कानुन बनाउनेलगायत् आवश्यक पर्ने सबै कदमहरु चाल्नुपर्ने" व्यवस्था गरिएको छ। त्यस्तै, धारा २ (छ) मा "महिलाविरुद्ध भेदभाव हुने वा गराउने सबै राष्ट्रिय दण्ड व्यवस्था खारेज गराउने" भनी उल्लेख गरेको पाइन्छ। धारा ५ (क) मा "पुरुष तथा महिलासम्बन्धी एकोहोरो भूमिकामा आधारित वा कुनै खास लिंगको महत्ताभास वा लघुताभास मा आधारित दुराग्रहको तथा परम्परागत एवम् अन्य प्रकारका प्रचलनहरु निर्मूल गर्ने उद्देश्यप्राप्तिका लागी पुरुष तथा महिलामा रहेको स्वभाविक प्रकृतिको सामाजिक तथा सांस्कृतिक आचरण पद्धतिलाई बदल्ने" भन्ने व्यवस्था गरेको पाइन्छ। तर, यसको सन्दर्भमा भने हालसम्म खासै उपलब्धिमूलक कार्य भएको पाइदैन। आज पनि नेपालमा यस्ता धेरै भेदभावपूर्ण कानुनहरुको बाहुल्यता छ। सर्वोच्चको प्रशंसनीय तथा उपलब्धिमूलक आदेशका बावजुद पनि हालसम्म कानुनमा संशोधन नहुनु यसको ज्वलन्त उदाहरण हो।

यो एक्काइसौं शताब्दी हो, अब सम्पूर्ण मानिसले आत्मसम्मानका साथ आत्मनिर्णय गर्ने, मर्यादित जीवन जिउन र स्वतन्त्र भई कुसंस्कारबाट मुक्ति पाई बाँच्न पाउने अधिकार स्थापित हुदै आएको छ। समयको परिवर्तनसँगसँगै महिलाहरुको विकास र समाजको हरेक क्षेत्रमा उनीहरुलाई सहभागी बनाई सशक्त बनाउने अभियान हाम्रो देशमा अहिले भर्खर मात्र शुरुवात भएको महसुस हुँदै आएको छ। संयुक्त राष्ट्रसंघको घोषणाले पनि वैवाहिक बलात्कारलाई अपराधको परिभाषाअन्तर्गत राखेको छ। त्यस्तै अमेरिकाका विभिन्न २५ वटा राज्यहरुमा वैवाहिक बलात्कारलाई पनि बलात्कारकै मान्यताभित्र पारेर विभिन्न समयमा कानुनहरु बनाइएका छन्। अमेरिकी अदालतहरुले विवाहको अर्थ पत्नीलाई बलात्कार गर्न पाउने प्रमाणपत्र होइन भनी व्याख्या गरेको पाइन्छ भने सन् १९९३ मा अमेरिकाले एक संघीय कानुन बनाएर बलात्कारलाई अपराधको परिभाषाभित्र पारेको छ। सन् १९७८ देखि १९८५ सम्ममा १ सय १८ वटा मद्दामा १ सय ४ जना पतिहरुले पत्नीलाई बलात्कार गरेको अपराधमा सजाय पाएका थिए। त्यसैगरी बेलायत, अमेरिका, अष्ट्रेलिया, क्यानाडा, न्यूजिल्याण्ड फिलिपिन्स, जिम्बाब्वे, दक्षिण अफ्रिकालगायत अन्य केही मुलुकहरुमा पनि वैवाहिक बलात्कारलाई अपराधको रुपमा मानिएको छ। अमेरिकाको न्यूयोर्क कोर्ट अफ अपिलले सन् १९८४ मा पिपल भर्सस लिबर्टीको मुद्दामा विवाहको अर्थ पत्नीसग यौन सम्बन्ध कायम राख्न चाहको बेला त्यो अधिकार स्वयम् प्राप्त हुने होइन, निश्चय नै विवाहको लाइसेन्सलाई पत्नीलाई बलात्कार गर्ने लाइसेन्सको रुपमा लिनु हुदैन भनी वैवाहिक बलात्कारलाई अपराधको परिभाषाभित्र राखेको पाइन्छ।

हाल आएर वैवाहिक बलात्कारलाई अपराधको रुपमा स्वीकार गर्ने राष्ट्रहरुको संख्या दिन-प्रतिदिन बढ्दै आएकोमा नेपालमा पनि सर्वोच्च अदालतको फैसलाले महिलामाथि हुने वैवाहिक बलात्कारलाई "बलात्कार" को अपराध नै हो भनी दिएको फैसलाले महिला उन्मुक्तिको लागी नया आयाम थपेको छ। अब कानुनको संशोधन नितान्त आवश्यक छ।

१

२

३

४

५

६

१. बाँकेको कपास विकास समितिको जग्गामा रहेको मुक्त कमैया शिविर, जहाँका सयौं छाप्राहरु सरकारले जलाइदिएको थियो
२. मुक्तिको वातावरणमा जन्म लिए पनि आमा-बाबुको गरिबीका कारण औषधी उपचार नपाएकी ६ दिनकी एक बालिका
३. छाप्राहरु जलाइसकिएपछिको अवस्था
४. धनगढीको पुरानो विमानस्थलस्थित मुक्त कमैयाहरुको शिविर
५. बिरामी छोराको उपचार गर्न नसकेर चिन्तित टिकापुरस्थित शिविरमा बसेका एक मुक्त कमैया
६. धनगढीको पुरानो विमानस्थलमा रहेको मुक्त कमैयाको शिविरबाट फुलबारीतर्फ नयाँ शिविरमा आफु सुत्ने खटिया बोकेर जाँदै गरेका एक बृद्ध मुक्त कमैया
७. बाँके जिल्लाको नौबस्ता गाविसमा रहेको एक शिविरमा आफ्नो छाप्रो निर्माण गर्दै
८. मुक्त कमैयाका श्रीमतीहरु अगेनामा खानेकुरा पोल्दै
९. छाप्रो बनाउने खर्च नभएका कारण खटियालाई नै छाप्रो बनाई बसेका कैलालीका एक मुक्त कमैया
१०. टिकापुर शिविरमा रहेका जग्गु चौधरीको मुक्त कमैया परिचयपत्रको पछाडिको पाटो जसमा उपलब्ध गराइएका सहयोगहरुको विवरण पूर्णतः रित्तै थियो

# ती छाप्राभित्रका पीडा सम्झँदा ...

पुस्तौंदेखि बाँधा मजदुरका रूपमा रहेका कमैयाहरूलाई श्री ५ को सरकारले ०५७ साउन २ गते मुक्त घोषणा गरेको थियो। मुक्तिको वातावरणमा फेरि खोजेको स्वतन्त्रताको सासलाई त्यससँगै आएको दु:खले रोकेको स्पष्ट देखिन्थ्यो। श्री ५ को सरकारले कुनै पूर्व तयारी तथा आवश्यक पूर्वाधारविना गरेको घोषणाले पीडित पूर्व कमैयाहरू यप पीडित हुन बाध्य हुनु परेको थियो। यसरी मुक्तिको नाममा थप पीडा भोग्न बाध्य पूर्व कमैयाहरूको स्थितिका बारेमा अध्ययन गर्न ०५७ माघमा बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेका शिविरहरूमा पुगेका थियौं। माघको चिसोमा शिविरमा रहेका अधिकांश मुक्त कमैयाका परिवारहरू भुईंमै पातला ओछ्यान तथा परालमा सुत्ने गरेका थिए। सबैजसो शिविरका प्रायः बालबालिका तथा वृद्धवृद्धाहरू बिरामी थिए भने कतिपयको मृत्युसमेत भइसकेको थियो। बिरामी भएका आफ्ना मुटुभन्दा प्यारा छोराछोरीहरूलाई उपचार गर्न उनीहरूसँग पैसा नभएको दु:खेसो डाम्रीसँग पोखेका थिए। मुक्तिपछि जमिन्दारले लत्ताकपडा तथा भाँडाकुँडा केही ल्याउन नदिएको र खास पनि केही नपाइएकाले आफ्ना परिवारलाई दुई त परै जाओस्, एक छाक खुवाउन पनि धौ-धौ परेको मुक्त कमैयाहरूले बताएका थिए। उनीहरू सरकारद्वारा जग्गा र घर बनाउन पैसा पाइन्छ भन्ने आशामा थिए। गएको साउन २ गते कमैया मुक्तिको ४ वर्ष बित्यो। तर पनि समस्या ज्यूँका त्यूँ छ। अधिकांश मुक्त कमैयाहरूले जग्गा पाएका छैनन्। कतिपय त पुनः कमैया नै बस्न बाध्य हुनु परेको अवस्था छ।

● बिमलचन्द्र शर्मा

६

८

९



१०

# बलात्कार : एक मनोवैज्ञानिक सवाल

डा. निरञ्जनप्रसाद उपाध्याय

नेपालमा महिलामाथि हुने गरेका घरेलु हिंसा मानसिक एवम् शारीरिकरुपमा हुने गरेको पाइन्छ। यसभित्र बलात्कार, कुटपिट, खतरनाक अवस्थामा महिलालाई छाडिदिने, लात्तालै भर्कुने, यौन शोषण र यौन दुराचार पर्दछन्। आधुनिक परिवेशमा टेलिफोनबाट दिइने धम्की र अश्लील अभिव्यक्ति पनि हिंसाभित्र नै पर्दछन्। कानुनद्वारा निर्धारित उमेरभन्दा कम उमेर भएको अवस्थामा सहमतिकै आधारमा शारीरिक सम्बन्ध राखेमा त्यसलाई पनि बलात्कार मानिन्छ।

बीसौं शताब्दीको अन्त्यदेखि बलात्कारलाई विस्तृतरुपमा हेरिन थालिएको छ। पीडितको असहमतिमा भएको यौन सम्बन्धलगायत् पुरुष र केटाकेटीसँग गरिने बलात् अप्राकृतिक यौन सम्पर्कसमेत बलात्कारको परिभाषाभित्र पर्दछन्। धेरैजसो कानुनी व्यवस्थामा, पतिले पत्नीको इच्छाविरुद्ध गरेको शारीरिक सम्बन्धलाई बलात्कार मानिएको छैन। एक अध्ययनले के देखाएको छ भने, तीनजना महिलामा एकजना आफ्नो जीवनकालमा कुटिएको, यौनदुराचारबाट पीडित हुने गरेको छ। यस्ता घटनाका अधिकांश पीडक भने आफ्नै परिवारका मानिस हुने गर्दछन् (जान हप्किन्स स्कूल अफ पब्लिक हेल्थ, २००२)। अर्को एक अध्ययनअनुसार, बलात्कारका पीडितमध्ये ९१ प्रतिशत महिला र ९ प्रतिशत पुरुष हुन्छन्। ९९ प्रतिशत पीडक पुरुष हुने गर्दछन् (ब्यूरो अफ जस्टिस स्ट्याटिस्टिक्स, १९९९)। कलेजमा अध्ययनरत १३ प्रतिशत छात्राहरुलाई भेटघाटको क्रममा केटासाथीहरुले शारीरिक सम्बन्ध राख्न बाध्य पारेको पाइयो (जोन्सन एण्ड सिन्गलर, जरनल अफ इन्टरपरसनल भ्वाइलेन्स, २०००)।

धेरैजसो देशमा बलात्कारलाई गम्भीर फौज्दारी अपराध मानिन्छ। तर, धेरैजसो घटनामा पीडितको सहमति र असहमति नै अनुसन्धानको मूल आधार हुने गर्दछ। अदालतमा बयान दिने समयमा असहमति साबित गर्नेक्रममा सोधिने प्रश्नहरु पीडितका लागि कष्टकर हुन्छन्। यसले गर्दा पनि बलात्कारबाट पीडित महिलाहरु उजुरी गर्न हतोत्साही हुने सम्भावनालाई नकार्न सकिदैन। यस्ता घटनामा सामान्यतया कुनै प्रत्यक्षदर्शी नहुने भएकाले अपराध साबित गर्न थप कठिन हुन्छ। बलात्कार र चेलिबेटी बेचबिखनका घटनामा लोकलाजका डरले तुरुन्तै जाहेरी नदिने चलन छ। यसले गर्दा मुद्दाको छानबिनमा बाधा पुग्छ र प्रमाण नष्ट हुनजाने संभावना बढ्दछ (मानवअधिकार वर्ष पुस्तक, २००४)। अपराध स्थापित भएको अवस्थामा अपराधीले गम्भीर, धेरैजसो जेल सजायको भागी हुनुपर्दछ।

पाकिस्तानका अस्पतालमा बलात्कारका घटनामा निरन्तर बृद्धि भइरहेता पनि अपमानित र कलंकित हुने भयले गर्दा प्रकाशमा आउँदैनन् (अहमद, के. १९९९)। भारतमा महिलाहरु माइत र घर दुवै ठाउँमा हिंसाबाट पीडित हुन्छन्। र, सामाजिक संरचनाअनुसार हेपिएका हुन्छन्। इण्डोनेशियामा "वैवाहिक बलात्कार हुने सक्दैन, किनभने विवाहपछि पुरुष र महिला एक हुन्छन्, तसर्थ आफैले आफैलाई बलात्कार गर्ने सम्भावना नै रहँदैन" भन्ने विश्वास त्यहाँको एउटा धार्मिक समुदायको छ। त्यहा वैवाहिक बलात्कारसम्बन्धी कानुन पारित गर्ने प्रयास दई पटकसम्म असफल भइसकेको छ।

नेपालमा सन् २००३ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको प्रतिवेदन अनुसार सो वर्ष बलात्कारका १२९, बहुविवाहका ५१ र चेलिबेटी बेचबिखनका २० वटा मुद्दा परेका थिए। उता सरकारी र गैरसरकारीस्तरमा भएका अध्ययनले भने प्रतिदिन सरदर २० जना नेपाली महिलाहरु भारतका वेश्यालयमा पुऱ्याइने गरेको बताउँछ। मानव अधिकार वर्ष पुस्तक २००४ अनुसार, सन् २००३ मा बलात्कारबाट ६८ जना, बलात्कार प्रयासबाट ४४, यौन दुर्व्यवहारबाट २२ जना महिला पीडित भएका थिए।

सबै महिलालाई बलात्कारले उस्तैप्रकारको असर पर्दैन। पीडकहरुको मनोवैज्ञानिक लगाव साधारणतया ठानिनेभन्दा निकै जटिल सवाल हो। यो केवल यौन चाहनाको नृशंस सन्तुष्टिमात्र नभई रिस, आक्रामकता, र पीडितमाथि शक्तिको "प्याथोलोजिकल" प्रयोगका रुपमा पनि लिने गरेको पाइन्छ।

पीडितहरुको मनोवैज्ञानिक प्रतिक्रिया घटनाअनुसार फरक-फरक हुने गर्दछ। तर आमरुपमा लज्जाबोध, बदनाम, भ्रम, डर र बदलाको भावना लिने गरेको पाइन्छ। उनीहरुले आफूलाई "शुद्ध" ठान्दैनन् र आफूले आफूलाई नियन्त्रण गर्न नसकेको मानसिकतावाट ग्रसित हुने गर्दछन्। उनीहरुले आफ्नो कुनै सहारा नभएको र आफूलाई कसैले पच्छ्याइरहेको महसुस गर्दछन्। कतिपयले निद्रा वा खानाको तौरतरिकामा दीर्घकालीन ध्वंस र काममा सिथिलता आएको महसुस गर्दछन्। बलात्कारको मनोवैज्ञानिक असरको अवधि व्यक्ति-व्यक्तिअनुसार फरक हुने गर्दछ। धेरैजसोमा यसको असर वर्षौं देखिन्छ।

अधिकांश पीडितहरु तीन अवस्थाबाट गुज्रिन्छन्-भावात्मक धक्का, अस्वीकार र हल।

**भावात्मक धक्का** : बलात्कारबाट पीडित महिलाहरुले विभिन्न खाले भावनात्मक प्रतिक्रिया अनुभूत गर्दछन्। जस्तै, एक्लिनुपर्ने भय, पुरुष देख्नासाथ डराउने, उजुरी गरेकाले पीडकहरुले झन् बदलाभाव लिने हुन् कि भन्ने त्रास आदि। उनीहरुमा मानसिक रोग, रिसाउने बानी, आफूलाई असहाय एवम् दोषी ठान्ने प्रवृत्ति विकसित हुने गर्दछ। परिवारका सदस्य, साथीभाइ, आफन्तहरुले सहयोग गर्नुको साटो उल्टै आरोप लगाउने गरेको अवस्थामा मानसिक समस्या झनै चर्किएर जान सक्दछ।

**अस्वीकार** : यस अवस्थामा पीडितहरु आफू बलात्कृत भएको तथ्य बताउँदैनन्। बरु त्यस्ता आक्रमण आफूउपर नभएको बताउन थाल्छन्। साधारणतया समस्याबाट मुक्त हुन खोज्ने यो रणनीति लामो समयसम्म सफल हुँदैन। किनकि पीडादायी यस्ता भावनाबाट चाँडै उन्मुक्ति पाउन सकिदैन।

**हल** : बलात्कारको पीडादायी अनुभवबाट पार पाउन उनको मनोभावलाई बुझेर सरसल्लाह दिने र सहयोग गर्ने साथी वा मनोविमर्शकको आवश्यकता पर्दछ। यसपछि उनीहरु सहज जीवन बाँच्ने अठोटका साथ मनोघातबाट मुक्त हुन सफल हुन्छन्।

*(डा. उपाध्यायको "रेप : अ साइकोलोजिकल इस्यू" को सारसंक्षेप)*

# बलात्कार : मानवता विरोधी अपराध

प्रकाश ज्ञवाली

बलात्कार मानव संसारको विभत्स यथार्थका रुपमा आज पनि विद्यमान छ। बलात्कारीहरु रक्तपत्रजा फिजाइरहेका छन्। सन्दर्भअनुसार यसको फरक अर्थ लाग्ने गर्दछ। सामान्यतया बलात्कार भन्नेबित्तिकै जबर्जस्ती शारीरिक सम्बन्ध राख्नुलाई बुझिन्छ। तर सामाजिक, राजनीतिक, आर्थिक आदि क्षेत्रमा पनि यो शब्दको प्रयोग हुने गरेको छ- विशेषत: प्रवृत्तिगत पक्षहरुलाई औल्याउने क्रममा। जुनसुकै सन्दर्भमा प्रयोग गरिए पनि यसका कारणहरु खोतल्दै जाँदा समान बिन्दुमा पुग्न सकिन्छ।

शारीरिक कोणबाट हेर्दा, बलात्कार त्यस्तो हिंसा हो, जसको माध्यमबाट यौन आकांक्षा पूरा गर्ने प्रयास गरिन्छ। अझ स्पष्ट भन्ने हो भने, यो एक त्यस्तो प्रक्रिया हो, जसमा हिंसा वा डर-त्रास देखाएर कसैलाई इच्छाविपरीत यौन सम्बन्ध राख्न बाध्य पारिन्छ। संसारका जुनसुकै समाजमा पनि यसको शिकार प्राय: महिलाहरु नै हुने गर्दछन्। यस्ता घटनाहरु निकै कम मात्र सार्वजनिक हुने गर्दछन्, जसका कारण बलात्कारी प्रवृत्तिले बारम्बार बिच्छृङ्खलित त्यस्ता पक्ट गरेको पाइन्छ। सामान्यत: बलात्कारका पनि कारणका रुपमा पुरुषमा हुने गरेको अनियन्त्रित यौन चाहना अर्थात् जैविक पक्षलाई लिने गरेको पाइन्छ। तर वास्तविकता त्यस्तो होइन।

महिलावादीहरुको तर्क छ, बलात्कार केवल यौन चाहना पूरा गर्ने माध्यममात्र नभई पितृसत्तात्मक समाजको एउटा प्रमुख विशेषता हो, जसले महिलामाथि पुरुष प्रभुत्व कायम राख्न महत्वपूर्ण भूमिका खेलेको छ। बलात्कार पुरुष दम्भ र अहमको उपज तथा महिलाविरुद्ध हिंसाको प्रमुख स्वरुप हो। यस्ता पर्वत्तिहरु मानिसलाई बलात्कारका निम्ति प्रोत्साहित गर्ने प्रमुख कारकतत्व हुन्। बलात्कार सामान्यतया ठानिनेजस्तो केवल आकांक्षा स्वीकृतिविपरीत अरुको शरीरमाथि आधिपत्य जमाउने अनियन्त्रित जैविक चाहना मात्र होइन। यो त लैंगिक राजनीतिको प्रत्यक्ष अभिव्यक्ति हो। पुरुष दमनको अनुमोदन हो। र, एक प्रकारको आतंक हो, जसले महिला र पुरुषबीचको असमानतालाई कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। यसले समाजमा महिलालाई पुरुषभन्दा हरेक दृष्टिकोणले तल्लो दर्जाका नागरिक बनाइराख्न दबावपूर्ण भूमिका निर्वाह गरिराखेको हुन्छ। महिलावादी सिल्भिया वाल्बाईले निर्धारण गरेको पितृसत्ताका विभिन्न तहहरुमध्ये एकमा पर्ने यौनिकतामा पितृसत्तात्मक सम्बन्धले पनि बलात्कार एवम् अन्य यौनजन्य ज्यादतिहरुलाई प्रोत्साहित गरिरहेका हुन्छन्। कतिपय महिलावादीहरुको तर्कमा यौनिकता शक्तिको सबैभन्दा महत्वपूर्ण पक्ष भएको सामाजिक-आर्थिक-सांस्कृतिक परिवेशमा बलात्कार यौन कुकर्मका रुपमा छताछुल्ल भएको हुन्छ। त्यस्तो अवस्थामा दमनको एउटा माध्यमका रुपमा बलात्कार हथकण्डा प्रयोग गरिएको हुन्छ। अर्कातर्फ, महिलालाई यौन वस्तुका रुपमा लिइने परम्परामा पुरुषत्व ओइरुकाले पनि बलात्कारले प्रश्रय पाएको हो। रेडिकल फेमिनिस्ट हरुले त बलात्कार र पितृसत्ताबीच अन्योन्याश्रित सम्बन्ध भएको किटानी गरेका छन्।

बलात्कार हुनको मुख्य कारण पुरुषलाई गरिने सामाजिकीकरणको प्रक्रिया हो, जसमा महिलालाई यौन चाहना पूरा गर्ने साधनका रुपमा लिइएको हुन्छ। एक्काइसौं शताब्दीको सूचना प्रविधि र सञ्चार माध्यमले पनि महिलालाई साधनका रुपमा चित्रित गर्ने उल्लेख्य बल पुऱ्याएको छ। महिलालाई वस्तुकृत गर्ने र उनीहरुको यौनिकतालाई किनबेच गर्न सकिने साधनका रुपमा लिने मानसिकताको उपज हो, बलात्कार। यस्ता मानसिकतालाई सामाजिक-सांस्कृतिक परम्परा र व्यवहारहरुले मलजल गरेका हुन्छन्, जस बलात्कार संस्कृतिका रुपमा स्थापित हुने गर्दछ। यस्तो कुसंस्कृतिले जहिले पनि पुरुषको प्रभुत्व र महिलाको निर्जीवीकरणलाई जोड दिएको हुन्छ। फलस्वरुप, बलात्कारका घटनामा पुरुषलाई "बहादुर" ठान्ने र महिलालाई "इज्जत लुटिएकी" "जरी" "अशुद्ध" जस्ता लाञ्छना लगाइने गरिन्छ। समाजमा बलात्कारी प्रथाका त्रासद घटित भई महिलाले जिन्दगीभर सामाजिक अपहेलनाको शिकार भन्न पर्दछ। बलात्कृत बालिका वा अविवाहित युवतीलाई विवाह गर्नेसम्मै निकै कठिनाई हुने गर्दछ किनकी त्यही समाज हो, जसले बलात्कृत युवतीलाई अशुद्ध ठहऱ्याएको हुन्छ र उसँग विवाह गर्न हुँदैन भन्ने "पुरुष-मानसिकता" स्थापित गरिदिएको हुन्छ। यही भएर हो- बलात्कारको विरोध गर्दा पुरुषको विरोध हुने। यस्ता कारणहरु छन्- बलात्कारको पर्यायका रुपमा पुरुषलाई चित्रित गर्ने। कतिपय समाजशास्त्रीहरुले बलात्कार कुसंस्कृतिका कारण बलात्कारका घटनाहरुमा वृद्धि हुने गरेको तर्क प्रस्तुत गर्दै आएका छन्। उनीहरुको तर्क छ, "त्यस्तो बलात्कार कुसंस्कृत पुरुषको प्रभुत्व र महिलाको निर्जीवीकरणलाई प्रोत्साहन गर्ने किसिमले गरिने पुरुष सामाजिकीकरण हो।"

मार्क्सवादीहरु बलात्कारलाई शोषणको माध्यमका रुपमा व्याख्या गर्दछन्। यो, वर्गीय भिन्नतालाई कायम राख्न, दमित वर्गलाई अझ दमन गरिराख्न अपनाइने

**बलात्कार एक प्रकारको आतंक हो, जसले महिला र पुरुषबीचको असमानतालाई कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।**

हथकण्डा पनि हो। जबसम्म समाजमा वर्गीय खाडलको अन्त्य हुँदैन, तबसम्म महिला मुक्ति सम्भव छैन भन्ने मार्क्सवादी मान्यताले के संकेत गर्दछ भने, बलात्कार जोसुकैले गरेको भए पनि यसको फाइदा मूलतः सामन्त, पुँजीपति वर्गले नै लिने गर्दछन् र तल्लो तहका जनताको मनोबल गिराइराख्न यस्ता कुकर्मलाई अवसरका रुपमा उपयोग गर्दछन्। महिला मुक्तिको मात्र कुरा गर्नु एकांगी हो, त्यसले सिंगो वर्गीय मुक्ति आन्दोलनलाई कमजोर गराउँछ भन्नेहरु पनि छन्। यसो भन्दा वर्गीय आन्दोलनलाई टुक्राउन यस्ता एकांगी अभियानलाई उपयोग गरिएको तर्क अगाडि सार्ने गरिन्छ। जेसुकै भए पनि, मार्क्सवादी दृष्टिकोणले बलात्कारलाई शोषण र दमनको माध्यम ठान्दछ। जो गरिब छ, जो पिछडिएको छ, जो सहाराविहीन छ, उसैलाई बलात्कारको शिकार बनाउने गरेका उदाहरणहरु प्रशस्त पाइन्छन्। हुन त माथिल्लो वर्गका व्यक्तिहरुबीच बलात्कारका घटना नहुने होइनन्, तर ती विरलै सार्वजनिक हुने गर्दछन्। वर्गीय "इज्जत" का लागि महिलालाई पीडा सँपिरहन र त्यसका विरुद्ध आवाज उठाउनबाट वञ्चित गरिएको हुन्छ। हामी समाजमा हेर्यौं भने पनि सार्वजनिकरुपमा बलात्कारको शिकार हुने महिलाहरु प्रायः तल्लो वर्गकै भएको पाइन्छ।

महिला मनोविज्ञान पनि बलात्कार हुनुको अर्को एक कारण हो। हाम्रोजस्तो समाजमा महिलाहरु सर्वाधान र पुरुष संरक्षक भन्ने मान्यता अत्यधिक पाइन्छ। महिला कमजोर र पुरुष शक्तिशाली हो भन्ने भान व्याप्त छ। रक्षक नै भक्षक भएका उदाहरण पटक-पटक सार्वजनिक भएका छन्। महिला "निरीहता" को मान्यता जबसम्म अन्त्य हुँदैन, तबसम्म बलात्कार मनोविज्ञानको उपचार सम्भव छैन। यद्यपि, हाम्रो समाजमा महिलाहरु आफ्नो समाज-संस्कृति निर्मित "परीधि" बाहिर जान खोजेको आरोपमा जघन्य घरेलु हिंसाहरु नभएका होइनन्। न त रेडिकल फेमिनिस्टहरुले भनेकै अहिले नै जैविक पक्षमा समेत हस्तक्षेप गर्नसक्ने आत्मगत एवम् वस्तुगत आधार तयार भएको छ। अर्कातर्फ पुरुष मनोविज्ञान झनै खतरनाक छ, जसले बलात्कारलाई सदा प्रोत्साहित गरिरहेको हुन्छ। महिलाको दुःखमा रमाउने पुरुष प्रवृत्तिका कारण "महिलाले दुःख आफ्नो भाग्यमा ल्याएका हुन्छन्" भन्ने व्याख्या गरिन्छ। कुनै बलात्कृत महिलालाई कसैले सहानुभूति प्रकट गर्‍यो भने, "उसको भाग्यमै यस्तो हुने लेखेको रहेछ" भनेर बलात्कारीलाई छुट दिने र महिलालाई हतोत्साहित गर्ने चलन प्रशस्तै छ।

बलात्कार हरेक क्षेत्रमा निन्दनीय छ। तर पनि समाजसंग सन्निकट छ। एउटा नकारात्मक सामाजिक पक्षको रुपमा स्थापित भएको छ। धर्महरुले पनि महिलालाई दोश्रो दर्जाका व्यक्तिका रुपमा लिएका छन् र महिलाका लागि छुट्टै नियम बनाएका छन्। उदाहरणका लागि क्याथोलिक धर्ममा महिलाको जीवनभन्दा उसको कुमारीत्वलाई प्रमुख मानिएको छ जसले महिलालाई निरीह ठान्दछ। महिला बलात्कृत भएर कुमारीत्व गुमाएपछि उसको आत्मिक जीवन नै ध्वस्त भएको मानिन्छ।

बलात्कार कुसंस्कृतिमा बलात्कारी प्रवृत्ति मानिसको यौनिकतामात्रै सामाजिक-सांस्कृतिक मूल्य, मान्यताका आडमा झाँगिने र लैंगिकता, यौनिकता र हिंसाको विषद्धीय असन्तुलनबाट उत्पन्न हुने गर्दछ। तर, सबैले बुझ्नु पर्ने सत्य के हो भने, बलात्कार अन्य अपराध र अभ्यासहरुजस्तै नियन्त्रण र अन्त्य गर्न सकिने सवाल हो, जसका लागि आवश्यक पर्छ- प्रतिबद्धता र लगनशीलता। महिलामाथि हुने हिंसाको पराकाष्ठा, बलात्कारी प्रवृत्ति र परिवेशमाथिको विजयबाट सम्भव छ, उन्मुक्ति। महिलालाई वस्तु वा साधन वा तल्लो दर्जाका व्यक्ति ठान्ने प्रवृत्ति विरुद्ध जुझेर सकेमा आमरुपमा देखिने गरेको बलात्कार कुसंस्कृतिमाथि ठिक ढंगले प्रहार गर्न सकिन्छ।

मानवअधिकारका मान्यताहरु बलात्कारविरोधी छन्। चाहे यस्तो बलात्कार शारीरिक होस् या अन्य कुनै। भान्छेले मान्छे भएवापत् प्राप्त गर्नुपर्ने अधिकारहरुको निर्बाध उपयोग गर्न पाउनुपर्छ। कसैको मानवअधिकारको हनन गर्ने अधिकार कसैलाई छैन। यसो भन्दा बलात्कार गर्न पाउनु अधिकार हो कि होइन भन्ने उटपट्याङ प्रश्न सोध्नेहरु पनि नभेटिएलान् भन्न सकिदैन। "बलात्कार" मानवअधिकार हननको पर्याय पनि हो। बलात्कारी भावना र प्रवृत्ति मानवअधिकार उल्लंघनकारी भावना र प्रवृत्ति हो। कुनै व्यक्तिको अधिकारमाथि विभिन्न तह र स्वरुपमा बलात्कार भएको हुन्छ। यही दृष्टिकोणका आधारमा सुक्ष्मरुपमा उदाहरण खोज्दै जाने हो भने व्यक्तिको बलात्कार एउटा जघन्य प्रवृत्ति र व्यवहारका रुपमा देख्न सकिन्छ।

विश्वमा सबैभन्दा बढी महिला अधिकार हनन बलात्कारबाटै हुने गर्दछ। यसको प्रसंग ऐतिहासिक पक्षसंग गाँसिएको छ। यौन अधिकारमाथि पुरुष एकाधिपत्य कायम भएदेखि नै महिलाहरुलाई पुरुषको यौन वस्तुका रुपमा हेरिन थालिएको हो। नेपाली समाजमा त महिलाले यौन अधिकार उपभोग गर्न पाउने भन्ने कुरा "शास्त्र" ले नै दिएको छैन। यसका धेरै पक्षहरु छन्, जो बेग्लै बहस र छलफलका विषय हुन्।

त्यसकारण, बलात्कारका बेग्लाबेग्लै मान्यता, परीधि र विश्लेषणहरु छन्। यसले एकातर्फ प्रवृत्तिजन्य पक्षलाई जनाउँछ भने अर्कातर्फ प्रत्यक्षरुपमा व्यक्तिगत सम्बन्ध र सम्पर्कका रुपमा देखिने पर्दछ। जे जस्तो भए पनि बलात्कार मानवताविरोधी अपराध हो र यो समाजमा कुसंस्कृतिका रुपमा स्थापित भएको छ। यसको समूल अन्त्य लामो यात्रामा तय गरिएको लक्ष्य हो। हाम्रा व्यवहार तदनुरुपका रणनीति र उद्देश्यहरुद्वारा निर्देशित हुनपर्दछ। बलात्कार कुसंस्कृतिको विरुद्धमा जबसम्म समाजका हरेक वर्ग, तह-तक्का र क्षेत्रका व्यक्तिहरुको सक्रिय पहल हुँदैन, तबसम्म यसका जरा र हाँगाहरु फैलिइरहनेछन्- निरन्तर, निरन्तर। जबसम्म बलात्कारविरोधी आन्दोलनलाई महिला आन्दोलनको एउटा पाटोका रुपमा मात्र लिने परिपाटी कायम रहन्छ, तबसम्म यस्तो आन्दोलनविरोधीहरुले चलखेल गर्ने ठाउ पाई नै रहनेछन्। जबसम्म बलात्कारका विरुद्ध महिला-पुरुष एक साथ अगाडि बढ्न सक्दैनन्, तबसम्म "बलात्कारको पर्याय पुरुष" भन्ने मानसिकतामा परिवर्तन आउन सक्दैन।

अहिले हामीले झेलेको मुख्य चुनौति कसरी हिंसाचक्रलाई निस्तेज बनाउने भन्ने हो। कसरी महिलाविरुद्ध हुने हिंसाहरुलाई निरुत्साहित गर्ने भन्ने हो। जसबाट मानवता विरोधी अपराधलाई निस्तेज पार्न र मानवीय विजय हासिल गर्न सकिन्छ।

# यातनाविरुद्धको महासन्धि र हाम्रा प्रतिवेदनहरू-२

कामदेव खनाल

गएको अंकमा हामीले नेपाल यातनाविरुद्धको महासन्धिको पक्षराष्ट्र बने लगत्तै सम्बन्धित समितिमा पठाएको प्रारम्भिक प्रतिवेदन तथा उक्त समितिले सो प्रतिवेदनउपर गरेको टिप्पणीको बारेमा छलफल गरेका थियौं। यस अंकमा सरकारको दोस्रो, तेस्रो र चौथो (संयुक्त) आवधिक प्रतिवेदनउपर छोटकरीमा छलफल गर्ने प्रयास गरिएको छ।

यातनाविरुद्धको महासन्धिको धारा १९ बमोजिम प्रत्येक पक्षराष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवमार्फत् (यो) महासन्धि लागू भएका मितिले एक वर्षभित्र महासन्धि लागू गर्ने क्रममा भए गरिएका प्रयासहरूको प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्ने तथा त्यसलाई प्रत्येक चार वर्षमा महासन्धिका प्रावधानहरू लागू गर्न अफ्ले अपनाएका नयाँ उपायहरू र महासन्धिको सम्बन्धित समितिले माग गरेका अन्य कुराहरूको बारेमा आवधिक प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ। महासन्धिको धारा १८ बमोजिम बनेको समितिले सो प्रतिवेदनउपर विचार गरी त्यसमा आवश्यक टिप्पणी पठाउने सदस्य राष्ट्रमा पठाइदिन्छ। राज्यपक्षबाट पठाइएको प्रतिवेदनको तथा गैर राज्यपक्षबाट पठाइएका प्रतिवेदन वा अन्य माध्यममार्फत् प्राप्त सूचनाको आधारमा सरकारी प्रतिवेदनमाथि टिप्पणी, सुझाव राख्ने गर्दछ। यसमा समितिले महासन्धि लागू गर्ने क्रममा गरिएका सकारात्मक प्रयासहरू तथा गरिनु पर्ने काम, अपनाउनु पर्ने उपायका बारेमा भनिएको हुन्छ।

यस अनुसार सरकारले १९९६ मा दोस्रो, २००० मा तेस्रो तथा २००४ मा चौथो पूरक वा आवधिक प्रतिवेदन पठाउनु पर्नेमा २००४ को मार्चमा आएर तीनै अवधिको बनेर एक संयुक्त प्रतिवेदन संयुक्त राष्ट्रसंघमा पठाएको छ। १९९४ मा नै यातना विरुद्धको समितिले प्रारम्भिक प्रतिवेदनमाथि गरेको टिप्पणीमा प्रतिवेदन अपुरो भएकोले पूरक प्रतिवेदन समितिमा पठाउन अनुरोध गरेको थियो। तर त्यसको एक दशकपछि मात्र सरकारले समितिमा आफ्नो उपस्थिति जनाएको छ। मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना भए लगत्तै पक्षराष्ट्र बने पनि नेपालले आफूले अनुमोदन गरेका मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरू प्रति जनाएको प्रतिबद्धता अनुरुप आफूलाई प्रस्तुत गर्न नसकेको यथार्थ हो। यातनाजस्तो गम्भीर र सम्वेदनशील विषयमा पनि सरकारले संयुक्त राष्ट्रसंघीय यातनाविरुद्धको समितिले अनुरोध गर्दा समेत यसतर्फ मौन रहनले ऊ आफूले पूरा गर्नुपर्ने दायित्वको बारेमा चासो समेत व्यक्त गर्न तयार नरहेको भन्नुपर्ने हुन्छ।

यातनाविरुद्धको महासन्धिमा पक्षराष्ट्र हुनभन्दा अगाडि पनि राज्य-प्रायोजित यातनाका घटनाहरू भएका हौइनन् र ती घटना पनि मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनको अभियानमा उत्तिकै हानिकारक रहे। यसमा राज्य उत्तरदायी, जिम्मेवार रहनपर्थ्यो नै, यद्यपि यातनाविरुद्धको महासन्धिलाई अनुमोदन गरिसकेपछि यसका प्रावधानलाई नेपाल सन्धि ऐन मताबिक नेपाल कानून सरह नै लागू गर्नुपर्ने भएबाट उसको जिम्मेवारी, दायित्व थप भएको छ। मानवअधिकार र प्रजातान्त्रिक आन्दोलन, शासन व्यवस्था विश्वव्यापीरुपमा नै एक-अर्काको पर्यायको रुपमा विकसित भइरहेको अवस्थामा हाम्रो प्रजातान्त्रिक भनिएको शासन पद्धतिले मानवअधिकारलाई लामो समयसम्म शासनको अभिन्न अंगको रुपमा स्वीकार्दा 'प्रजातान्त्रिक' शासनको निरन्तरतामाथि धावा बोलिएको अवस्था छ। २०४६ सालपछि पनि ने घटेका यातनाका घटनालाई आफ्नो जवाफदेहितामिभत्र नपार्ने र त्यसबाट उत्पन्न हुने दण्डहीनताले प्रश्रय पाइरहनले स्थितिलाई जर्जर र गम्भीर बनाएको छ।

सुधार र असल कुराको लागि कहिल्यै ढिलो हुँदैन भनिन्छ। सरकारले ढिलै भए पनि आफ्नो प्रतिवेदन पठाएको छ। यो सुधारको, आफ्नो जिम्मेवारी बोधको एउटा लक्ष्मण जरुर हो। तैपनि यति ढिलो गरेर बुझाइएको प्रतिवेदनले प्राप्त गर्नुपर्ने धरातलीय यथार्थता अनुसारको उचाइ प्राप्त गर्न भने सकेको छैन।

**सकारात्मक**

- एक दशक ढिलो गरेर भए पनि सरकारले प्रतिवेदन पठाएको छ। आफूले गरेको प्रतिबद्धतालाई आत्मसात गर्नुपर्छ, त्यसमा राज्यको जवाफदेहिता रहन पर्छ भन्ने आशय सरकारमा रहेको हुनु पर्दछ भन्ने अनुमान लगाउन सकिन्छ।
- नागरिक समाज, विशेष गरी मानवअधिकार समुदायले सरकारलाई प्रतिवेदन बुझाउन बारम्बार गरेको आग्रह, दिएको सल्लाहको उपादेयता देखिएको छ। यस विषयमा राज्य र गैर राज्यपक्ष मिलेर काम गर्ने अवस्था सृजना हुनेमा आशावादी बन्न सकिन्छ।
- आधारभूत मानवअधिकार र मौलिक स्वतन्त्रता २०४७ सालपूर्वका संविधानहरूको अंग नबनेको र नयाँ राजनीतिक व्यवस्थासँगै प्रचलित वर्तमान संविधानले नै विषयलाई आफ्नो अंग बनाएको भन्ने कथनले प्रजातन्त्र र मानवअधिकारलाई पुष्टि गर्न खोजेको छ।
- संविधानले अभियुक्तलाई मौन रहने अधिकार प्रत्याभूत गरेको साथै यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार निषेध गरेको छ र पीडितलाई क्षतिपूर्ति दिइनु पर्ने

उल्लेख गरेको छ। संविधान मूल कानुन भएकोले यातनाविरुद्धमा काम गर्न सरकारलाई राम्रो आधार दिएको छ।

- यातनापीडितलाई क्षतिपूर्ति दिलाउन कमजोरीसहितको भएपनि क्षतिपूर्ति ऐनको तर्जुमा गरिएको छ। एकलाख रुपैयाँसम्म क्षतिपूर्ति भराई पाउने व्यवस्था, नहुनु भन्दा र यसको उचित कार्यान्वयनलाई छोडेर हेर्दा (उचित कार्यान्वयन नभएको ऐन औचित्यमाथि प्रश्न गर्न सकिन्छ) यो शून्य होइन।
- कतिपय यातनाका घटनामा संलग्न पीडक (सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी) लाई विभागीय कार्वाही गरिएको भनिएको।
- एकाध घटनामा भएपनि यातना पीडितलाई क्षतिपूर्ति दिइएको उल्लेख गरिएको।
- राष्ट्रिय मानव अधिकार आयोगले यातना पीडितलाई क्षतिपूर्ति भराई दिन तथा पीडकलाई सजाय गर्न सिफारिस गर्न सक्ने अख्तियारीलाई स्वीकार गरिएको छ।
- यातनालाई अपराध ठहर गरी पीडकलाई सजाय दिलाउने व्यवस्था भएको 'अपराध दण्डसंहिता' को मस्यौदा तयार गरिएको उल्लेख गरिएको छ।
- यातना क्षतिपूर्ति ऐन २०५३ मा गरिएको यातनाको परिभाषा महासन्धिले गरेको यातनाको परिभाषा अनुसारको बृहद छैन भनेर पनि सो प्रतिवेदनमा स्वीकार गरिएको छ।
- विभिन्न सरकारी निकायमा मानवअधिकार सेलको गठन।

सरकारी प्रतिवेदनमा उल्लेखित लगायतका सकारात्मक विषयहरु रहेका भए पनि ती विषयहरु, ऐन कानुन वा प्रावधानहरुको कार्यान्वयन उचित रुपमा नभई रहेको बारेमा भने इमान्दारिता देखाइएको छैन। विगतका केही वर्षहरुदेखि चलिआएको सशस्त्र माओवादी विद्रोह तथा उनीहरुका गतिविधिलाई नै यातनाको कारकको रुपमा व्याख्या गर्न खोजिएको छ।

**सुधार्नुपर्ने**

- प्रतिवेदन किन यति ढिलो पठाइयो, समितिले पूरक (आवधिक) प्रतिवेदन पठाउन अनुरोध गर्दा पनि नपठाउनुको कारण उल्लेख गरिएको छैन।
- समितिले यातनाको परिभाषालाई महासन्धिले गरेको यातनाको परिभाषा अनुसार गर्न लेखी पठाए पनि सो भन्दा पछि तयार भएको यातना क्षतिपूर्ति ऐनमा त्यसै अनुसारको यातनाको परिभाषा नगरिएको अवस्था छ। एक दशकको अवधिमा पनि यसलाई परिमार्जन गरिएको छैन।
- यातनालाई अपराध परिभाषित गरी यातनाकारीलाई सजाय दिनुपर्ने व्यवस्था महासन्धिको धारा ४ ले नै गरेको छ। समितिले पनि यस्तो सल्लाह दिएको हो। तर संसद नभएको भनेर अहिलेमात्र त्यसलाई उल्लेख गर्नु, युक्तिसंगत देखिदैन। संसद हुँदा यसप्रति पहल नै नगर्नु विडम्बना हो। यातनालाई प्रश्रय दिने प्रकृतिका कानुन भने हतार-हतार बनाइएका छन्।
- यातनापीडितलाई क्षतिपूर्ति दिने तथा निशुल्क उपचारको व्यवस्था गरिएको भनिए पनि अहिलेसम्म के कतिले कति क्षतिपूर्ति तथा कस्तो उपचार पाए, त्यसको आंकडा उल्लेख छैन। यसले प्रतिवेदनको विश्वसनीयतामाथि नै प्रहार गरेको छ।
- प्रतिवेदनको भाग एकको १६ नम्बरमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनलाई जनताको जीउ-धन सुरक्षा गर्न तथा मुलुकमा शान्ति स्थापना गर्न ल्याइएको भनिएको छ। यो ऐनको मर्म तथा कतिपय प्रावधानहरु महासन्धिसँग बाझिएका छन्। सन्धि ऐनअनुसार सन्धि र नेपाल कानुन बाझिएमा सन्धि नै लागू हुने र नेपाल कानुन बाझिएको हदसम्म खारेज हुने भनिए पनि त्यसो भएको छैन।
- राष्ट्रिय मानव अधिकार आयोगलाई अदालतसरहको क्षेत्राधिकार रहेको भए पनि सैनिक गणमा नागरिकलाई यातना दिएको आशंकामा बुझ्न गएको आयोगका सदस्य समेतको टोलीलाई प्रवेश नदिएको तथा सुरक्षा निकायअन्तर्गतका पीडकलाई कारवाहीको लागि गरिएको सिफारिस कार्यान्वयनको स्थिति प्रष्ट नभएको।
- विभिन्न सरकारी निकायमा मानवअधिकार सेलको गठन भए पनि संरचनाको क्रियाकलापको पारदर्शिता भने प्रश्नको विषय रहेको छ। यिनीहरुमा सर्वसाधारणको सहज पहुंचको अवस्था नरहेको अवस्था पनि महसुस गरिएको छ।
- सुरक्षा निकायअन्तर्गत विभागीय कारवाही भएको भनिने गरिए पनि कसलाई के-कसरी कार्वाही भयो तथा पीडितलाई क्षतिपूर्ति दिए नदिएको विषय रहस्यमा नै रहेको छ।
- गैरसैनिक प्रकृतिका मुद्दा तथा विषयलाई (यातना पनि) सैनिक ऐन अन्तर्गत कारवाही चलाइने गरेका घटनाहरु छन्। सेनाले यातना दिएको घटनामा अदालतले कारवाही गरेको उदाहरण जानकारीमा छैन।
- पक्राउ गरिएका सबै व्यक्तिहरुलाई संविधान, कानुनमा भनिएबमोजिम २४ घण्टाभित्र अदालतसमक्ष दाखिला गर्नुपर्ने भए पनि प्रतिवेदनमा विविध कानुनी र प्रक्रियागत अड्चनले त्यसो हुन नसकेको भनिएको छ। त्यस्तो अड्चनलाई हटाउन पहल किन नगर्ने त ?

प्रतिवेदनमा चित्त नबुझ्ने कुरा यी वाहेक अरु पनि धेरै छन्। अन्य केही सकारात्मक कुराहरु पनि नभएका होइनन्। तर सकारात्मक कुराले वास्तविकतालाई त्यति सारो नछुँदा तिनीहरुमा कत्तिको दम रहन्छ भन्ने पनि छलफलको विषय हो।

*(**नोट** : सरकारी प्रतिवेदनका राम्रा पक्षलाई स्वीकार गर्दै त्यसमा खड्किएका विषयलाई लिएर नागरिक समाजले समानान्तर प्रतिवेदन तयार गर्दैछ। यातना विरुद्धको महासन्धिमा तयार भइरहेको समानान्तर प्रतिवेदन बारे अर्को अंकमा छलफल गरिनेछ। - सम्पादक।)*

# स्थायी शान्तिका प्रयास र विकल्पहरू

*"मान्छे मरेपछि केही बोल्दैन*
*मान्छे मरेपछि केही सोच्दैन*
*केही नबोल्दा र केही नसोच्दा मान्छे मर्दछ।"*

– ब्रेख्त

भोला महत

देशमा शान्ति बहाल गरी ०६१ सालभित्र निर्वाचन गराउने जिम्मेवारीसहित प्रधानमन्त्री नियुक्त भएका शेरबहादुर देउवाको सरकारले सय दिन गुजारिसकेको छ। प्रतिगमनविरोधी आन्दोलनमा रहेको नेकपा (एमाले) आफ्ना अन्य सहकर्मी पार्टीहरूलाई आन्दोलनमै छोडेर प्रतिगमन सच्चिएको निष्कर्षका साथ सरकारमा सामेल भएको छ। यता अन्य चार दल प्रतिगमनविरोधी आन्दोलनमै छन् र असोज ५ गतेदेखि राजधानी केन्द्रित आन्दोलनलाई "गति" दिएको र "निर्णायक" बनाएको घोषणा गरेका छन्। इन्मेकको पछिल्लो तथ्याकअनुसार, वर्तमान सरकार गठन भएपश्चात सरकार र माओवादी दुवै पक्षबाट गरी दैनिक ३ जना मानिसहरु मारिएका छन्।

४ असोज ०६१ को कान्तिपुर दैनिकमा माओवादी प्रवक्ता कृष्णबहादुर महरासग गरिएको छोटो टेलिफोन कुराकानी छापिएको छ। कुराकानीका क्रममा महरा भन्छन्, "सरकारले न्यूनतम वातावरण बनाउनुपर्छ, यसका लागि सरकारले आफू र आफ्ना संगठनहरूमाथि लागेको आतककारीको बिल्ला र रेडकर्नर नोटिस हटाउनु पर्छ। सरकारसग वार्ता गर्ने तागत छैन। त्यसकारण उसले गर्ने भनेकै न्यूनतम वातावरण बनाउने हो। अधिकार नभएको सरकारसग वार्ता गरेर के हुन्छ ? यो सरकारभन्दा माथि राजा र सेना छन्। नी भन्दा पनि माथि भारत र अमेरिका छन्। के यो सरकारले तिनलाई मनाउन सक्छ ?" देशमा सकट बढ्दै जाँदा विदेशी हस्तक्षेप झन् बढ्छ भन्ने कुरामा आफूहरु गम्भीर भएको कुरा पनि उनले बताएका छन्।

भारत भ्रमण सकेर फर्केपछि प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादीसँग वार्ता र बल एकैचोटि प्रयोग गरिने बताएका छन् भने सरकारमा संलग्न एमालेका महासचिव माधवकुमार नेपालले देशमा सैनिकीकरण हुनसक्नेतर्फ आफ्नो भनाई सार्वजनिक गरेका छन्। आफ्नो पार्टी सम्मिलित सरकार गठन भएलगत्तै सरकारलाई एकतर्फी युद्धविराम गर्न दबाव दिँदै आएका नेपालको भनाइमा अमेरिकी राजदुतसँग आफ्नो पार्टी कार्यालयमा भेट भएपछि एकाएक परिवर्तन आएको कुरा सार्वजनिक भयो। आजकल सरकारका मन्त्रीहरुको बोलीमा पनि नाटकीय परिवर्तन आएको छ र उनीहरु माओवादीले वार्ताको वातावरण बनाउनुपर्ने कुरा बताउन थालेका छन्। यसरी परिस्थिति विकसित हुँदै जाँदा शान्तिका आशाहरु निराशामा परिणत होलान् कि भन्ने डर उत्पन्न भएको छ।

### समस्या

विगत दश वर्षदेखि सशस्त्र सघर्ष गरिरहेका नेकपा (माओवादी) र राज्यपक्ष जबसम्म मुलुकमा शान्ति पुनर्स्थापनाका लागि सहमत हुँदैनन्, तबसम्म हामीले शान्तिको कामना गर्नु काकाकुलले पानी खोज्नुसरह हुनेछ। जनताको अपेक्षा राज्य र विद्रोही पक्षसँग नै हो।

प्रजातन्त्रको पुर्नस्थापना पछि जनतामा प्रजातान्त्रिक पार्टीहरुप्रति आशा र भरोसा थियो तर सरकारमा संलग्न दलहरुले जनताको आकांक्षालाई सम्बोधन गर्ने क्रियाकलाप सञ्चालन गर्न सकेका थिएनन्। त्यस समयमा सत्ताको लुछाचुँडी यति व्यापकरुपमा भयो कि पदमा बसिरहने उत्कट चाहनाले संसद भंग गरी नेपाली काँग्रेसका गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री, जसको संसदमा बहुमत थियो, मध्यावधि निर्वाचनको घोषणा भयो। निर्वाचनपछि एमालेको अल्पमतको सरकार बन्यो। त्यो सरकारको पतनसगै शुरु भएको सत्ता टिकाउने खेलले जनताका समस्याहरु छायाँमा परे। नाम मात्रको प्रजातन्त्रले गरिब, बेरोजगार, निमुखा, महिला, दलित, जनजाति, किसान र पाखामा परेका जनताको पक्षमा वकालत गरेन। ती सबै कुराहरु उजागर गर्दै माओवादीहरुले आफ्नो पक्षमा जनमत तयार पारे र ०५२ फागुन १ देखि सशस्त्र विद्रोह शुरु गरे। विद्रोहको रुप फेरिँदै जाँदा भएको भयावह स्थिति हाम्रासामु छर्लंग छ।

'वर्तमान सरकारसँग वार्ता हुन नसक्ने', माओवादी अध्यक्ष प्रचण्डको वक्तव्य भर्खरै सार्वजनिक भएको छ। अर्कातर्फ असफल हुने वार्ता गर्दिन भन्ने प्रधानमन्त्री लामो समयदेखि मौनता साधेर बसिरहनले पनि समस्या समाधानको सकारात्मक लक्षण देखा परेको छैन। वर्तमानको ठुलो चनौति र समस्या पनि यही हो। सरकार वर्तमान संविधानबाट समस्या समाधान हुन्छ भन्ने तर्क राख्दछ भने माओवादीहरु जनताको प्रत्यक्ष सहभागिता जुटाइएको र ०५९ असोज १८ पछि मुलपाय: भएको नेपाल अधिराज्यको संविधान २०४७ ले जनतालाई सम्बोधन नगर्ने भएकाले संविधानसभाको चुनाव मात्रै त्यस्तो एउटा विकल्प हो, जहा सबै अटाउन सक्छन् भन्ने धारणा राख्दछ।

विश्वमा भएका संविधानसभाका निर्वाचन र त्यसबाट प्राप्त परिणामले केनियन विद्रोहहरुको शान्तिपूर्ण समाधान भएका उदाहरण छन् तर पनि संविधानसभा नेपाली राजनीतिक पार्टीहरुको साझा कार्यक्रम बन्न सकेको छैन। यद्यपि केही समय अगाडिदेखि संविधानसभामय्म पुग्न सकिने भन्ने राजनीतिक पार्टीहरुको धारणा आएको छ। विश्वासिलो मध्यस्थकर्ता अर्थात् संयुक्त राष्ट्रसघको प्रत्यक्ष उपस्थितिमा संविधानसभामा जान सकिने तथा वार्ता राजासँगै गर्ने माओवादी अडान कायम छ। तर, सरकारसग सबै अधिकार छ, त्यसैले

राजासँग वार्ता आवश्यक छैन र आफ्नो आन्तरिक समस्या हामी आफै समाधान गर्नसक्ने भएकाले वार्ताको क्रममा तेश्रो पक्षको आवश्यकता छैन भन्ने सरकारी भनाई आउनुले पनि शान्ति वार्तामा समस्या देखा परेको छ।

**आशाको किरण ?**

भनिन्छ, हरेक बादलको वरिपरि चाँदीको घेरा हुन्छ। अर्थात् यी सबै खालका कुराहरु बाहिर आइरहँदा पनि कतै वार्ताको प्रयास भइरहेको हो कि भन्ने मानिसहरु पनि हाम्रो समाजमा धेरै छन्।

नागरिक समाजको तर्फबाट भएको पहलले १ महिनादेखि देशमा भएका बन्द ठूला उद्योग धन्धाहरु खुलेका छन्। सरकारले गिरफ्तार गरेका माओवादी निकट ट्रेड युनियनका कार्यकर्ताहरुलाई मुक्त गऱ्यो भने बेपत्ता पारिएका २ सय भन्दा बढी नागरिकहरुको नामावली तीन चरणमा सार्वजनिक गरिएको छ। सरकारले उनीहरुका कार्यकर्ता पनि सार्वजनिक गर्ने कुरा गरेको छ भने विभिन्न समयमा बन्द भएका विद्यालयहरु खुलाउन पनि नागरिक समाजको पहलमा खुलेका छन्।

आशाका किरण देखिने र छायामा पर्ने क्रम विगत लामो समयदेखि नै जारी छ। नागरिक समाजले वार्ताका लागि गरेको पहल सराहनीय हुदाहुँदै पनि केहिपय अवस्थामा वार्ता हुने लागेको छ, भोलि नै केही परिणाम आइहाल्छ भनेर प्रचार गर्ने परम्पराले केही समस्या परेको हो कि !

**नागरिक समाजको भूमिका**

वार्ताको कुरा जनताले गर्नुपर्छ। जनताले गर्ने सकारात्मक प्रयासबाट मात्र युद्धरत पक्षहरु शान्ति वार्ताको लागि सहमत हुनसक्छन्। दक्षिण अफ्रिकामा १० हजार शान्ति समूहहरुले दिएको लगातार दबावले त्यहाँका द्वन्द्वरत पक्षलाई वार्तामा बस्नुपर्ने बाध्यता सृजना भएको थियो।

जबसम्म जनताले घर-घरबाट शान्तिको पक्षमा आवाज उठाउँदैनन् तबसम्म युद्धरत पक्ष शान्ति वार्ताको लागि सहमत हुने संभावना देखिँदैन। देशका केही संभ्रान्त वर्गलाई अर्को देशमा युद्ध चर्किरहोस् भन्ने चाहना छ भने अर्कोतर्फ हतियार तस्करहरु यही मौकालाई सदपयोग गर्न चाहन्छन्। माओवादीहरु राज्यलाई जति बढी संकटमा पार्दै गयो आफू त्यति नै सफल हुने अवधारणाले प्रेरित छन्। यस्तो अवस्थामा नागरिक समाजले जनतालाई झक्झक्याउनु पर्दछ। अहिले माओवादीहरुले गैरसरकारी संस्थाहरु आफ्नो सत्तामा दर्ता गराउनुपर्ने बाध्यात्मक कुरा बाहिर ल्याएका छन्। जनतालाई सचेत, संगठित र सुसूचित पार्ने काम गर्ने गैरसरकारी संस्थाहरुलाई गाउँ प्रवेशमा रोक लगाउने माओवादी प्रयासले जनताको मानवअधिकारको अवस्था दिन-प्रतिदिन खस्कँदो छ। नागरिक समाजले माओवादी पक्षसँग वार्ता गरी ग्रामीण तहमा गैरसरकारी संस्थाहरुको पहुँच हुने वातावरण बनाउनु आवश्यक छ।

जनतालाई युद्धका विरुद्ध, शान्तिका पक्षमा आव्हान गर्न सक्षम बनाउनु नागरिक समाजको अर्को दायित्व हो। नागरिक समाजले जुनसुकै पक्षबाट भएका मानवअधिकार र युद्धसम्बन्धी अन्तर्राष्ट्रिय कानूनको उल्लंघनको विरोध गरेका छन्। उनीहरुले अन्तर्राष्ट्रिय मानवअधिकार निकाय र समुदायमा कुरा पऱ्याएका छन्। न्यायकर्मी, सञ्चारकर्मी, विभिन्न धर्मावलम्बी र पेशागत समूहका मानिसहरुसँग मिलेर शान्ति अभियान चलाउने जिम्मेवारी पनि नागरिक समाजकै हो।

जनताले चाहेको शान्ति हो। शान्तिका लागि झगडियाहरु आमने-सामने बस्नुपर्छ र कुरा गर्नुपर्छ। उनीहरुले जनतालाई मालिक मानेको हो भने वार्ताको विकल्प छैन, शान्ति सम्झौता गर्नैपर्छ। नागरिक समाजले यसका लागि सहजकरण गर्नुपर्छ।

**विकल्पहरु**

- शान्ति वार्ताको कुनै विकल्प छैन। युद्धरत पक्ष यसका लागि सहमत हुनैपर्छ।
- माओवादीले राखेको वार्ताको पूर्वशर्त पूरा गर्न सरकार तयार हुनुपर्छ।
- राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको मानवअधिकार सम्झौतामा दुवै पक्षले हस्ताक्षर गर्नु जरुरी छ।
- माओवादीले मागेको संयुक्त राष्ट्रसघको मध्यस्थतालाई स्वीकार गर्नुको विकल्प छैन। किनभने, संयुक्त राष्ट्रसंघ मात्र एउटा त्यस्तो निकाय हुनसक्छ जसले शान्ति वार्ता र वार्ता प्रक्रिया तथा पछिसम्म हुने क्रियाकलापको स्वतन्त्र अनुगमन गर्नसक्छ।
- राज्य जिम्मेवार निकाय भएकाले यसले गैरन्यायिक हत्या, गिरफ्तारी, यातना र बेपत्ता पार्ने क्रियाकलाप तत्काल रोक्नु पर्दछ।
- माओवादीद्वारा मानवअधिकारकर्मी, पत्रकार तथा आम जनतालाई अपहरण गर्ने, बेपत्ता पार्ने र हत्या गर्नेलगायतका क्रियाकलापहरु रोक्नु जरुरी छ।

**अन्त्यमा,**

दुईथरी हतियारधारीका बीच जीवन बिताउन बाध्य लाखौं नेपालीहरुको जीवन साह्रै कष्टकर छ। मौन संस्कृतिको विकास भएको छ। बोल्दा, सुराकी र आतंककारीका नाममा अपहरण, बेपत्ता र हत्यासम्म हुने भएकाले जनता त्रस्त हुनु स्वभाविकै हो। जनतालाई स्वतन्त्र, स्वाभिमानी, सम्मानित र शोषणमुक्त जीवन चाहिएको छ।

हालको सशस्त्र द्वन्द्वको अवस्थामा मानवअधिकारको ज्यादति तथा उल्लंघन रोक्न सामुदायिक हस्तक्षेपकारी भूमिका निर्वाह गर्नसक्ने शान्ति तथा मानवअधिकार सहजकर्ताहरुको उत्पादन तथा क्रियाशिलतामा अभिवृद्धि गर्नु आवश्यक छ। राज्य तथा माओवादीहरुबाट गरिने जनविरोधी क्रियाकलापलाई रोक्नसक्ने मात्र नागरिकहरुले राहत महसुस गर्न सक्नेछन्। जनताको अधिकार संरक्षण गरेर मात्र शान्तिको संस्कृति विकास गर्न सकिन्छ। यसले नै आम नागरिकहरुको शान्तिप्रतिको चाहनालाई परिणाममुखी बनाउन सक्दछ। नेपाली जनताको शान्तिको चाहनालाई साकार पार्न नागरिक समाजको एकता, सक्रियता, लगनशिलता र विश्वसनियता अपरिहार्य छ। यो नै आजको ज्वलन्त आवश्यकता हो।

तसर्थ, नागरिक समाजले देखेको कुरा बोल्न डराउनु हुँदैन। जनतालाई सचेत र संगठित बनाएपछि शान्तिको आवाज गाउँ-गाउँबाट आउने निश्चित छ। ●

# सशस्त्र द्वन्द्वको मारमा पत्रकार

जीवन्त वाग्ले

०५९ वैशाखमा राज्यको तर्फबाट पत्रकार मार्ने क्रमको थालनी भएको हो। यसको पहिलो शिकार बनेका थिए- सिन्धुपाल्चोकका कञ्चन प्रियदर्शी। त्यसपछि माओवादीले पनि पत्रकार हत्याको सिलसिलालाई बढावा दियो। उनीहरुले पहिलोपटक ०५९ जेठमा कालिकोटका पत्रकार नवराज शर्माको अण्डकोष काटेर, हात-खुट्टा भाँचेर विभत्स हत्या गरेका थिए। माओवादीले पत्रकार हत्याको निन्दा गरी यस्तो क्रियाकलाप नगर्न राज्यलाई चेतावनी दिए पनि आफूले समेत पत्रकारहरुलाई हत्या गरी आफ्नै चेतावनी अर्थहीन बनाइदिए।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्यांकअनुसार 'जनयुद्ध' शुरु भएयता राज्यबाट ९ जना र माओवादीबाट ४ जना गरि १३ जना पत्रकारको हत्या भएको छ। तर, नेपाल पत्रकार महासंघको तथ्यांक भने अलि फरक छ। महासंघको अभिलेखअनुसार 'जनयुद्ध' शुरुभएयता ०६१ साउन मसान्तसम्ममा १६ जनाको हत्या भएको छ। जसमा, राज्यपक्षबाट ईश्वर बुढाथोकी (कञ्चन प्रियदर्शी), कृष्ण सेन, देवकुमार आचार्य, कमल एसी, कुमार घिमिरे, राजकुमार केसी, नगेन्द्र पोखरेल, विनोद चौधरी सजना क्षितिज, पदमराज देवकोटा गरि ९ जना तथा माओवादीबाट नवराज शर्मा, अम्बिका तिम्सिना, ज्ञानेन्द्र खड्का, गोपाल गिरी र डेकेन्द्रराज थापा गरी ५ जनाको हत्या भएको छ। यसबाहेक काठमाडौबाट अन्नपूर्णपोष्ट दैनिक पत्रिका बोकेर पोखरातर्फ गइरहेको अवस्थामा माओवादीले एम्बुस विस्फोटन गराउँदा गाडी चालक कन्याराम गुरुङको मृत्यु भएको थियो। अज्ञात समूहबाट प्रेस युनियन रौतहटका शम्भुप्रसाद पटेलको हत्या भएको थियो। त्यसैगरी, महेश्वर पहारी, राजु क्षेत्री, अतितमान तामाङ र जीतमान बस्नेतलाई राज्यपक्षले पक्राउ गरि बेपत्ता बनाएको छ भने माओवादीले धनबहादुर मगर र कुलबहादुर मल्ललाई बेपत्ता बनाएका छन्।

हिंसात्मक द्वन्द्वबाट पत्रकारहरु निकै प्रभावित भएका छन्। नेपाल पत्रकार महासंघले जनाएअनुसार, माओवादीसँग वैचारिक आस्था र सम्पर्क भएका कारण ३० भन्दा वढि पत्रकारहरु एकाएक भूमिगत भएका छन् भने केही पत्रपत्रिका वन्द नै हुन पुगेका छन्। राजधानीजस्तो सुरक्षित स्थानमा त पत्रकारको सुरक्षा हुन

---

सन्दर्भः स्व. पत्रकार ज्ञानेन्द्र खड्काको स्मृति

## स्वतन्त्रता र न्यायका पक्षपातिप्रति हार्दिक श्रद्धाञ्जलि

हत्या, वर्वर यातना र मानसिक प्रताडनाको अग्निकुण्डमा जलिरहेको नेपाली समाजले आजभन्दा एक वर्षअघि अर्थात् २१ भदौ ०६० का दिन अत्यन्तै डरलाग्दो समाचार सुन्नुपर्‍यो- "पत्रकार ज्ञानेन्द्र खड्कालाई माओवादी विद्रोहीले विद्यालयको प्रांगणमा घाँटी रेटेर हत्या गरे।" त्यसको केही दिनपछि माओवादी जिल्ला नेतृत्वको "सफाई" सार्वजनिक भयो- "ज्ञानेन्द्र खड्काले माओवादीविरोधी काम कारवाही गर्दै आएकाले सफाया गरिएको हो।"

सत्य हो, पत्रकार ज्ञानेन्द्र खड्का माओवादीहरुको कार्यनीति र कार्यशैलीप्रति असहमति राख्दथे। सत्य यो पनि हो, उनको समर्थन र सहानुभूति स्वतन्त्रता र न्यायको पक्षमा थियो। माओवादीहरुले दिएको "सफाई" ले हत्याको औचित्य सावित गर्दैन। गतिविधिसँग असहमत हुँदैमा रेटिनुपर्ने, वैचारिक असहमतिकै कारण हत्याको शिकार हुनुपर्ने हो भने मध्ययुगीन तानाशाही र माओवादीले भनेको २१ औं शताब्दीको जनवादमा के अन्तर रहन्छ ? अनि, आफूलाई मन लाग्नेवित्तिकै जो कसैको "सफाया" गर्ने हो भनें किन आवश्यक छन् युद्धसम्बन्धी जेनेभा महासन्धि र अन्य मानवीय कानुनहरु ? ती महासन्धि र कानुनलाई आत्मसात गर्छौं भनी किन पटक-पटक प्रतिवद्धता सार्वजनिक गर्नुपर्‍यो ?

ज्ञानेन्द्र खड्काको हत्या प्रकरण एकाध माओवादी छापामारको क्षणिक आवेगको प्रतिफल मात्र हुँदो हो त इतिहासले त्यसलाई अलि भिन्नै ढंगले मूल्यांकन गर्ने थियो। तर, माओवादीको "सफाई" वाट त्यो हत्या क्षणिक आवेग होइन भन्ने साबित हुन्छ। उहाँको हत्या विचार, स्वतन्त्रता र पेशावाट विमुख गराई आफूहरुमात्र एकछत्र राज गर्न खोज्नेहरुको मानवअधिकारविरोधी अपराधको रुपमा नेपाली समाजले मान्यता दिएको प्रतिक्रिया सार्वजनिक भएका छन्। यसको ज्वलन्त उदाहरण पछिल्लो पटक दैलेखका कलमजीवी डेकेन्द्रराज थापाको हत्याको घटना पनि हो। यस्ता घटनाहरु मानवअधिकार र मानवीयताविरुद्धका क्रियाकलापका रुपमा पछिसम्म आलोचित हुनेछन्।

सकिरहेको छैन भने मोफसलमा पत्रकारको धरपकड हुने घटना सामान्य बन्न थालेको अवस्था छ। महासंघका अनुसार, ०६० भदौ १० देखि मंसिर १५ सम्ममा ८४ जना पत्रकारलाई द्वन्द्वरत पक्षबाट पीडित बनाइएको थियो। जसमध्ये, राज्यबाट ६९ जना र माओवादीबाट १५ जना पीडित भएका थिए। यद्यपि यस्ता तथ्यांकका सम्बन्धमा केही फरक-फरक प्रतिवेदन सार्वजनिक गरेका पनि छन्। पीडितहरु एउटै पेशा र कार्यक्षेत्रमा सीमित नरहेर अन्य क्षेत्रसँग पनि संलग्न भएकाले ती क्षेत्रमा गणना गरिएका कारण यस्तो फरक देखिने गरेको इन्सेकका मानवअधिकार वर्ष पुस्तक सम्पादक कृष्ण गौतम बताउनुहुन्छ।

स्वभावैले पत्रकारहरुलाई द्वन्द्व प्रभावित क्षेत्रमा काम गर्न गाह्रो छ। सूचनाका लागि घटनास्थलसम्म पुग्न कठिन छ। मारिएका र मरेकाको यथार्थ पहिचान र घटना संकलन गर्न द्वन्द्वरत पक्षबाट निषेध गरिएको छ। माओवादी वा राज्यले पत्रकारहरुले सम्प्रेषण गरेको समाचार आफ्नो क्रियाकलापअनुकूल हुनेगरी नलेखेमा हत्या, वेपत्ता, अपहरण र गिरफ्तार गर्ने, धम्की दिनेजस्ता व्यवहार गरेका छन्। यसको उदाहरणको रुपमा सिन्धुपाल्चोकका पत्रकार तथा शिक्षक ज्ञानेन्द्र खड्कालाई माओवादीले गरेको हत्याको घटनालाई लिन सकिन्छ। खड्कालाई माओवादीले खम्बामा बाँधेर खुकुरीले घाँटी रेटी निर्मम हत्या गरेका थिए। कैयौं पत्रकारलाई आफ्नो पक्षमा समाचार सम्प्रेषण नगरेका कारण जिल्लाबाट विस्थापित गराइएको छ। यसरी कार्यक्षेत्र र घरबाट २ दर्जनभन्दा बढि पत्रकार विस्थापित भएका छन्। माओवादीबाट अपहरण भई मुक्त हुनेको संख्या २ दर्जन भन्दा बढि छ। राज्यबाट पक्राउ परि रिहा हुनेको संख्या करिब ५ सय पुगेको नेपाल पत्रकार महासंघले जनाएको छ।

सुर्खेत जिल्लाका पत्रकार तथा मानवअधिकारकर्मी दुर्गा थापालाई ०६१ साउन १६ गते माओवादीले अपहरण गरि साउन ३१ गते पत्रकार र मानवअधिकारकर्मीहरुको पहलमा मुक्त गरे। अपहरित थापा भन्छन्- "के गर्ने, हामीहरुलाई त अपांगै बनाए। वरु तिमीहरु यो पेशामा लाग्न पाउँदैनौ, छाडिदेउ भनुन्, हामी मान्न तयार छौं। अन्यथा हामीले जिल्लामा वसेर निर्धक्क काम गर्न पाउनुपर्छ।" दैलेखका रेडियो समाचारदाता डेकेन्द्रराज थापालाई सरकारी माध्यममा आफ्नो पार्टीको गतिविधि विपरीत समाचार सम्प्रेषण गरेको अरोपमा माआवादीले अपहरणपछि हत्या गरेको कुरा गाउँ-गाउँमा पर्चा छरेर सार्वजनिक गरेका थिए। उनको हत्या भएको घटना सार्वजनिक भएलगत्तै १० जना पत्रकारहरुलाई आफ्नो गतिविधिविरुद्ध समाचार लेखेमा ज्यानमार्ने धम्की दिइयो। राजधानी दैनिकका कालिकोट सम्वाददाता चित्रबहादुर सिंह माओवादीको धम्कीका कारण पत्नीसहित आफ्नो जन्मथलो ओदानकु गाविस-५ डिल्लीकोटबाट विस्थापित हुन वाध्य भएका छन्। माओवादीद्वारा सपरिवार गाउँ निकाला गरिएका राप्रपा कालिकोट सचिव हंसबहादुर सिंहकी छोरीसँग बिहे गरेको आरोपमा उनलाई धम्की दिइएको थियो।

पत्रकार महासंघका महासचिव विष्णु निष्ठुरी द्वन्द्वरत पक्षले अभिव्यक्ति र प्रेस स्वतन्त्रताको न्युनतम मूल्य-मान्यतालाई ख्याल गर्न नसकेको आरोप लगाउनु हुन्छ। उहाँ भन्नुहुन्छ- "द्वन्द्वरत पक्षहरुले पत्रकारलाई समाचारको श्रोतस्थलसम्म जान दिएका छैनन्। उनीहरुले बोलीले बाधा नपुऱ्याइएको बताए पनि व्यवहारमा लागू गर्न सकेका छैनन्।" दुवै पक्षले पत्रकारहरुलाई समाचारको श्रोतसम्म पुग्ने वातावरणको व्यवस्था गर्नुपर्ने र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप तुरुन्तै बन्द गर्नुपर्नेमा निष्ठुरी जोड दिनु हुन्छ। ●

निश्चय नै कुनै पत्रकार वा मानवअधिकारकर्मी समाज र अन्य नागरिकहरुभन्दा माथि हुँदैनन्। यदि उ पनि असामाजिक र अपराधिक कार्यमा सलग्न छ भने उसले दण्ड पाउनुपर्छ। तर, त्यस्ता दण्ड, सजायका निश्चित विधि र प्रक्रिया हुन्छन्। ज्ञानेन्द्र खड्काकै हकमा पनि उनी समाज र अन्य कुनै नागरिकमाथि घात हुने खालको अपराधमा सलग्न भएको प्रमाणित थियो भने उनलाई दण्ड दिने वैधानिक प्रक्रियाहरु अवलम्बन गरिनुपर्थ्यो। तर, भट्टाउनिसिकै आफ्नो भनाई राख्न नपाउनेको हत्या गर्ने अधिकार कसैलाई हुँदैन। त्यसमा पनि मुलुकमा न्याय स्थापित गरी जनतालाई अधिकारसम्पन्न गराउने अघि बढेको भन्नेहरुले यस्तो सवाललाई अत्यन्त गम्भिरतापूर्वक लिनु जरुरी छ।

ज्ञानेन्द्र खड्काको कलस र आवाज माओवादीहरुका प्रशंसा र प्रोत्साहनमा नरहेको हनसक्छ। उनीहरु खड्कासँको कलमसँग असहमत हुन सक्दछन्। तर, त्यसैका आधारमा गरिएको निर्मम हत्यालाई सामान्यीकरण गर्न मिल्दैन। आफ्नो प्रत्यक्ष शत्रु वा लडाईको विपक्षीलाई पनि कब्जामा लिएपछि हत्या गर्नु सरासर युद्धको नियमविपरीत छ। खड्काको हत्या कलमको हत्या हो। समाजको आँखा खुलाउने गुरुको हत्या हो, एकजना समाजिक-राजनीतिक कार्यकर्ताको हत्या हो। यस्ता हत्याहरु अक्षम्य छन्।

माओवादीहरुले ज्ञानेन्द्र खड्का र पछिल्लो चरणमा आएर डेकेन्द्रराज थापाको हत्यापछि सम्पूर्ण पत्रकारिता क्षेत्रलाई धम्क्याउन सकिन्छ भन्ने विश्लेषण गरेका छन् भने त्यो आफैंमा गलत छ। यस्ता घटनापछि माओवादी स्वयमले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ। बन्दुक र शक्तिको दुरुपयोगले गरिने यस्ता हत्याका घटनाहरु राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा सधैं निन्दित छन्। दोषीहरु इतिहासको अदालतमा पटक-पटक उभिनुपर्नेछ। ज्ञानेन्द्र खड्का र मारिए, तर उनी सँजिले मरेका छैनन्। न्याय, स्वतन्त्रता र समानताको पक्षमा उभिने पत्रकार र मानवअधिकारकर्मीहरु उनको कर्मलाई निरन्तरता दिँदै आइरहेका छन्। ज्ञानेन्द्र खड्का सदा-सदा वाँचिरहनेछन्, हाम्रो स्मृतिमा। पत्रकार ज्ञानेन्द्र खड्काप्रति हार्दिक श्रद्धाञ्जलि।

● *नातीबाबु धितल*

# मानवअधिकारका लागि माओवादी क्षेत्रमा दश दिन

सम थापा

माओवादी विद्रोह शुरु भएयता दशहजार भन्दा बढी मानिसको ज्यान गइसकेको छ। हजारौं मानिसहरु वेपत्ता पारिएका छन्। सरकार-माओवादी द्वन्द्वका कारण विस्थापित हुनेहरुको लेखाजोखा छैन। वर्षौंदेखि घरपरिवारको सम्पर्कमा रहन नसकी राज्य र माओवादीको नियन्त्रणमा रहेकाहरुको संख्या पनि यकिन हुन सकेको छैन।

मानवअधिकारको हनन चरमोत्कर्षमा पुगेको बेला नेपाल पत्रकार महासंघ र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार रक्षाका लागि एउटा सराहनीय कार्यको तयारी गरे। जन कार्यले द्वन्द्वग्रस्त मध्यपश्चिमाञ्चल क्षेत्रमा विगत दई वर्षयता माओवादीले बन्धक बनाइराखेका सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरुको स्थितिबारे जानकारी हासिल गर्ने र उनीहरुलाई मुक्त गराउने उद्देश्य राखेको हुन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुका आग्रह र सुझावलाई माओवादीले बेवास्ता गरी मानवअधिकार र प्रेस जगतमाथि आक्रमण जारी राखेकाले उनीहरुसंग उनीहरुकै क्षेत्रमा बार्ता गरी समस्याको निकास खोज्न जाने कार्यक्रम अनुरुप पत्रकार र मानवअधिकारकर्मीहरुको १३ सदस्यीय टोली टोली साउन २२ गते बिहान सुर्खेतको ग्रामीण इलाकातर्फ प्रस्थान गऱ्यो। उक्त टोलीमा नेपाल पत्रकार महासंघका उपसभापति विपुल पोखेल, सेहुँसका सचिव प्रदीप घिमिरे, इन्सेकका प्रकाश ज्वाली, पुष्कर पाण्डे र विन्दलाल रेग्मी, नेपाल समाचारपत्र दैनिकका सम थापा, गैसस महासंघका केन्द्रीय सदस्य गोपालनाथ योगी, हिमराइट्स लाइफलाइनका प्रकाश उपाध्याय, सिभिकटका सरेश गौतम, कान्तिपुर दैनिकका मोति पौडेल, बेसका टेकबहादुर पुन, पत्रकार महासंघ सुर्खेतका सभापति कमलेश डिसी र पत्रकार लक्ष्मण भण्डारी हुनुहुन्थ्यो।

प्रस्थानपूर्व नेपालगञ्जस्थित इन्सेक क्षेत्रीय कार्यालयमा हामीले गम्भीर छलफल गरेका थियौं। देशकै अत्यन्त द्वन्द्व प्रभावित मध्यपश्चिम क्षेत्रमा विगत लामो समयदेखि मानवअधिकार क्षेत्रमा काम गर्दै आउनुभएका साथीहरु भोला महत, गणेश रेग्मीलगायतले हामीलाई सल्लाह दिनुभएको थियो। मानवअधिकारको रक्षाका लागि विद्रोहीको निम्तो बेगर उनीहरुको क्षेत्रमा बार्ता गर्ने खोज्दै हिड्ने र स्थलगत अध्ययन गर्ने कार्यलाई हामीले निकै गम्भीरतापूर्वक लिएका थियौं।

"अहिले माओवादीका सम्पर्ण सम्पर्क सचहरु अवरुद्ध भएका छन्" छलफलमा एकजना साथीले भन्नुभयो। केही दिन अघिसम्म निरन्तर सञ्चार-सम्पर्क थियो। मानवअधिकारको उल्लंघन नगर्गिदिनुस् है, हामी बारम्बार भन्ने गर्थ्यौं तर ०६१ साउन १६ गते इन्सेककी मानवअधिकार वर्ष पुस्तकका सर्वेत जिल्ला प्रतिनिधि तथा नेपाल समाचारपत्र दैनिकका सम्वाददाता दर्गा थापालाई उनीहरुले बन्धक बनाई स्थिति अज्ञात राखेपछि कुराकानी बन्द भएको र उनीहरुसंग कुरा गर्न कठिन भएको हामीहरुको ठम्याई रहयो। हामीले दर्गा थापाको रिहाई मात्र नभई दई वर्षअघि बन्धक बनाइएका रेडियो नेपाल सुर्खेतका पत्रकार धनबहादुर रोकका भगर, तीन महिनाअघिदेखि बन्धक बनाइएका कर्णाली सन्देश, जुम्लाका पत्रकार कुलबहादुर मल्ल र दैलेखका पत्रकार डेकेन्द्रराज थापाको स्थितिबारे जानकारी लिने र उनीहरुको समेत रिहाईका लागि पहल गर्ने उद्देश्यले यात्राको थालनी गऱ्यौं।

०६१ साउन २२ गते दिउसो सुर्खेतको रामघाट बजारको छेउमा अवस्थित भेरी नदीको झोलुंगे पुल तरेर हामी तेह्रजना वर्षातको मौसम, हिलाम्मे गोरेटो बाटो, ठाडो उकालो काट्दै साँझ ६ बजे सल्लाहबमोजिमको स्थानमा पुग्यौं। पत्रकार महासंघका उपसभापति विपुल पोखेल र सुर्खेतका पत्रकार साथीहरु- मोति पौडेल, कमलेश डिसी र लक्ष्मण भण्डारी हामी बाकी साथीहरुभन्दा एक घण्टा अगाडि बढ्न् भएको थियो। उहाहरुले गन्तव्य पार गरी रुकेना बास बस्न् भएछ। हामीले भने नेटाको डाँडालाई नै गन्तव्य ठानेका थियौं। नेटा पुगेपछिकै माओवादी कार्यकर्ता दीपकले रोके- "यसभन्दा अघि बढ्न पाइदैन। पाच बजेपछि हिड्डुल गर्ने प्रतिबन्ध छ।" हामी त्यही रोकियौं।

दी कार्यकर्तासंग केही समय सम्वाद भएन। हामी थकित थियौं। पाच घण्टाको उकालो हिड्दा लक्ष्यसम्म पुरेका दुर्लीकर सदस्यहरु थकबस्त छाँगिए हुगाको अड्डम लिई बस्न थाल्यौं। माओवादी कार्यकर्ता केही समयपछि पुन: त्यही ठाउमा आएपछि हामीले भन्यौं, "हामी मानवअधिकारकर्मी र पत्रकार हौं, तपाईका नेतासंग भेट गर्नुपर्ने छ। आज हाम्रो बास यहि हुन्छ, बरु बस्ने कता होला ?" दीपकले नजिकैको पसल देखाईदिए र भने "कराकानी बिहान गरौला। हाम्रा नेता बिहान आउनुहुन्छ।"

बास पाउने छाट थिएन। पसलमा जम्मा भएका स्थानीय बासिन्दाहरुसंगको लामो अनुरोधपछि एकजना बुढाले "ल हिड्नुस् मेरो घर जाऔं" भन्दै हामी नौजनाको समुहलाई पछि-पछि हिडाए। त्यही बास बसियो। भोलिपल्ट बिहान पनि स्थानीय इलाकान्तरका नेतावाहेक कसैसंग भेट भएन। २४ गते भीषण पानी परिरहेका थियो। हामी पसलमा मकै पोलेर खाइरहेका थियौं। एउटा सशस्त्र डफ्फाको आगमन भयो। एसएलआर र एसएमजीजस्ता हतियार बोकेको त्यो डफ्फासंग माओवादीका सर्वेत जिल्ला

सेक्रेटरी आएका रहेछन्। एकैछिनमा उनीहरुसँग चिनजान भयो। राति जिल्ला सेक्रेटरी र सदस्यसँग बन्दी पत्रकारको रिहाई, विषेश गरी दुर्गा थापाका बारेमा वार्ता भयो। उनीहरुले दुर्गालाई अपहरण गर्नुको स्पष्ट कारणबारे आफू अनभिज्ञ रहेको बताए। टोलीले पत्रकार र मानवअधिकारकर्मीमार्फिको माओवादी ज्यादति हुनुका कारणहरुबारे प्रतिक्रिया माग्दा सेक्रेटरी रवीकिरणले चित्तबुझ्दो जवाफ दिन सकेनन्। उनको एउटा मात्र तर्क थियो, "दुर्गालाई मानवअधिकारकर्मी र पत्रकार भएको नाताले अपहरण गरिएको होइन।" सुर्खेतको पूर्वी गाविस खानीखोलाको दहमा माओवादीका उच्चस्तरका नेता र संभवतः दुर्गासँग पनि भेट हुने भएकाले भोलिपल्ट त्यसतर्फ जानुपर्ने सल्लाह भएर पहिलो चरणको वार्ता टुंगिएको थियो।

भोलिपल्ट दह जानुपर्ने थियो। जुकाम्य जंगली बाटो हुँदै भीषण वर्षात्को सामना गर्दै अरला-अरला डाँडाहरु छिचोलेर बेलुका दह पुग्यौं तर यात्रा फलदायी भएन। जिल्ला सेक्रेटरीले माथिल्लोस्तरका नेतासँग त्यहाँ भेट हुने बताए पनि भेट भएन। हामीले सोच्यौं, माओवादीको दुःख दिने नियत रहेछ। हामी दह नपुग्दै माओवादीको जिल्ला जनसरकारका कार्यालय सचिव पदम चिठी लिएर त्यहाँ पुगिसकेका रहेछन्। रवीकिरणद्वारा लिखित उक्त पत्रमा उनले बताएका नेता त्यस ठाउँमा आउन नपाएकाले पुनः पुरानै ठाउँमा फर्कन हामीलाई अनुरोध गरिएको थियो। एकरातको बसपछि पुरानै ठाउँ फर्क्यौं।

बाटोमा सुर्खेती जनतासँग बात मार्दै माओवादी सत्तामा भोगिरहनु परेका तितामिठा अनुभव सुन्दै हामी नेटा आइपुग्यौं। बास नेटामै भयो। बल्लो-पल्लो डाँडो घुमाउने माओवादीको नियतले हामीलाई आक्रोशित बनाएको थियो। उता माओवादीको रास्रो चलखेल रहेको क्षेत्रमा हाम्रो आगमन माओवादी नेता तथा कार्यकर्ताहरुका लागि भने टाउको दुखाईको विषय बनेको हामीले अनुभव गर्‍यौं।

नेटामा आइपुगेपछि गोप्य कोठामा नभई आम जनसमुदायसमक्ष खुल्ला ठाउँमा वार्ता अघि बढाइयो। माओवादीका जिल्ला नेतासँगको हाम्रो चर्काचर्कीले स्थानीय जनतामा पनि सत्य र न्यायका लागि आफ्ना विचार व्यक्त गर्नुपर्छ भन्ने सोच बनेको हुनुपर्छ भन्ने मैले ठानें।

दुर्गालाई अगाडि राखेर कुरा नगर्दासम्म वार्ता गर्नुको अर्थ नरहने देखेर हामीले भन्यौं, "तपाईहरुसँग हामी कुरा गर्दैनौं। जिम्मेवार नेताहरुलाई खबर पठाउनुहोस्। दुर्गा थापाको उपस्थितिबीच मात्र हाम्रो वार्ता हुन्छ।" हामीहरु अलिक आक्रामकरुपमा प्रस्तुत भएका थियौं। चर्काचर्की परेको थियो। अन्त्यमा हामीले दुर्गा थापा र माथिल्लोस्तरका नेतासँग कहिले भेट हुनसक्छ भनी समय तोक्नुपर्ने कुरा राखेपनि माओवादी नेता रवीकिरणले "२८ गते बेलुका भेट हुनसक्छ। २९ गतेचाहिं पक्का हुन्छ। तपाईहरु यहाँ बस्ने भए बस्नुस्, जाने भए जानुस्" भन्ने जवाफ दिए। हामीले २९ गते बेलुका त्यहाँ आउने जानकारी दिई वीरेन्द्रनगर फर्कने निर्णय गर्‍यौं। मिसनबाट फर्केपछि हाम्रो प्रारम्भिक वार्ताको समाचार राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमहरुले अर्थपूर्णरुपमा सम्प्रेषण गरे त्यसले पनि माओवादीलाई दबाब सृजना भयो होला। अनि हामी वार्ताको बेला भएको सहमतिअनरुप पुनः सोही स्थानमा पर्‍यौं। यसपटक हाम्रो टोलीमा पहिलेको एक जना साथी आउन भएको थिएन भने अन्य साथीहरु थपिनु भएको थियो- पत्रकारहरु नेत्र केसी, सूर्यमणि गौतम, देवकुमार सुवेदी र कानुन व्यवसायी नन्द भण्डारी।

त्यसदिन माओवादी नेता आएका रहेनछन्। माओवादीका जिल्लास्तरीय नेताहरु मुस्ताङ र रुकुमे हामी अझ अगाडि बढ्नुपर्ने बताए। तर, हामीले सोही ठाउँमा आउने निश्चय भएका कारण अगाडि नबढ्ने अडान राख्यौं। सोही अनुरुप समाचार पठाइयो। भोलिपल्ट पनि समाचार आदानप्रदानमै बित्यो। त्यसपछि बेलुका मात्र माओवादीका क्षेत्रीय नेता ३१ गते बिहान त्यहाँ आउने भन्ने खबर आयो।

साउन ३५ गते बिहान माओवादीका भेरी-कर्णाली क्षेत्रीय सचिवालय सदस्य तथा सुर्खेत जिल्ला इन्चार्ज राहुलको आगमन भयो। चिनजानपछि विभिन्न चरणमा औपचारिक, अनौपचारिक कुराकानी भयो। दिउँसो दुर्गालाई अगाडि राखेर सामूहिक र टोलीका केही सदस्यहरु सामेल भएर बेरलाबेरलै वार्ताहरु भए। दुर्गा थापाको उपस्थितिबीच, उनीहरुसँगको लामो छलफल पछि उनलाई मुक्त गर्ने सहमति भयो। उनलाई साथमा लिई हामी फर्क्यौं। मिसनको सफलताले करिब दश दिनको कष्टमय यात्रालाई बिर्साईदियो तर "ए हजुर, प्रत्येक गाविसमा एउटा-एउटा मानवअधिकार र पत्रकार भएको अफिस खोल्न पाए माओवादीहरु सुधिन्थे" भन्ने जनताको हृदयस्पर्शी वाक्य कहिल्यै बिर्सन सकिंदैन।

दश दिनको यात्रामा स्थानीय वासिन्दाहरुसँग मानवअधिकारका बारेमा छलफल भयो। जनताका दुःख-दर्दहरुका बारेमा हाम्रो यात्राले माओवादी पक्षलाई जनतामार्फि स्वेच्छाचारी व्यवहार गर्नु हुँदैनरहेछ भन्ने सन्देश पनि दिएको अनुभव भयो। मानवअधिकारको रक्षाका लागि स्थलगतरुपमा प्रयास गर्नुपर्छ र जनताको घरदैलोमा पुग्नुपर्दोरहेछ भन्ने महसुस भयो।

पूर्वी सुर्खेतका जनताको न्यानो माया र स्नेह पाएर फर्किएपछि अर्को पत्रकार साथी डेकेन्द्रराज थापालाई मुक्त गराउने हाम्रो मिसनको तयारी भइरहेको बेला उहाँको हत्याको खबर सुनियो। हामी स्तब्ध भयौं। माओवादी नियतले हामीलाई पुनः एकपटक आक्रोशित तुल्यायो। कलमजीवी डेकेन्द्रराज थापाको निर्ममतापूर्वक गरिएको हत्या प्रसङ्गले माओवादीमा संवेदना नष्ट भएको अनुभूति गरायो। अर्कोतिर माओवादी नेता राहुलले हामीलाई दिएको पत्रमा लेखिएका "मानवअधिकार टोली दैलेख आउँदैछ, पत्रकार डेकेन्द्रराज थापाको स्थिति सार्वजनिक गरिदिनु" भन्ने शब्द अहिलेसम्म मुटुमा बिझाइरहेका छन्। चारै जना सञ्चारकर्मीको अवस्था बुझ्ने र उनीहरुलाई मुक्त गराई, आखा नक्मिकाई उनीहरुको आगमन पर्खिरहेका आफन्तको जिम्मा लगाउने हाम्रो प्रयास पूरा हुन सकेन। तर पनि, माओवादीको प्रभाव रहेको क्षेत्रमा मानवअधिकारको ग्यारेन्टी गरिनुपर्छ भनी आवाज उठाउने हाम्रो सफल अभियान अविस्मरणीय छ।

# रोजीरोटी खोस्न कठोर दण्ड

बाबुराम विश्वकर्मा (अछामको चाल्साबाट फर्केर)

माओवादीहरुले अछामको सदरमुकाम मंगलसेनबाट आठ कोस पूर्वको चाल्सा गाविसका ६ जना दलित हलियालाई "हलियाप्रथाबाट छुटाउने" बहानामा कठोर यातना दिए।

सधैंजसो बिहानै भरत साउदको काममा निस्कने चाल्सा गाविस-४ का २१ वर्षीय उज्ज्वले ढोली ०६१ जेठ २९ गते बिहान चाल्साबजारतिर लागे। आठजनाको परिवार पाल्नुपर्ने दायित्वले थिचिएका उनको सम्पत्तिको नाममा दुई कठ्ठा जति पाखो वारीसिवाय केही छैन। अरुको हलो नजोते उनको परिवार भोकभोकै मर्छ।

चाल्सावजारमा रहेका पाँचजना माओवादीले उज्ज्वले ढोलीलाई घरमा खाना खान र त्यसपछि पुनः चाल्सा स्कूलमा आउन कडा उर्दी जारी गरे। उर्दीको पालना गर्न उनको बाध्यता थियो। "नत्र बाँकी राख्दैनथे, त्यसैले म घर पगेर खाना खाएर जेठ २९ गते ११ बजे यही स्कूलमा आएँ" उनको कथन छ। ११ बजे चाल्सावजारस्थित पशुपति माध्यमिक विद्यालयको प्रांगणमा उनी पुग्दा चाल्साका अरु हलियाहरु आउने विक, रण विक, वाले सुनार, जवाले विक र ढक्कले विक पनि माओवादी उर्दीअनुसार त्यही विद्यालयमा उपस्थित भइसकेका थिए।

माओवादी जनमिलिसियाले पशुपति माविको दोश्रो तलाको कक्षा कोठामा ६ जना निमुखा दलितहरुलाई लिएर गए र कसको हलो जोत्छौ ? भन्दै केरकार गर्न थाले। उज्ज्वले ढोली भन्छन्, "उनीहरुले मलाई कसको हलो जोतेर खान्छौ ? भने। मैले भरत साउदको हलो जोतेर खान्छु भने पनि पछि सुत्न अन्हाए। सुतिसकेपछि मेरा तिघ्रामा काठको कडी राखे। कडीको दुवैतिर दुई-दुईजना चढेर छेउवाट पेल्न थाले र एकजनाले माथिवाट कडी रगेड्न थाल्यो।" माओवादीले उनलाई करिब चार मिनेट पेलेपछि अर्को कोठामा लगेर सुताए।

तीघ्रामा कडीले पेल्दा उनी रोएका थिए। उनले जनमिलिसियाहरुसित पानी मागे तर पानी त के दिन्थे, दुर्व्यवहार गरे। उनी भन्छन्, "मैले एकघण्टापछि पानी मागें तर उनीहरुले पिसाव फेरेर खा भने।"

उज्ज्वलेजस्तै माओवादी ज्यादति भोगेका चाल्सा गाविस-३ का ३६ वर्षीय जवाले विक जेठ २९ गते सात जनाको परिवारको गर्जो टार्न नैनसिंह थापाको हलो जोत्न गएका थिए। खेतमा पुगेर जोत्न नथाल्दै उनलाई पनि अरु हलियालाई झैं पशुपति माध्यमिक विद्यालयमा तत्काल हाजिर हुन माओवादी उर्दी आयो। "मलाई जोत्न छाडेर तुरुन्त स्कूल आउन भनेपछि म गोरु फुकाएर त्यहाँ गएँ" उनी भन्छन्। विहानको ९ बजेतिर स्कूलमा पगेका जवालेलाई तीन घण्टापछि १२ बजे माओवादीले तिघ्रामा काठ राखेर पेल्न थाले। अरुलाई झैं उनलाई पनि दुई-दुई जना काठमा चढेर पेले। उनी भन्छन्, "नपेल्नुहोस् भन्न पनि समय पाइन, पानी पिउन पनि पाइएन।"

माओवादी पेलाइपछि उनी उठ्न सकेनन्। बल्ल-बल्ल बेलुकी ६ बजेतिर घर गए। घटनास्थल पुगेका पत्रकारहरुसँग कुरा गर्दा पनि पीडित दलितहरु रोइरहेका थिए। उनीहरुलाई बोल्न पनि गाह्रो भइरहेको थियो।

समान पीडा भोगेका चाल्सा गाविस-६ का बाले सुनार यातना पाउने दिन घरमै बसेका थिए। उनले पनि माओवादी उर्दी सुन्नेबित्तिकै माओवादीले तोकेको स्थानमा हाजिर हुन बाध्य हुनुपऱ्यो। "म स्कूलमा पुगेको दुई घण्टापछि उनीहरुले पेल्न थाले, म रोएँ तर पनि छाडेनन्" बालेको कथन छ। पेलेपछि अरु साथीसहित उनी पनि बेलुका ६ बजेतिर उठेर घर गए। औषधी उपचारका लागि रकम नभएका कारण ६ जनाले नै काँचो बेसार उमालेर झोल पिए। "तीन चार किलो हर्दी खाएपछि उठ्न सकिएको हो" बाले भन्छन्, "औषधी गर्न न रुपैयाँ नै थिएन।" उनी पनि ६ जनाको परिवार पाल्न स्थानीय मकर साउदको हलो जोत्दै आएका थिए। काठको कडीले पेलिएकामध्ये आउने विक र रण विक भारत पसेका छन्। हलिया पेशावाट

छुटाएपछि गाउँमा बसेर बाँच्ने आधार नभएका कारण दुवैजना भारत गएको पारिवारिक श्रोतले जनाएको छ।

सालको कडीले तिघ्रामा पेलिसकेपछि पीडितहरु दिनभरी उठ्नै सकेनन्। उज्ज्वले ढोली भन्छन्- "मैले त एकहप्तासम्म गोडा चलाउनै सकिनँ। दिसापिसाव गर्न पनि मुस्किल पऱ्यो, हर्दी खाएपछि दुखाई केही कम भएको छ। तर अहिले पनि पीडा बल्झिन्छ।"

दलितहरुको तिघ्रा कडीले पेल्ने माओवादी स्थानीय व्यक्ति थिएनन्। एकजना पीडित भन्छन्, "उनीहरु यो गाउँका होइनन्। हामीले उनीहरुलाई चिन्न सकेनौं।" तर यो ज्यादतीको सूत्रधार माओवादीको गाउँ कमिटी इञ्चार्ज संगम थिए। उनकै निर्देशनमा बाहिरबाट जनमिलिसिया ल्याएर दलितका तिघ्रा पेलिएको हो।

हलिया प्रथाबाट दलितलाई छुटाउनका लागि यस्तो कारवाही गरिएको माओवादीको दावी छ। तर, माओवादीले पीडित दलितहरुलाई घटना हुनुअघि हलिया छोड्न आग्रह भने गरेको थिएन। जवाले विक भन्छन्, "हलिया छाड्न हामीलाई भनेको भए हामी छोड्थ्यौं, एकैपटक यस्तो कारवाही भयो।

माओवादी कारवाहीमा परेका ६ हलियामध्ये एमाले अछामका सचिव भरत साउदले उज्ज्वले ढोलीलाई, नन्दसिंह थापाले जवाले विकलाई, पदमसिंह थापाले ढक्कले विकलाई, मक्करे साउदले वाले सुनारलाई, मोहन साउदले आउसे विकलाई र स्थानीय पशुपति माविका शिक्षक नन्दसिंह साउदले रण विकलाई लामो समयदेखि हलिया राख्दै आएका छन्। चाल्सामा रहेका यिनै ६ जना निर्दोष दलित यतिखेर यातनाको पीडा खेपिरहेका छन्।

बिना सूचना एकाएक दलित हलियाहरुलाई पेलेपछि तिनले हलिया पेशा त्यागेका छन्। गाउँमा आर्थिकस्रोतको भरपर्दो आधार मानिएको हलिया पेशा अपनाए पुनः यातनाको सामना गर्नुपर्ने भयका कारण उनीहरुले जोत्ने पेशा छोडेको बताएका छन्। वाले सुनार भन्छन्, "हामी अब हलिया काम गर्दैनौं, वरु भारततिर कमाउन जान्छौं।" जवाले विक माओवादीले "मजदुरी गरेर परिवार पाल्नुस्" भनेको बताउँछन्।

अर्का पीडित वाले सुनार पनि हलिया छाडेर भारी बोक्ने या भारत जाने सोचाइमा छन्। ढक्कले भने घर छाडेर अछामकै अर्को ठाउँमा गएको बताइएको छ। खाद्यान संकट हुने अछाममा वैकल्पिक पेशा र जमीन नभएका कारण सबैलाई कसरी परिवार पाल्ने र जीवन चलाउने ? भन्ने चिन्ताले सताएको छ।

**आश्वासन धेरै, राहत शून्य**

चाल्सा घटनाले माओवादीभित्र हलचल मच्चाएको छ। चाल्साका निमुखा दलित हलियामाथिको कारवाहीलाई माओवादीले पार्टी निर्णयअनुसार नभएको बताएको छ। गत साउन ४ गते बेलुका माओवादीका पोलिटब्युरो सदस्य प्रभाकर चाल्सा पुगेर घटनाको यथार्थ जानकारी लिएको स्थानीय बासिन्दाहरुले बताए। तर, प्रभाकरले पीडितहरुलाई भेट्ने र उनीहरुको पीडा बुझ्ने काम भने गरेनन्।

त्यस्ले साउन ५ गते अछामको बिनायकमा भएको माओवादीको सेती-महाकाली प्रादेशिक एकीकृत तथा जनसैन्य अभियानको समापन समारोहलाई सम्बोधन गर्दा पोलिटब्युरो सदस्य प्रभाकरले चाल्सा घटना पार्टी निर्णयअनुसार नभएको बताएका थिए। "चाल्साकाण्डका सहभागीहरुलाई हामीले कारवाही गरिसक्यौं" उनको भनाइ थियो।

त्यसो त, चाल्सा घटनाको लगत्तै माओवादीका जिल्लास्तरीय नेता विर्ख भण्डारी पनि चाल्सा पुगेका थिए। चाल्सा चौतारोमा गाउँका सबै मानिसहरुलाई भेला पारेर उनले माफीसमेत मागेका थिए। एकजना स्थानीय बासिन्दा भन्छन्- "यस घटनामा हामी क्षमा माग्छौं। आवश्यक परे क्षतिपूर्ति दिन तयार छौं भने।"

**सेना गए, जनता कुटे, फर्किए**

चाल्सा घटना भएको चौध दिनपछि सदरमुकाम मंगलसेनबाट सुरक्षाकर्मीको टोली घटनास्थल पुग्यो। तर, पीडितहरुलाई भेट्ने र सत्यतथ्य जानकारी लिनुको सट्टा सुरक्षाकर्मीले स्थानीय बासिन्दाहरुलाई कुटपिट गरेर फर्किएको गाउँलेहरुले बताए। घटनास्थलमा पुगेको सरकारी टोलीले प्रमुख जिल्ला अधिकारीलाई चाल्सा घटना सामान्य रहेको प्रतिवेदन बुझाएको छ।

सुरक्षाकर्मीले चाल्सावजारको चौतारोमा बसिरहेका व्यक्तिहरुमाथि अन्धाधुन्ध फायरिङ गरेको स्थानीय बासिन्दा बताउँछन्। "म त धन्न बाँचें" त्यस दिनको फायरिङमा बाँचेका एकजनाले बताए।

चाल्सावजारमा रहेको आफ्नो रेडियो पसलका सामानहरु सुरक्षाकर्मीले जलाइदिएको पसल मालिक नयाराम थापा बताउँछन्, "उनीहरुले मेरो सामानहरु जलाइदिएका छन्। मेरो एसएलसीको प्रमाणपत्र, बुबाको नागरिकता र रेडियो बनाउन सिक्दा पाएको प्रमाणपत्रसमेत सुरक्षाकर्मीले जफत गरेका छन्।"

सुरक्षाकर्मीले स्थानीय वृद्ध डबलसिंह साउदलाई पनि कुटपिट गरे। "म विरामी थिए, उनीहरुले मलाई ढाडमा लात्ताले हाने।" साउद भन्छन्। त्यही दिन सुरक्षाकर्मीले मोहनसिंह थापालाई गिरफ्तार गरी मंगलसेन ल्याएर ११ दिनपछि छाडेका थिए।

पीडितहरुका अनुसार, सुरक्षाकर्मीको टोलीले पीडितलाई भेटेको छैन। तर, अछामका निमित्त प्रमुख जिल्ला अधिकारी नवराज ढकालले आफ्नो टोलीले पीडितलाई भेटेको दावी गरे। निमुखा दलितमाथि भएको यो ज्यादतीको भने अहिले पनि सशक्त विरोध भएको छैन। अछामका राजनीतिक दल, दलित संघ-संस्थाहरुले घटनाको विरोधमा विज्ञप्ति पनि निकालेका छैनन्। एमाले अछामका उपसचिव शेरबहादुर कुवँर भन्छन्, "घटनाको सत्यतथ्य नै बुझ्न पाइएको थिएन।" अछामका दलित नेता भैरे कामी पनि घटना विस्तृतरुपमा बुझ्न नपाएका कारण विरोध नभएको तर्क गर्छन्। उसो त, काटमाडौंमा दलितका नाममा खुलेका संघ-संस्थाहरुले पनि घटनाको विरोध र पीडितलाई राहत पुऱ्याउन पहल गरेका छैनन्।

# सुर्खेतका गाउँमा जे देखियो

**मानवअधिकारकर्मी र पत्रकारहरुको एक टोली ०६१ साउन २२ देखि ३१ गतेसम्म सुर्खेत जिल्लाका विभिन्न गाविसमा स्थलगत अध्ययनमा संलग्न भएको थियो । सोक्रममा सहभागीको हैसियतले देखे-भोगेका तथ्यहरु प्रस्तुत गरिएको छ । आफ्ना भनाइ राख्ने कतिपय व्यक्तिको नामावली उहाँहरुको अनुरोधका कारण खुलाइएको छैन ।**

### पार्टी भनेकै माओवादी

गाउँमा पार्टी भन्नेबित्तिकै 'माओवादी' बुझिन्छ। "पार्टीका मान्छेहरु" भनेपछि स्थानीय बासिन्दाले माओवादीका कार्यकर्ता भन्ने बुझ्छन्। अन्य राजनीतिक पार्टीको अस्तित्व यस अर्थमा पनि कमजोर बन्दै गएको छ। माओवादीको एकछत्र क्रियाकलापका कारण पार्टी भनेपछि उनीहरुलाई नै बुझ्ने गरिएको पाइयो। स्थानीय वासिन्दाहरु भन्छन्, "अरु पार्टीका गतिविधि नै हुँदैनन्। पार्टी भनेपछि माओवादी नै होला भन्ने ठानिन्छ र बुझ्नेले पनि त्यही बुझ्ने गर्छन्।"

### भिसा : आफ्नै घर जान कठिन

माओवादीहरुको अनुमतिबेगर गाउँमा हिँडडुल गर्न सक्ने अवस्था देखिदैन। अझ, बाहिरको मान्छेलाई त निकै कठिन छ। दैनिक ओहोर-दोहोर गर्ने सर्वसाधारणहरुको पनि ठाउँ-ठाउँमा सोधपुछ हुन्छ। को, कहाँबाट, किन, कहाँ आदि प्रश्नको उत्तर फटाफट दिन्छन्, बाटो हिँड्नेहरु। बाहिरका मान्छेहरुको निगरानी दशरथपुर गाविसदेखि नै शुरु हुन्छ। एक लर्को पार गरिसकेपछि आउने नेटा गाविसको मुख्य प्वाइन्टमा पुगेपछि अगाडि बढ्न निकै स्पष्टिकरण चाहिन्छ। बेलुका ५ बजेपछि त झनै कठिन। अरु बेला पनि ओहोर-दोहोर गर्दा माओवादी कार्यकर्ताहरुको सोधपुछ र "चेकिङ" पार गर्नुपर्छ। चेक गर्नेहरु बसेको ठाउँ बेबास्ता गर्दै अगाडि बढ्नु राम्रो हुँदैन। त्यस्तो खतरा मोल्ने आँट कसैले गर्दैनन्। उक्त बाटो भएर हिँडडुल गर्नेहरुका लागि यस्तो सोधपुछ सामान्य बनिसकेको देखिन्छ।

अर्कातर्फ "भिसा" को पनि उत्तिकै व्यापकता छ। एक ठाउँबाट अर्को ठाउँमा जानुपर्‍यो भने माओवादीको स्थानीय जनसरकार वा अन्य कुनै जिम्मेवार व्यक्तिको लिखित अनुमतिपत्र लिएर हिँड्नुपर्छ। कसैले त्यसो गरेन भने कहाँ पुगेपछि समस्या झेल्नु पर्ने हो निश्चित हुँदैन। खानीखोला गाविस-५ हुँदै वीरेन्द्रनगर हिँडेका एक युवकले मानवअधिकारकर्मी र पत्रकारहरुको टोलीकै सामुन्ने माओवादी कार्यकर्ताको हप्काई खाए।

### सेना आए गाउँलेको भागाभाग हुन्छ

नेटा गाविसमा ०६० कार्तिकमा सुरक्षाकर्मीको गस्ती गएको थियो। त्यसयता गएको छैन। सुरक्षाकर्मी आएको थाहा पाउनेबित्तिकै गाउँलेहरुको भागाभाग हुने स्थानीय वासिन्दाहरु बताउँछन्। गत साल नेटा पुगेका सुरक्षाकर्मीहरुले पसलेहरुलाई कुटपिट गरेको, महिलाहरुमाथि दुर्व्यवहार गरेको र माओवादीको आरोप लगाउँदै ज्यानमार्ने धम्की दिएको वासिन्दाहरुले बताए। "सेना आएपछि त यहाँका सबै लोग्नेमान्छेहरुको भागाभाग हुन्छ। नभागे कुटाई खाने डर ! त्यसैले कोही तल बारीतिर भाग्छन् त कोही सेना नपुग्ने ठाउँमा गएर लुक्छन्। तर, एक वर्ष भयो सेना आएको छैन, त्यस्तो भागाभाग पनि भएको छैन" स्थानीय वासिन्दा पहलसिंह बौडेलले बताए।

उता खानीखोला गाविस-५ मा पनि ०६० कार्तिकयता सुरक्षाकर्मी गएका छैनन्। सुरक्षाकर्मी आए भने आफू नै चेपुवामा पर्ने भय छ, सर्वसाधारणमा। गएको वर्ष कार्तिकमा सुरक्षाकर्मी सर्चमा आएको बेला सोही बडामा माओवादी र सुरक्षाकर्मीबीच भीडन्त भए पनि हताहत भने कोही भएनन्। तैपनि सुरक्षाकर्मी आएमा माओवादीको आरोप लगाउँदै आफूहरुलाई नै कुटपिट हुने डर व्यक्त गर्दछन्, त्यहाँका सर्वसाधारणहरु।

### शहीदको स्मृतिमा प्रतिक्षालय

माओवादीले आफ्ना सन्तानको स्मृतिमा प्रतिक्षालय बनाएकोमा पीडितका

अभिभावकहरु खुशी देखिन्छन्। नेटा गाविस-७ मा ०६१ साउन २६ गते शहीद स्मृति प्रतिक्षालयको उद्घाटन सम्पन्न भयो। सो गाविसमा जन्मेर सुरक्षाकर्मीद्वारा मारिएका व्यक्तिहरुको स्मृतिमा माओवादीहरुले प्रतिक्षालय बनाएका हुन्। सुरक्षाकर्मीद्वारा मारिएका नेटा गाविसमा जन्मेका व्यक्तिहरुमा टिका खत्री, बलबहादुर चपाईं, टिकाराम चपाईं, ओमबहादुर खत्री, टेकबहादुर रुचाल र रुपलाल चपाईं छन्। उनीहरुमध्ये कोही सुरक्षाकर्मीसँगको दोहोरो भीडन्तमा मारिएका थिए भने कोही माओवादीको आरोपमा।

**राजनीतिक पार्टीका गतिविधि शुन्य**

"३-४ वर्ष भयो, यहाँ अरु कुनै राजनीतिक पार्टीले केही पनि कार्यक्रम गरेका छैनन्" खानीखोला गाविस-५ मा पसल गरेर बसेका एक सर्वसाधारण भन्छन्। ०५४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा उक्त गाविसमा नेकपा (एमाले) का तर्फवाट पदम आरसीले अध्यक्ष र वालकृष्ण विसीले उपाध्यक्ष पदमा विजय हासिल गरेका थिए। वालकृष्ण विसी जिविस सभापति भएपछि वडा नं. ७ का वडाध्यक्ष लोकबहादुर खत्रीले उपाध्यक्षको कार्यभार सम्हालेका थिए। अहिले निर्वाचित जनप्रतिनिधिहरु गाउँमा वसेर काम गर्ने स्थिति नै छैन। अन्य राजनीतिक पार्टीहरुका लागि आफ्नै गाउँघर विरानो वन्न पुगेको छ। "अरु गाविसको हालत पनि यस्तै छ, अरु सवैका गतिविधि ठप्प छन्" नेटाका एक सर्वसाधारणले भने।

**बङ्कर र सेन्ट्रीः सर्वसाधारणलाई त्रासदी**

खासगरी सुरक्षाकर्मीहरुको चलखेल हुनसक्ने क्षेत्रका विभिन्न ठाउँमा ट्रेन्च र सेन्ट्री पोष्ट खडा गरिएका छन्। कतिपय ठाउँमा एकान्तमा भए पनि कुनै ठाउँमा भने घरकै नजिक खडा गरिएको छ। यदि भीडन्त भइहाल्यो भने दोहोरो फायरिङमा ती घरमा लाग्ने र धनजनको क्षति हुने खतरा देखिन्छ। नेटा गाविस-९ चारकुनेडाँडा गाउँका ४ घर र एउटा विद्यालयनजिकैको सेन्ट्रीपोष्ट र ट्रेन्चले त्यहाँका बासिन्दालाई भयभित बनाएको छ। "यसले गर्दा पहिरो जाने खतरा छ। अर्कातर्फ, सेना आए भने किन, कसको अधिकारले बनाउन दिइस् भनेर कुट्छन्। भीडन्त भयो भने त हाम्रो घरमै लाग्छ।" एकजना बासिन्दा भन्छन्, "ऋण लिएर घर बनाएँ, नजिकै यस्तो वन्यो, दिनरात डर लाग्छ।" नजिकै हिमालय प्राथमिक विद्यालय छ। ट्रेन्च र सेन्ट्रीपोष्टको प्रयोग भएर दोहोरो भीडन्तको घटना भयो भने विद्यालयसहित भीमप्रसाद चपाईं, झगिलाल रुचाल, गगनसिंह रुचाल र रामवहादुर रानाको घर खतरामा पर्ने स्थानीय वासिन्दाहरुले वताए।

दशरथपुर गाविस-८ गमखोलामा ट्रेन्च वनाइएकाले स्थानीय महिलाहरुले रकम संकलन गरेर वनाएको मन्दिरको उपयोग हुन सकेको छैन। "हामीले पैसा उठाएर वनायौं तर मुर्ति राख्न पाइएको छैन। त्यसैले यत्तिकै खेर गएको छ" एक महिलाले गुनासो गरिन्।

माओवादीहरुको तर्क भने वेग्लै छ। टोल, गाउँलाई फौजिकृत गर्ने, सेन्ट्री पोष्ट खडा गर्ने, एम्बुस थाप्ने जस्ता सुरक्षा शैली अपनाई दुश्मनलाई आफ्नो इलाकामा प्रवेश गर्नबाट रोक्ने गरिएको माओवादी कार्यकर्ता कविले वताए।

**स्वास्थ्यकर्मीलाई उर्दी**

माओवादीको जिल्ला जनपरिषद्, सुर्खेतले साउन २६ गते नेटा गाविस-७ मा स्वास्थ्यकर्मीहरुसँग "जनस्वास्थ्यसम्वन्धी अन्तरक्रिया कार्यक्रम" गरेको थियो। अन्तरक्रिया नामाकरण गरिए पनि एक-दुईजना वाहेक अरु कुनै स्वास्थ्यकर्मीहरुले आफ्ना कुरा राखेनन्। माओवादीका जिल्लास्तरीय नेताका भाषण र निर्देशनहरु सुनेर उनीहरु फर्किए। कार्यक्रममा सुर्खेतको पूर्वी भेगका हेल्थपोष्ट, सवहेल्थपोष्ट र प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत ३३-३४ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा माओवादीहरुले ३ वटा कडा निर्देशन दिएका थिए- (क) कम्युनिटी ड्रग प्रोग्राम (सीडीपी) कार्यान्वयन गर्न नहुने, ख) व्यक्ति वा संस्थाको लगानीमा सहकारी मेडिकल स्थापना गर्नुपर्ने, (ग) स्वास्थ्य व्यवस्थापन समिति भंग गरेर "जनस्वास्थ्य समिति" गठन गर्नुपर्ने। तर, स्वास्थ्यकर्मीहरुले यी सवै काम गर्न सक्छन् त ? उनीहरुलाई यी कार्य गर्ने अधिकार छ ? यस्ता प्रश्नले स्वास्थ्यकर्मीहरु स्वयम् अलमलमा परेका छन्। माओवादीहरुले उल्लेखित कार्यहरुका लागि जनसत्ताले आवश्यक नीति निर्देशन दिने र लगानीसमेत गर्ने वताएका थिए।

"स्वास्थ्य क्षेत्र भएकाले खासै हस्तक्षेप देखेका छैनौं तर पनि माओवादीको जनसैनिक कार्यक्रमहरुमा औषधी वोकेर जानुपर्ने, घाइते/विरामीहरुलाई उपचार गर्नुपर्ने हुन्छ। कतिपय औषधी उनीहरुले नै किनेर पनि ल्याउँछन्। सवैभन्दा प्रमुख कुरा उनीहरुले वोलाएका कार्यक्रममा अनिवार्यरुपमा जानुपर्छ", माओवादीद्वारा नेटा गाविसमा आयोजित अन्तरक्रिया कार्यक्रमवाट साउन २६ गते फर्कंदै गरेका एकजना अहेवले नाम उल्लेख नगर्ने शर्तमा वताए। उक्त अन्तरक्रिया कार्यक्रममा पियनवाहेक अरु सवै कर्मचारीहरुलाई अनिवार्य रुपमा उपस्थित हुन माओवादीले कडा निर्देशन दिएका थिए। दशरथपुर

गाविस हुँदै कार्यक्रमस्थल जान लागेकी एक जना गर्भवती महिला स्वास्थ्यकर्मी बीच बाटोबाट फर्कन लाग्दा पनि माओवादीहरुले त्यसो गर्न दिएनन्। उनलाई जबर्जस्ती कार्यक्रमस्थल पुऱ्याइयो, कार्यक्रमका अर्का एक सहभागीले बताए।

**दैनिक सामान बोक्नु पर्ने, ज्याला छैन**

माओवादीहरुले नेटा गाविसका एक सर्वसाधारणलाई साउन २३ गते चामल बोकाएका थिए। २४ गते दाउरा बोक्न लगाइयो। मानवअधिकारकर्मी र पत्रकारहरुको टोली बसेअगाडिको बाटोमा हिँडिरहेका ती व्यक्तिले माओवादीका स्थानीय कार्यकर्तासँग त्यसप्रति असन्तुष्टि व्यक्त गर्दै आफूलाई दैनिक दु:ख दिने तर ज्याला नदिने व्यवहारप्रति विरोध जनाए। तर, माओवादी कार्यकर्ताले "तपाईं चुप लागेर जानुस्" भनेपछि उनी आफ्नो बाटो लागे।

**दुवैतर्फबाट पीडितहरु विस्थापित**

नेटा गाविसका पियन रामसिंह विकलाई ०५९ साल भदौमा सुरक्षाकर्मीले निर्मम कुटपिट गरी घाइते बनाएका थिए। उनी अहिले त्यहाँबाट विस्थापित भएका छन्। शाही नेपाली सेनामा कार्यरत व्यक्तिहरुका २ परिवार माओवादीको डरले भागेर वीरेन्द्रनगर गएका छन्। त्यसैगरी वडा नं. ७ को सात जनाको एक परिवार माओवादी धम्कीका कारण विस्थापित भएको छ।

विस्थापितहरुको बारेमा पार्टीको धारणाबारे जिज्ञाशा राख्दा माओवादी कार्यकर्ता कविले भने, "विस्थापितहरुलाई हामीले फिर्ता हुन दिन्छौं। फर्कनेहरुलाई रोकेका छैनौं। कतिपय अवस्थामा त हामीले निश्चित दिन नै तोकेर त्यस अवधिमा आ-आफ्नो घर फर्कन सार्वजनिक आव्हान गरेका छौं।" तर उनको शर्त थियो, "केही सीमित व्यक्तिहरुलाई भने फर्काउन सकिँदैन। स्थानीय जनसरकारको नियन्त्रणमा रहने प्रतिवद्धता गरेपछि वस्न दिइन्छ।" त्यस्ता सीमित व्यक्तिहरुमा गाउँमा आएर गतिविधि बढाउने, सुराकी गर्ने र सुरक्षा निकायलाई सूचना पुऱ्याउनेहरु भएको उनले बताए। उनका

अनुसार, राज्यपक्षबाट पीडित भएर विस्थापित हुन बाध्य व्यक्तिहरुमध्ये केही पार्टीमै संलग्न भएका, धेरैजसो भारततिर पलायन भएका र केही भने जिल्ला सदरमुकाम वा अन्य शहरहरुमा भूमिगत रुपमा बसेका छन्। राज्यबाट पीडित भएका विस्थापितहरु जो विचारले लैस छन्, उनीहरु परिवारसहित पार्टीमा लागेका छन्। उनको भनाई थियो, "को व्यक्ति सक्कली र को नक्कली माओवादीपीडित हो भन्ने कुरा पार्टीले रेकर्ड राखेको छ। को, कसरी विस्थापित भएको हो या सुराकीको लागि अन्यत्र गएको हो कि वास्तविकरुपमा विस्थापित भएको हो भन्नेबारे पनि जानकारी छ।"

**खच्चरको पाइखाना बनेको विद्यालय**

खानीखोला गाविस-५ उपल्लो खानीदहमा प्राथमिक विद्यालय छ। करिव ४०-५० जना विद्यार्थीले अध्ययन गर्ने उक्त विद्यालयमा एकजना प्रधानाध्यापक र एकजना शिक्षिकाले पठनपाठन संचालन गर्दै आएका थिए। कतिपय अवस्थामा त पियनले पनि पढाउने गरेको स्थानीय वासिन्दा बताउँछन्। विद्यालयमा के भइरहेको छ, कक्षा संचालनको स्थिति कस्तो छ, शिक्षकहरु आउँछन् कि आउँदैनन् भन्ने अनुगमन गर्ने कुनै निकाय छैन। जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरु त्यहाँसम्म पुग्ने नै कसरी, अहिलेको अवस्थामा ? प्रधानाध्यापक सदरमुकाममै वस्ने गरेका छन्। शिक्षिका पनि वर्षे विदामा वीरेन्द्रनगर गएकोमा फर्किएकी थिइनन्। "अहिलेको स्थिति नै यस्तो छ, गाउँमा बस्न गाह्रो छ। त्यसैले उनले सरुवा मिलाएको भन्ने हल्ला सुनिन्छ तर यकिन चाहिँ छैन" स्थानीय बासिन्दा बताउँछन्।

**दैनिक ९ रुपैयाँ ज्याला ?**

नेटा गाविस-७ स्थित विद्यालय भवन डीएफआईडी/समुदाय सहयोग कार्यक्रमको सहयोगमा निर्माण हुँदैछ। कूल ९ लाख २० हजार २ सय ५५ रुपैयाँ लागत अनुमान गरिएको उक्त निर्माण कार्यमध्ये १ लाख ५६ हजार ९ सय ४३ रुपैयाँ समुदायले श्रमदानबाट व्यहोर्ने सहमति भएको छ। तर, सबै उपभोक्ताहरु श्रमदानको बराबरी भागेदारी हुनुपर्नेमा त्यस्तो नभएको गुनासो गर्छन्, गिट्टी कुट्नेहरु। श्रम वाँडफाँड व्यवस्थित नहुँदा कसैले श्रम गरिरहनुपर्ने र कसैले नपर्ने स्थिति रहेको पाइयो। गिटी कुट्ने कार्यमा पदमबहादुर ढाडा, मनबहादुर घर्ती, टेकबहादुर घर्ती, रणबहादुर घर्ती, विष्णुबहादुर सुनार, सहवीर सुनार, गोपीलाल सुनार, ललित सुनार, डिलबहादुर घर्ती, अम्मरबहादुर घर्ती, भीमबहादुर घर्ती, इन्द्रबहादुर घर्ती र प्रेमबहादुर सुनार संलग्न भएको बुझियो। एक कट्टा (व्याग) गिट्टीबापत् व्यवस्थापन समितिले ९ रुपैयाँ उपलब्ध गराएको त्यसमा संलग्न व्यक्तिले बताए, "के गर्नु, दिनभरी सजिलो गरी कुट्ने हो भने एक कट्टाभन्दा वढी हुँदैन।" उनको कथन थियो। यस हिसावले दैनिक ९ रुपैयाँ मात्र हात लाग्ने देखिन्छ। "तैपनि राम्रोसँग लगातार दिनभर कुट्नेले २ कट्टासम्म कुट्छ" अर्को एकजनाले बताए।

● *प्रकाश ज्ञवाली*

# विस्थापितको बिचल्ली

सुर्खेत। माओवादी धम्कीका कारण रातारात घरबार छाडेर सुर्खेतमा कष्टपूर्ण जीवन गुजारिरहेका जुम्ला विराट गाविस-२ माझबुडुका पीडितहरुले आफ्नो व्यथा सरकारले नसुनेपछि संयुक्तरुपमा आत्मदाह गर्ने चेतावनी दिएका छन्। पटक-पटक क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतमा धर्ना दिंदासमेत राहत पाइने कुनै लक्षण नदेखेपछि पीडितहरुले संयुक्त आत्मदाह गर्ने धम्की दिएका हुन्। छ महिनाको दुधेवालक, गर्भवती महिला र ६२ वर्षीय वृद्धसहित ६२ जनाले माओवादी धम्कीका कारण रातारात घरवार छाड्न बाध्य भई मुगु पुगेर दुई सातासम्म कहालीलाग्दा दिन बिताएपछि अहिले वीरेन्द्रनगर आएर कष्टपूर्ण जीवन बिताइरहेका छन्।

क्षेत्रीय सदरमुकाममा सरकारले केही राहतको व्यवस्था गरिदेला भनेर घरका भाँडाकुँडा तथा गरगहना बेचेर मुगुबाट हेलिकोप्टरमार्फत् वीरेन्द्रनगर झरेका पीडितहरु तेस्रो पटक क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतमा राहतका लागि धर्ना दिन जाँदा क्षेत्रीय उपप्रशासक हरिलोचन शर्माले 'पहल जारी छ, निर्देशन आइपुगेको छैन, तपाईंहरुजस्ता हजारौं पीडित छन्, आफ्नो व्यवस्था आफैं गर्नुस्' भनी फर्काइदिएपछि राहत पाइने आशा मरिसकेको दुखेसो पोखे।

'खुला आकाशमुनि निदाउन सकिँदो रहेनछ, न त राहतको खानाले पेट नै भरिने रहेछ', उनीहरुले एक स्वरमा भने- 'तैपनि वरु हामी सुर्खेतमै मर्न तयार छौं, शान्तिवार्ता सफल नभएसम्म घर फर्कँदैनौं।' ती विस्थापितहरु अहिले जिल्ला रेडक्रस सोसाइटी, सुर्खेत शाखाको अगाडिको खुलाचौरमा पाल टाँगेर चौसो रात बिताइरहेका छन्। वैसठ्ठी वर्षीय वृद्ध धौला वुढासहितका विस्थापितहरुले अहिले खुला आकाशमुनि चौसो रात बिताइरहेका मात्र हैन, आफूहरुको पीडा देख्न-सुन्न आउनेहरुले राहत उपलब्ध गराउँछन् कि भनेर मुख ताकेर बस्ने गरेका पनि छन्। यसरी कष्टपूर्ण जीवन गुजारा गरिरहेकाहरुमा सो गाउँका १४ जना बालबालिका, १२ जना वृद्धवृद्धा तथा २६ जना वयस्क छन्। पीडित भीमबहादुर बुढाका अनुसार माओवादीद्वारा हाल कर्णाली अञ्चलमा सञ्चालन गरिएको 'सुज अभियान' अन्तर्गत प्रत्येक घरबाट एकजना अनिवार्यरुपमा माओवादीमा जानुपर्ने, नगए एक जनाको मूल्यबराबर रकम दिनुपर्ने र त्यसो गर्न नसके तीन दिनभित्र घरबार छोड्नुपर्ने उर्दी जारी गरेपछि सो गाउँका सबैले एकैचोटि गत भदौ २४ गते राति गाउँ खाली गरेका थिए। रातारात घरबार त्यागेर विराट गाविसका ३५ र कनकासुन्दरी गाविसका पाँच गरी ४० घरपरिवार मुगु पुगेकोमा २५ घरपरिवारका ६२ जना वीरेन्द्रनगर आइपुगे भने खर्चको अभावमा १५ घरपरिवारका दुई दर्जनभन्दा वढी मुगुमै अलपत्र परेका छन्।

रेडक्रस, जिल्ला प्रशासन कार्यालय, नवज्योति केन्द्र लाटीकोइली र सुर्खेत भ्रमणमा रहेका एमनेष्टी इन्टरनेशनलका प्रतिनिधिद्वारा प्रदान गरिएको थोरै राहतले केही दिन गुजारा चले पनि उनीहरुका लागि तत्काल स्थायी राहत चाहिएको छ। ५५ वर्षीय गोर्खे वुढाले प्राचीसँग भने- 'सरकारले केही राहत उपलब्ध गराउँछ कि भनेर क्षेत्रीय सदरमुकाम वीरेन्द्रनगरमा झर्‍यौं, तर त्यो लक्षण छैन।' नजिकिँदै गएको जाडो मौसममा चिसोले कठ्याङ्ग्रिएर वस्नुपरे पनि र भोकभोकै मर्नुपरे पनि यहीं मर्ने तर शान्तिवार्ता सफल नभएसम्म जुम्ला नफर्कने वुढाले वताए।

● *दुर्गा थापा*

# पूर्वकमैया : हातमुख जोड्नै कठिन

दाङ। न्यायोचित पुनर्स्थापना नहुँदासम्म जन्म र कर्मथलो नफर्कने अठोट लिएका पूर्व कमैयाहरु त्रिभुवननगर नपा-१ सानी अम्वापुरको कपासीवगियो डाँडालाई मुक्तिनगर घोषणा गरे पनि अभावै-अभावमा निर्माण गरिएका साना झुपडीमा अहिले कष्टकर जीवनयापन गरिरहेका छन्। सरकारले कमैया मुक्ति घोषणा गरेको ४ वर्ष वितिसक्दा पनि घोषणा गरेवमोजिम काम नगरेको भन्दै साउन २ गते जिल्लाका १ सय ५ घर परिवार पूर्व कमैयाहरु सो स्थानमा आएका थिए।

पाँचौं मुक्ति दिवस मनाउन घोराहीमा जम्मा भई ११ सूत्रीय माग कार्यान्वयन नहुने देखेपछि उनीहरुले उक्त

डाँडालाई कब्जामा लिएका थिए। उनीहरुमध्ये कतिपयचाहिँ पुरानै ठाउँमा शरण लिन पुगेका छन्। दिनभरी काम गरेर ल्याएको पैसाले ठूलो परिवारलाई एक छाक खान पनि मुस्किल परिरहेको छ। महिलाहरुले काम नपाएर दिनभर त्यसै बस्नुपर्ने हुँदा उनीहरुको श्रम खेर गएकाले उनीहरु चिन्तामा छन्। बेरोजगारी समस्या पनि उत्तिकै छ।

अहिले सो ठाउँमा १ सय ५ घर-परिवारबाट झरेर ६५ परिवारमात्र बस्ने गरेका छन्। ती परिवारका करिब ३ सय ३३ जना खाना, औषधी, लत्ताकपडा तथा शिक्षाबाट वञ्चित छन्। ६० वर्षीय बास्नी चौधरी भन्छिन्, "छोराछोरी, नाति-नातिना, बुहारीसहित बस्छौं। जीवनमा मैले कति धेरै काम गरें, कहिल्यै भोकै भइनँ तर अहिले हाम्रो परिवार सबैले एक छाकमात्र खाने गरेका छौं। त्यसमा पनि पेटभरी खान कहाँ पाइएको छ र ?" चार छोराकी आमा ४० वर्षीय सुभागी चौधरीका पतिको निधन भइसकेको छ। "सरकारले केही गरिदेओस्, हाम्रो चिहान हेर्ने मन नगरोस्, हामी दुई हात जोडेर बिन्ति गर्छौं" उनी भन्छिन्।

"दशैंको बेलामा पेटभरी खान पाइयोस्। साना नानाबालालाई एकसरो लगाउने लुगा पाइयोस्। कहिँ त राहत होस्। सरकारले तिमीहरु हाम्रो देशका सन्तान हौ भनिदिए पनि हामीलाई दशैं, तिहार आएजस्तै हुनेछ, वरु अरु केही चाहिने थिएन। के गर्ने, त्योसम्म हामी कल्पना गर्न बाध्य भएका छौं किनभने आज तीन महिना बितिसक्दा पनि सरकारी मान्छे कस्ता छन् भन्ने कुरा यहाँ हामीले देख्न पाएका छैनौं" विमला थापा दुःखेसो पोख्छिन्।

अहिले सो शिविरमा अर्काको घरबाट पानी ल्याउनुपर्ने बाध्यता छ। उनीहरुलाई पानी उपलब्ध गराउन गाउँलेहरुले निकै गाह्रो मानेको बताउँछन्। केही पनि उब्जनी नहुने डाँडालाई कठिन परिश्रमपछि खनजोत गरे पनि मल, बीउ आदिको अभावका कारण खेतिवाली उब्जिँदैन।

पूर्व कमैयाका बालबच्चा शिक्षा पाउनबाट वञ्चित छन्। दुई छोरा-छोरीकी आमा सीता चौधरी भन्छिन्- "स्कूल नजिकै भए पनि कापी, कलम किन्ने पैसा छैन। डाँडालाई खनेका छौं तर तरकारीको बीउ छैन। मल किन्न सकिँदैन। त्यतिमात्र होइन, यो हाम्रो सानो झुपडीमा साँझ-बिहान आगो बल्न पनि सकेको छैन।" यस्तै वेदना छ, सोही शिविरकी सन्तलीको। आँखाबाट आँशु छार्दै उनी भन्छिन्, "श्रीमान् बिहानै कामको खोजीमा घरबाट निस्कन्छन्। उनी आउने बाटो हेर्दाहेर्दै कहिलेकाहिँ त रात पर्छ। छोराछोरी उनलाई पर्खेर बस्ने बानी नै लागिसक्यो। साँझ आउँछन्, एकछिन खुशी मन हुन्छ, अर्को दिन उस्तै।"

कामको खोजीमा घोराही बजार आए पनि भनेको बेला काम नपाएर रित्तै फर्कनुपर्ने र महिलाहरुले काम नपाएकाले एकजनाको कमाईले परिवारको हातमुख जोड्न निकै कठिनाई उत्पन्न भएको पूर्व

कमैयाहरु बताउँछन्। मुक्त कमैया समाजमा आवद्ध भएका ती पूर्व कमैयाहरु राहतको व्यवस्था, छुट कमैयाहरुको लगत, परिचयपत्र, पुनर्स्थापना, समान जग्गा वितरण, रोजगारी तथा शिक्षालगायतका मागहरु राख्दै आएता पनि सरकारको अस्पष्ट नीति र आफ्नो दायित्वबाट पन्छिनाले उनीहरुको जीवन झनै कष्टकर देखिन्छ।

● *विमलकुमार अधिकारी*

# दुई निर्दोषले ज्यान गुमाए

वाँके। खासकुश्मा गाविस-४ प्रेमनगरमा ०६१ असोज १४ गते सुरक्षाकर्मीको गोलीद्वारा सामान्य मजदुरी गरेर जीवन बिताउने दुई निर्दोष सर्वसाधारणले ज्यान गुमाए। त्यस गाउँमा ५-७ जनाको संख्यामा रहेको माओवादी समूह घटना हुनुभन्दा केही दिन अघिदेखि विहान-बेलुका देखिने गर्दथ्यो। स्थानीयवासीका अनसार "त्यहाँ माओवादी आउने-जाने गरेका दिनदेखि नै एउटा सुराकी समूह देखापरेको थियो। १३ गते विहान पनि त्यो समूह त्यहाँ देखापऱ्यो र त्यसैले दिएको सुराकीका आधारमा दिउँसो १२ बजेतिर कुसुमस्थित सशस्त्र प्रहरीको

बेस क्याम्पबाट आएका सादा पोशाकका सशस्त्र प्रहरीले ती माओवादीहरु बसेको घर वरिपरि घेरा हाल्न शुरु गरे।" प्रहरीले सबै घरका मानिसलाई बाहिर ननिस्कन चेतावनी दिएका थिए। ठीक १ बजे प्रहरीले घेरा हाली फायरिङ शुरु गरेपछि माओवादीहरु चारैतिर भागेका थिए। यसरी भाग्नेक्रममा दुईजना घटनास्थलमै मारिए। एउटी महिला माओवादीलाई प्रहरीले समातेर कुटपिट गर्दै घिसारेर करिब २ सय मिटर पर लुम्बा खोलामा पुऱ्याई पहिला ढुंगाले हिर्काएपछि गोली प्रहार गरी हत्या गरे। घटनास्थलमा टाउकाको हड्डीको टुक्रा, फुटेका चुराहरु र कपाल भेटिएका थिए।

सोही घटनामा विगत तीन वर्षदेखि खासकुश्मा-४, प्रेमनगरका एकजना व्यक्तिको खेत अधिया गरेर जीवन निर्वाह गरिरहेका वैजापुर गाविस-२, बेलासपुरका ३३ वर्षीय धनीराम थारु र उनका भाइ ३० वर्षीय जोरीलाल थारुलाई सशस्त्र प्रहरीले गोली हानी हत्या गरे। ती दाजुभाइ खेतमा काम गरिरहेका थिए। त्यही वाटो भएर माओवादी भागेका कारण प्रहरीले उनीहरुलाई गिरफ्तार गरी सोधपुछ गरेर आधा घण्टापछि छातीमा गोली हानी हत्या गरेका थिए। ती सबै घटना आफूले घरवाट देखिरहेको जोरीलालकी पत्नी वुधनी थारुले वताइन्।

यसरी प्रहरीले तीनजना माओवादी र दुई जना सर्वसाधारणको हत्या गरिसकेपछि करिव आधा घण्टा चलेको फायरिङ रोकेका थिए। त्यसपछि गाउँलेहरुलाई भानु प्राविमा जम्मा गराइएको थियो। सबै गाउँलेहरुलाई विद्यालयमा जम्मा गराएपछि सशस्त्र प्रहरीले माओवादी लुकेको हुनसक्ने आशंकामा सबै घरको खानतलासी गरेका थिए। त्यसक्रममा रकम र गहनासमेत लुटेर लगेको पीडितहरुले बताए।

विद्यालयमा उपस्थित गराइएका गाउँलेहरुलाई प्रहरीले माओवादीवारे सोधपुछ गरेका थिए। त्यसपछि सम्पूर्ण गाउँलेहरुलाई प्रहरीले राजमार्गमा उपस्थित हुन आदेश दिए। त्यहाँ क्षतविक्षत अवस्थाका ५ वटा लास थिए। रगतको आहाल जम्मा भएको थियो। प्रहरीले

गाउँहरुलाई "तिमीहरुले यिनीहरुलाई चिन्छौ ?" भन्दै शव चिन्न लगाएका थिए। तर आफूहरुले निर्दोष दुई दाजुभाइ मारिएको देख्दादेख्दै पनि डरका कारण बोल्न नसकेको स्थानीय बासिन्दाले बताए। सडकमा राखिएका लासमध्ये ४ जना पुरुषको र १ जना महिलाको थियो। एकजना महिला माओवादीलाई प्रहरीले गिरफ्तार गरेको गाउँलेहरु वताउँछन्।

आफ्ना निर्दोष पति मारिएपछि लास माग्न कुसुमस्थित बेस क्याम्प पुगेकी बुधनी थारुलाई प्रहरीले "तँलाई पनि गोली खान मन छ ?" भनेर हप्काएका थिए तर, उनलाई पति र जेठाजुको लास हेर्न दिइएन। लासहरु गाड्न खाल्डाहरु खनिएको थियो। त्यहाँ ३ महिला र ४ पुरुष गरी ७ वटा लास देखेको बुधनीले वताइन्। गाउँलेहरुसमक्ष ५ वटा मात्र लास देखाइएको थियो। थप दुईजना को हुन् भन्ने खुल्न सकेको छैन। गिरफ्तार गरिएकी एकजना माओवादी महिला र अन्य थप एक जना बन्दी बनाइएकी महिलालाई हत्या गरिएको आशंका गरिएको छ।

घटनास्थल खासकुश्मा नेपालगञ्जबाट ५३ किमी पूर्व महेन्द्र राजमार्गसँग जोडिएको छ। त्यहाँबाट सशस्त्र प्रहरीको कुसुम बेसक्याम्प १५ किमी टाढा पर्दछ।

● **इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

# कुइँकाको घाउ आलै छ

अछाम । सुरक्षाकर्मीद्वारा घर तथा गोठ जलाइएका कुइँका गाविस-४ भुलवाडाका २६ घर दलितले अहिलेसम्म राहत पाएका छैनन्। भुलवाडाका २४ घर भुल भनिने सार्कीहरुले जलेका घरहरु गएको चैत महिनासम्ममा आफ्नै प्रयासले पुनर्निर्माण गरेका छन्। भुलवाडाका दलितहरु माओवादी भएको आशंकामा सुरक्षाकर्मीले गत वर्षको मंसिर १४ गते उनीहरुको घर जलाइदिएका थिए।

स्थानीय वासिन्दाका अनुसार, भुलवाडाका २४ घर सार्कीहरुमध्ये एकजना मात्र माओवादी गतिविधिमा संलग्न थिए, अरु निर्दोष थिए। राष्ट्रिय दलित आयोगले द्वन्द्व प्रभावित क्षेत्रको स्थलगत अध्ययनपछि तयार गरेको प्रतिवेदनले पनि कुइँका-४ भुलवाडाका घर जलाइएका सार्कीहरु निर्दोष रहेको ठहर गरेको थियो। तर, घटनास्थलमा पुगेर घटनाको सत्यतथ्य छानविन गर्ने र क्षतिपूर्ति उपलब्ध गराउनेतर्फ कुनै सरकारी निकायको ध्यान पुगेको छैन।

"सबै आउँछन्, फोटो खिच्छन्, लान्छन् तर हाम्रो पीडामा कसैले सहयोग गरेनन्। जलेका घर हामी आफैंले चैतमा पुनर्निर्माण गरेका हौं" किर्ते भुल भन्छन्। यो प्रतिवेदन तयार गर्ने पत्रकार त्यहाँ पुग्दा पीडितहरुले कुरा गर्ने चाहेनन्। "लेखेर के हुन्छ हजुर ?" किर्तेको प्रश्न थियो।

सुरक्षाकर्मीहरुले निर्दोष सार्कीहरुका २४ घर र २ गोठ जलाएपछि पीडितहरु ६ महिनासम्म राहत र क्षतिपूर्तिको प्रतिक्षामा वसे। यसबीच रेडक्रस सोसाइटीले केही थान कपडा र भाँडा सहयोग गऱ्यो। "अरुले हाम्रो पीडालाई वेचेर नाम कमाए तर सहयोग गरेनन्" पीडित जसे भुल वताउँछन्।

द्वन्द्वको मारमा परेका यहाँका भुलहरुलाई एड्स लागेको ठहर पनि राष्ट्रिय दलित आयोगले गरेको थियो। यो ठहरलाई भुलहरुले गलत भन्दै आपत्ति प्रकट गरेका छन्। "एड्स लागेको वा नलागेको ठहर राष्ट्रिय दलित आयोगले गर्ने होइन, डाक्टरले गर्ने हो।" डबलसिंह भुलले भने, "यहाँ कसैलाई पनि एड्स छैन, भए मरिसक्थे।"

● *बाबुराम विश्वकर्मा*

लघुकथा

# मरेको मान्छे

## सुधीर यादव

आफ्नो क्रोधलाई आँसुले छोप्ने प्रयास गर्दै उसले भन्यो, "पुवरिया टोलाके विनुवा - परमानन्दके बेटा, ओकरा भाला अ बर्छीसे गोद गोदके खुन क देलक। भोरे हम ओतही गेलरहिए। जुलुम क देलक हो, जुलुम। वुढ माई, दुटा धियापुता आ घरनी कानैत कानैत अधमर भगेल। पियन रहे ऊ। एकटा पियनके पामर कि रहैछै। येहेन निमुखा गरिबके खून कैरके केहेन करान्ती करतै यी लोग ?"

त्यसपछि कुर्ताको फेरले आँसु पछ्दै ऊ हिंड्यो।

उसको खुलापन, निष्कपट व्यवहार, सरलता, सहृदयता ईर्ष्यालाग्दो थियो। सबै मान्छे यस्तै भइदिएको भए धर्ती कति सुन्दर हुन्थ्यो होला। कहिलेकाहीं सोच्दथें- यो देशका मानिस मात्रै भए पनि पुग्दथ्यो। र, कहिले कल्पना गर्दथें, मेरो गाउँ कति राम्रो हुन्थ्यो होला, सबै उहीजस्तो भइदिएको भए। मानवताले भरपुर एउटा गाउँ। मलाई उसँग भेट गर्न मन लाग्दथ्यो। उसको कुरा सुनिरहन्थें- घर, व्यवहार, खेतीपाती, गाउँघरका समस्या। सामुहिक हितका हरेक क्रियाकलापमा उसको संलग्नता रहने गर्दथ्यो। जस-अपजसप्रति उसको निस्पृहता झनै अद्भुत लाग्दथ्यो। मनुवा- सबैले उसलाई यही नामले बोलाउँथे। पहाडी क्षेत्र भएको भए उसको नाम मानव हुन्थ्यो होला। काठमाडौंका रैथाने भएको भए ऊ मनुचा भनेर बोलाइंदो होला।

एक दिन गाउँको हाट बजारमा, स्वभावविपरीत उसले ठूल्ठूलो स्वरमा भन्यो "सुन्नुभयो तपाईहरुले ? हाम्रै गाउँको विनुवा थियो नि, हो, त्यसलाई तीन-चार दिन अघि मारिदिएछन्। शहरमा मजदुरी गर्दथ्यो। पुलिसलाई देखेर भागेछ। माउवादीको शंकामा मारिएको रे। गोलीले झिउभरि प्वाल परेका थिया भन्ने थिए। ऊ मात्र मरेको होइन। उसँगै उसका परिवार बेमौत मर्नेछन् भनेर किन कसैले सोच्दैन ?" झन् ठूलो स्वरमा ऊ कराया "किय किछ न बजैछे कोही ? चुपचाप बौक जँका रहवै ?" उसले चारैतिर हेर्‌यो।

हाटबजार गर्न आएका कसैले पनि केही बोलेनन्। ऊ फरक्क फर्कियो।

आजकाल मनुवा केही बोल्दैन। कुनै प्रतिक्रिया व्यक्त गर्दैन। मरेको मान्छे अचेत हुन्छ। यो मुलुकमा अचेत मानिस कतिजना छन्, त्यसको तथ्याङ्क कतै उपलब्ध छैन।

*(प्राची अङ्क ५१ मा प्रकाशित विमल निभाको कविता "अर्थ" बाट अभिप्रेरित)*

कविता

# रातो रङ्ग

## रामप्रसाद साह

रातो रङ्ग हुन्छ/रातो रगत हुन्छ
रातो गुराँस फुल्छ/फुल्छ रातो लालुपाते
रातो फल हुन्छ/रातो आगो हुन्छ
रातै हुन्छ बालसूर्य
सृष्टि, रातोसँगको अभिन्नता हो
प्रकृतिले रातो बनाएको हुन्छ
मानव शरीरको लागि/मानव मात्रको लागि
अपरिहार्य रातो।

मानव रगत रातो हुन्छ
रातो रगत खेलाची होइन
जीवन हो बुझ्नुपर्छ/व्यर्थमा बगाएर
काटाकाट गरेर/पोख्नु हुन्न।

हो, रातो टिका लगाउनुपर्छ
त्यसमा रगतको गन्ध नहोस्
मानवअधिकारको प्रत्याभूति होस्
सत्कार्यको समायोजन होस्।

तिमी कति बगाउन सक्छौ/अरुको रगत
म कति बगाउन सक्छु/आफन्तको रगत
उसले कति बगाउन सक्छ/मानव रगत
मेरो गाउँमा यस्तो होड/मेरो देशमा यस्तो होड
चल्दै नचलोस्/रगत त बग्दै नबगोस्
यो त जीवन हो/बुझ्नुपर्छ, जान्नुपर्छ।

यो रगत हामीले बिरासतमा पाएको हो
हाम्रै आमाबाट पाएको हो
बुझ, चेपे नदी, आमाको मानितो
दाजुभाइको रगत, एउटै हो।

त्यसैले,
मेरो गाउँमा रातो गुराँस फुलोस्
लालुपातेको देश भई फुलोस्
बिहानको रक्तिम घाम होस्
सबैको चुल्हो बल्ने काम होस्।

कलैया-८, बारा

# अन्तर्राष्ट्रिय चासो विश्लेषण




पुस्तक: माओइस्ट इन्सर्जेन्सी इन नेपाल: दि च्यालेन्ज एण्ड दि रेस्पोन्स
लेखक: एसडी मुनि
प्रकाशक: रुपा कम्पनी, नयाँ दिल्ली, भारत
प्रकाशन वर्ष: सन् २००३
पृष्ठ संख्या: १३४

भारतका राजनीतिशास्त्री प्राध्यापक एसडी मुनिद्वारा लिखित प्रस्तुत पुस्तकले नेपालको माओवादी जनयुद्धका सम्बन्धमा भारतका एकखाले कुटनीतिज्ञ र राजनीतिशास्त्रीहरुको मतलाई प्रतिनिधित्व गर्दछ। करिब आधा भाग अनुसूचीहरुले भरिएको यस पुस्तकले नेपालमा माओवादी जनयुद्ध र यसको अन्तर्राष्ट्रिय 'रेस्पोन्स'लाई उजागर गर्ने प्रयत्न गरेको छ। त्यसक्रममा खासगरी भारत, चीन, अमेरिका, बेलायत र पश्चिमी राष्ट्रहरुको धारणा र गतिविधिहरुको विश्लेषण गरिएको छ।

माओवादीहरुको उत्पत्ति र कारणहरुको विवरणबाट शुरु गरिएको पुस्तकमा माओवादी जनयुद्धको समर्थनको आधार र राजनीतिक उद्देश्यहरु, विद्रोहका सात वर्ष, नेपाल सरकार तथा अन्तर्राष्ट्रिय रेस्पोन्स, भारत र माओवादी चुनौति जस्ता शीर्षकमा सात खण्ड समावेश गरिएको छ। पाँचवटा अनुसूचीहरुले पुस्तकलाई भद्दा बनाएका छन्। तीमध्ये तीनवटा अनुसूची- माओवादीका ४० सुत्रीय माग, संयुक्त क्रान्तिकारी जनपरिषदको नीति तथा कार्यक्रम, र नेकपा (माओवादी) को उत्पत्ति र विकास, दस्तावेजका हिसाबले उपयुक्त भएता पनि अन्य अपूर्ण छन्। खासगरी विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार र सूचनाहरुका आधारमा विवरणात्मक ढंगले तयार पारिएको यस पुस्तकका दुईवटा खण्डले भने माओवादी जनयुद्धको अन्तर्राष्ट्रिय प्रतिक्रिया र चलखेललाई उजागर गरेका छन्। "इन्टरन्याशनल रेस्पोन्सेज" र "इन्डिया एण्ड दि माओइस्ट च्यालेन्ज" शीर्षकका दुई खण्डमा जनयुद्धलाई अन्तर्राष्ट्रिय शक्ति राष्ट्रहरु विशेषत: अमेरिका, बेलायत, भारत र चीनले के-कसरी लिएका छन् र कस्तो रणनीति अवलम्बन गरेका छन् भन्ने स्पष्ट पारिएको छ। चीनले माओवादीलाई आतंककारी नभई क्रान्तिकारीको रुपमा लिएको र नेपाल सरकारलाई माओवादी सवाललाई लिएर बाहिरी संलग्नता नखोज्न वेलाबेला दवाब दिने गरेको पुस्तकमा उल्लेख छ। त्यस्तो दबाब नेपालमा बढ्दो अमेरिकी उपस्थितितर्फ लक्षित भएको विश्लेषण गरिएको छ। अमेरिका र बेलायत नेपालमा सैनिक शक्ति सुदृढीकरणतर्फ लागिपरेको र अन्य युरोपेली राष्ट्रहरु शान्ति, मानवियता र विकासका सवालमा केन्द्रित देखिएको मुनिको ठम्याई छ।

शुरुका दिनहरुमा माओवादी जनयुद्धलाई त्यति ठूलो खतराका रुपमा नलिएको भारत खासगरी नोभेम्वर २००१ यता भने भिन्नैरुपमा प्रस्तुत भएको कुरा पुस्तकमा उल्लेख गरिएको छ। त्यसको एउटा महत्वपूर्ण कारणचाहिँ नेपालमा अमेरिकी र वेलायती सैन्य तथा राजनीतिक चलखेल वढ्नु तथा अमेरिकी र वेल्जियन हतियार भित्रनु थियो। नेपालमा विस्तारै अमेरिकी र वेलायती चलखेल वढ्नु भारत आफैको लागि पनि दीर्घकालीन फाइदाको विषय होइन भन्ने कुरामा भारतीय नीति निर्माताहरुको ध्यानाकर्षण भएको मुनिको ठम्याई छ।

अर्कातर्फ, माओवादीलाई सेल्टर प्रदान गरेर र उनीहरुका गतिविधिमा रोक नलगाएर परोक्षरुपमा माओवादीहरुको समर्थन गरेको आरोप लाग्नाले पनि भारत अप्ठ्यारोमा परेको थियो। मुनिको सुझाव छ, नेपालमा भारतलाई राजसंस्थाको समर्थक र निकटका रुपमा लिइने वर्तमान अवस्थामा, भारतले नेपालका राजनीतिक पार्टी र माओवादीहरुलाई एक ठाउँमा ल्याउन प्रयास गर्नु आवश्यक छ। राजनीतिक पार्टी र माओवादी एक ठाउँमा आउँदा राजसंस्थाको शक्ति कटौती हुने, र भारतलाई जनताद्वारा रुचाइएको छिमेकीको रुपमा आउन तथा पश्चिमा शक्तिहरुको वढ्दो प्रभाव र रणनीतिक उपस्थिति घटाउन सहयोग पुग्ने मुनिको तर्क छ। भारत र माओवादीवीचको राम्रो सम्वन्धले भारतका अतिवादी शक्तिहरुको गतिविधि घटाउन पनि सहयोग मिल्ने उनको विश्लेषण छ।

खासगरी माओवादी नेता सीपी गजुरेल र मोहन वैद्य, तथा अन्य केन्द्रीय नेताहरुको गिरफ्तारीपछि भारत र माओवादीवीचको निकटतामा आशंका उव्जाएको छ। भारत मुनिले भनेजस्तो माओवादीसँग नजिकिने नीति अवलम्वन नगरी पश्चिमा राष्ट्रहरुलाई 'व्यालेन्स' मा राख्नका लागि माओवादीहरुप्रति वढी आक्रोशित भएको हो कि भन्ने अनुमान गर्न सकिन्छ। जेहोस्, भारतका कतिपय बुद्धिजीवीहरुको धारणा वुझ्न यो पुस्तक सहयोगीसिद्ध छ। मुनिले यस पुस्तकमार्फत् माओवादीहरुप्रतिको अन्तर्राष्ट्रिय रेस्पोन्स र भारतको दृष्टिकोणसम्वन्धी वहसको ढोका खोलिदिएका छन्। ●

**मानवअधिकार सामान्य ज्ञानको उत्तर**

१. क २. ग ३. ग ४. घ ५. क ६. ख ७. ग ८. क ९. क १०. घ ११. क
१२. ख १३. ख १४. ग १५. क १६. ख १७. क १८. क १९. ख २०. ख

# किन फिल्मीकरण भएनन् मानवअधिकार उल्लंघनका प्रसंगहरु ?

नेपाली चलचित्र निर्माण हुने क्रम अहिले केही सुस्ताएको छ। केही वर्षअघिसम्मको दर्जनौं चलचित्र बन्ने स्थितिमा यतिखेर शिथिलता आएको छ र औंलामा गन्न सकिने सङ्ख्यामा अहिले नेपाली चलचित्र निर्माण हुन थालेको छ। पचासको प्रारम्भिक दशकमा उत्कर्षमै पुगेको नेपाली चलचित्र निर्माणको क्रम केही वर्षयता फेरि फेदितिरै ओर्लिएको छ। विस्तारै उद्योगको रुपमा स्थापित हुनथालेको नेपाली चलचित्र क्षेत्र, त्यसको छेउछाउ नपुग्दै खुम्चिन पुगेको छ। देशमा व्याप्त द्वन्द्वका कारण हरेक क्षेत्रमा छाइरहेको अन्यौलता, आर्थिक मन्दी र अन्यमनस्कताका कारण चलचित्र क्षेत्रले यस्तो स्थिति भोग्नुपरेको देखिन्छ। यस्ता तर्कहरूमा आंशिक सत्य त लुकेका होलान् तर संगसंगै अरु ज्वलन्त कारणहरू पनि जोडिएका हुन्।

नेपाली चलचित्र जगत्ले विगतदेखि नै सामाजिक जीवन र परिवेशका गम्भीर मुद्दाहरुलाई चासोपूर्वक उठाउन नसकिरहेको तथ्य सबैले बुझेकै विषय हो। नेपाली चलचित्रको समग्र पहिलाई कलात्मक, समाजका ज्वलन्त र गम्भीर मुद्दाहरूलाई चलचित्र जगत्ले सघन ढंगले आत्मसात गर्न नसकेको प्रष्ट देखिन्छ। अझै के भन्न सकिन्छ भने, नेपाली समाजका गहन र जीवन्त मुद्दाहरुतिर प्रवेश गर्ने साहससमेत नेपाली चलचित्र क्षेत्रले देखाउन सकेन विगतका वर्षहरुमा । किन यस्तो हुन गयो त ? आफ्नो भूमीभित्रका समस्याहरुलाई चलचित्रकरण गरेर "आफ्नोपन" को स्वाद बाइन किन पछि पर्‍यो नेपाली चलचित्र जगत् ? यस्ता प्रश्नहरु उठ्नु स्वभाविक देखिन्छ।

तर विश्वमै धेरै चलचित्र निर्माण हुने हिन्दी चलचित्र जगत् भने सामाजिक मुद्दाहरुलाई चलचित्रको पर्दामा उतार्ने कार्यमा सदैव अगाडि नै देखिन्छ। त्यस्ता विषयहरु उठाएर आमदर्शकको रुचिअनरुप चल्ने चलनै भइसक्यो, हिन्दी चलचित्र क्षेत्रमा। उनीहरु सफल हुनको एउटा कारण त्यो पनि हो । करिब एक वर्षअघि बनेको हिन्दी चलचित्र "गंगाजल : द होली वेपन" त्यस्तै एउटा चलचित्र हो, जसले सामाजिक सरोकारलाई आफ्नो कथावस्तु बनाएको थियो। सन् १९७८ देखि ८० को बीचमा बिहारको भागलपुरमा अपराधीको आरोप लगाउँदै स्थानीय निर्दोष जनताका आंखामा स्थानीय प्रहरी अधिकारीहरुले तेजाब छर्किदिएको घटनालाई सो चलचित्रले आफ्नो विषय बनाएको थियो। उक्त घटनालाई घोर मानवअधिकार उल्लंघनको रुपमा चित्रित गर्दै चलचित्रको पर्दामा उतारिएको थियो। बिहारलगायतका ठाउँमा सो चलचित्र प्रदर्शनपश्चात् निकै ठूलो हङ्गामा समेत मच्चियो। कैयौं सिनेमाहलहरु तोडफोड हुने कामसमेत भए। ठेट भारतीय विषयमाथि चलचित्र बनाउने निर्देशक प्रकाश झाको प्रयासलाई त्यतिखेर सबैले प्रशंसा गरेका थिए।

तर हामीकहाँ मानवअधिकार उल्लंघनका घटनाहरुलाई पर्दाकरण गर्ने प्रयास घनिभूत रुपमा भएको देखिंदैन। हुन त केही चलचित्रहरुमा प्रहरी-प्रशासनको ज्यादती देखाइने गरिएको छ तर ठोस र यथार्थरुपमा भने देखाइने गरिएको पाइंदैन। नेपालको नियम कानुनले तोकिदिएको क्षेत्राधिकारअनुरुप कुनै अपराधीलाई "अपराध" बकाउन प्रहरी कस्टडीमा यातना दिने गरिएको कुरालाई चलचित्रमा स्थान दिए पनि मानवअधिकार उल्लंघनको फराकिलो दायरामा अडिएर फिल्मीकरण गरिएको भने पाइंदैन। सबैलाई थाहा छ, पछिल्लो अवधिमा नेपालमा मानवअधिकार उल्लङ्घनका घटनाहरुको चाङ नै लागेको छ। जसलाई चलचित्रको पर्दामा उतारेर आमदर्शकलाई कलाको आवरणमा सुसूचित गराउन सकिन्छ।

सबैलाई थाहा छ, पछिल्लो समयमा माओवादी जनयुद्धको व्यापकताले नेपालको हरेक कुनाकुना आक्रान्त बन्नपुगेको छ। आक्रान्तको कुनै सीमा र साध छैन । एउटा भयावह र जटिल मोड हुँदै गुज्रिरहेको छ देशको भविष्य। र, हरेक नेपालीको स्वतन्त्रतापूर्वक र राजीखुसी बाँच्न पाउने हक खोसिने क्रम व्यापक छ । माओवादी र राज्यपक्षको युद्धप्रियताका कारण हरेक नेपालीको मानवअधिकार खोसिने क्रम झनै बढ्दो छ।

तर यस्तो भयावह परिस्थितिलाई नेपाली चलचित्र जगत्ले आफ्नो विषय बनाउन नसकिरहेको हो वा नचाहेको हो ? एउटा ज्वलन्त प्रश्न उठिएको छ, नेपाली चलचित्र क्षेत्रमा। कुनै पनि चलचित्रकर्मी यो गम्भीर प्रश्नको निष्टयारा गर्ने काममा लाग्नको पाइंदैन र उनीहरुले अहिलेको यस्तो नाजो संवाललाई फिल्मीकरण गर्ने चासो र तत्परता देखाएको पाइंदैन।

नेपाली समाजमा भइरहेका मानवअधिकार उल्लंघनका यावत प्रसंगहरू चलचित्रका विषय बन्न सक्छन्। विदेशी चलचित्रतिर नजर पऱ्याउने हो भने मानवअधिकार उल्लंघनका घटनालाई अत्यन्तै सुन्दर र गहनरुपले फिल्मीकरण गरिएको पाइन्छ। किनभने मानवअधिकार उल्लंघनका पक्षहरू सामाजिक सरोकारसित गासिएका विषय हुन् भन्ने कुरा अरु देशका चलचित्रकर्मीहरुले राम्ररी बुझेका हुन्छन्। तर, हाम्रा चलचित्रकर्मीहरूको नजर भने यतातिर नपुगेको देखिन्छ। सस्ता प्रेमका कथाहरूमा चलचित्र बनाउने बानी परेको नेपाली चलचित्र जगत्का लागि यस्ता सुझावहरू कत्तिको सुपाच्य हुन सक्छन् ? यो झटारो नेपाली चलचित्रकर्मीहरुतिर तेर्सिन स्वभाविक देखिन्छ।

● *विवश वस्ती*

१. मानवअधिकार भनेको के हो ?
(क) मानव भएर जन्मेपछि पाउने नैसर्गिक अधिकार (ख) सरकार र राज्यले नागरिकहरुलाई संविधान वा कानुनअनुरुप दिएको अधिकार
(ग) मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले दिएको अधिकार (घ) आधुनिक र विकसित समाजले जनतालाई दिने अधिकार

२. इन्सेकले मानवअधिकार वर्ष पुस्तक प्रकाशनको थालनी कहिलेदेखि गरेको हो ?
(क) सन् १९९० (ख) सन् १९९१ (ग) सन् १९९२ (घ) सन् १९९३

३. यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि नेपालले कहिले अनुमोदन गरेको हो ?
(क) सन् १९८९ मे १४ (ख) सन् १९९० मे १४ (ग) सन् १९९१ मे १४ (घ) सन् १९९२ मे १४

४. खेलकुदमा रंगभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले कहिले अनुमोदन गरेको हो ?
(क) सन् १९८५ डिसेम्बर १० (ख) सन् १९८९ मार्च १ (ग) सन् १९९० मार्च १ (घ) सन् १९८९ मार्च १

५.बेलायतको गौरवमय क्रान्ति कहिले भएको थियो ?
(क) सन् १६८८ (ख) सन् १७८८ (ग) सन् १८८८ (घ) सन् १५८८

६.लियोन शहरको विद्रोह कहिले भएको थियो ?
(क) सन् १८५३ (ख) सन् १८३१ (ग) सन् १८३५ (घ) सन् १८६५

७. फ्रान्सेली मानवअधिकारको घोषणा कहिले भएको थियो ?
(क) सन् १७८० (ख) सन् १८८९ (ग) सन् १७८९ (घ) सन् १७९१

८. युद्ध मैदानमा घाइते तथा बिरामी परेका सैनिकहरुको अवस्था सुधारसम्बन्धी जेनेभा महासन्धि कहिले पारित भएको हो ?
(क) सन् १९४९ अगस्ट १२ (ख) सन् १९५५ अगस्ट १२ (ग) सन् १९६५ अगस्ट १२ (घ) सन् १९६६ अगस्ट १२

९. युद्धको समयमा गैरसैनिक व्यक्तिहरुको संरक्षणसम्बन्धी जेनेभा महासन्धि कहिले पारित भएको हो ?
(क) सन् १९४९ अगस्ट १२ (ख) सन् १९५० अगस्ट १२ (ग) सन् १९६३ अगस्ट १२ (घ) सन् १९६६ अगस्ट १२

१०. सशस्त्र संघर्ष भएको अवस्थामा सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी हेग महासन्धि कहिले पारित भएको हो ?
(क) १४ मई १९४० (ख) १४ मई १९४१ (ग) १४ मई १९४४ (घ) १४ मई १९४७

११. संयुक्त राष्ट्रसंघले मानवअधिकारका लागि राष्ट्रसंघीय केन्द्रको स्थापना कहिले गरेको हो ?
(क) १९८३ (ख) सन् १९९८ (ग) सन् १९९९ (घ) सन २०००

१२. राष्ट्रसंघीय उक्त केन्द्रको प्रमुखमा को रहने व्यवस्था छ ?
(क) महासचिव (ख) उपमहासचिव (ग) कुनै पनि सदस्य राष्ट्रको प्रतिनिधि (घ) माथिका कुनै पनि होइन

१३. पहिलो विश्व मानवअधिकार सम्मेलन कहाँ भएको थियो ?
(क) फ्रान्स (ख) इरान (ग) जेनेभा (घ) इटाली

१४. पहिलो विश्व मानवअधिकार सम्मेलन कहिले भएको हो ?
(क) सन् १९५३ (ख) सन् १९६१ (ग) सन् १९६८ (घ) सन् १९६९

१५.संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको स्थापना कहिले भएको हो ?
(क) सन् १९४६ (ख) सन् १९४७ (ग) सन् १९४८ (घ) सन् १९४९

१६. दक्षिण एशियाली सहयोग संगठन (सार्क) को स्थापना कहिले भएको हो ?
(क) सन् १९६७ (ख) सन् १९८५ (ग) सन् १९८७ (घ) सन् १९८८

१७. मानवअधिकारको प्रथम सुत्रधारको रुपमा केलाई मानिन्छ ?
(क) बेलायती म्याग्नाकार्टा (ख) बेलायतको गौरवमय क्रान्ति (ग) फ्रान्सको विद्रोह (घ) फ्रान्सेली मानवअधिकार घोषणा

१८. बेलायतका राजा जोनद्वारा म्याग्नाकार्टामा कहिले हस्ताक्षर गरिएको हो?
(क) १५ जुन १२१५ (ख) १५ जुन १४४५ (ग) १५ जुन १५४५ (घ) १५ जुन १६६५

१९. फिराउन विरोधी लडाई कुन देशमा भएको हो ?
(क) इटली (ख) मिश्र (ग) चीन (घ) बेलायत

२०. दासत्व विरुद्धको महासन्धि १९२६ मा नेपालले कहिले सम्मिलन जनाएको हो ?
(क) ७ जनवरी १९५३ (ख) ७ जनवरी १९६३ (ग) ७ जनवरी १९६२ (घ) ७ जनवरी १९६६

उत्तर ४८ पेजमा

*प्रस्तुती : शिव खकुरेल*

# कानुनको प्रभावकारी कार्यान्वयन र निर्णय तहमा महिला सहभागिता जरूरी छ

**साहना प्रधान** नेकपा (एमाले) स्थायी कमिटी सदस्य एवम् महिला सुरक्षा दबाब समूहकी अध्यक्ष हुनुहुन्छ । नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनमा लामो समयदेखि क्रियाशील प्रधान महिला अधिकारको क्षेत्रमा पनि सक्रिय हुनुहुन्छ । महिलाविरुद्धका हिंसाका घटनाहरु र महिला सुरक्षा दबाब समूहका क्रियाकलापमा केन्द्रित रहेर प्रकाश ज्ञवालीद्वारा गरिएको कुराकानी प्रस्तुत छ ।

**देशका विभिन्न ठाउँमा महिला विरुद्धका हिंसाका घटनाहरु भइरहेका छन् । यसलाई कसरी लिनुभएको छ ?**

महिलाविरुद्धका हिंसा आज मात्र भएका होइनन्, हिजो पनि थिए। फरक यत्ति हो कि हिजो यसरी उजागर भएका थिएनन्। यस्ता घटनाहरु अहिले बढेका पनि छन्। यसो हेर्दा, यस्ता घटनाहरु हाम्रोजस्तो गरिब, पिछडिएको देशमा मात्र भएका हुन् कि भन्ने भान पर्छ। तर अमेरिका, जापान, चीन वा महिला अधिकारको हिसाबले एकदमै अगाडि बढेका स्क्यान्डेभियन राष्ट्रहरुकै कुरा गर्दा पनि, यस्तो समस्या विद्यमान छ। संसदमा पचास प्रतिशत र मन्त्रिपरिषदमा पचास प्रतिशतभन्दा पनि बढी महिला सहभागिता भए पनि ती राष्ट्रहरुमा महिलालाई हेर्ने दृष्टिकोण वेग्लै छ। त्यहाँ पनि महिलाविरुद्धका हिंसाका घटनाहरु हुने गरेका छन्। समग्रमा भन्नुपर्दा, महिलालाई आदीकालदेखि छुट्टै दर्जाको रुपमा हेरिँदै आइएको छ। "महिलासँग शरीर छ, पुरुषसँग बुद्धि छ" भन्ने साँघुरो सोचाईमा अहिलेसम्म परिवर्तन आउन सकेको छैन। त्यस्तो परिवर्तन नआएकाले पनि महिलाविरुद्ध हिंसाका घटना हुने गरेका छन्। अर्कातर्फ, विभिन्न सञ्चार माध्यमहरु र मानिसमा आएको चेतनाको कारणले पनि यस्ता घटना लुकाउनु हुँदैन, सार्वजनिक गर्नुपर्छ भन्ने भावना जागृत भएको छ। यो सकारात्मक कुरा हो।

**अहिले बलात्कारसम्बन्धी घटनाहरु पनि व्यापकरुपमा सार्वजनिक जानकारीमा आएका छन् । यस्ता घटनाहरु बढ्नुको कारण के होला ?**

सामान्यतया आम मानिसमा कहिल्यै नचिनेको वा चिनेको भए पनि, हाराहारी उमेरको परपुरुषद्वारा मात्र बलात्कार हुन्छ भन्ने सोचाई रहेको पाइन्छ। तर, यसो नभई अत्यन्त निकृष्ट घटनाहरु पनि हुने गरेका छन्। मैले केही दिनअघि एउटा पत्रिकामा पढेकी थिएँ, एकजना ६५ वर्षको बाजेले आफ्नी ६ वर्षकी नातीनीलाई बलात्कार गरेछ। म ४-५ महिनाअघि दिल्लीमा आयोजना गरिएको एउटा सेमिनारमा जाँदा एकजना अमेरिकी महिला भेटेकी थिएँ। उसलाई आमाले थाहा नपाउने गरेर आफ्नो बाबुले बलात्कार गर्ने गरेको रहेछ, पाँच वर्षको छँदा। उसकी आमा काम भएकी र बाबु काम नभएको रहेछ। आमा काममा हिँडेपछि उसलाई बाबुले बलात्कार गर्ने गर्दोरहेछ। बलात्कार भनेको के हो भन्ने थाहै नपाएकी पाँच वर्षकी बालिकालाई "तेरी आमालाई भनिस् भने मार्दिन्छु" भनेर उसले बलात्कार गर्ने गर्दोरहेछ। त्यसरी लगातार पाँच-छ वर्षसम्म बाबुले छोरीलाई बलात्कार गरेछ। उसले त्यो कटु अनुभव छ वर्षपछि सहनै नसकेर आमालाई भनिछ। मौकावश आमाले पनि बलात्कार गर्दै गरेको देखिछ। यस्ता घटना पनि हुने गरेका छन्। बलात्कारकै विषयवस्तुलाई लिएर ती महिलाले एउटा राम्रो 'मोनोलग' तयारी गरेकी रहिछ, करिब एक घण्टाको। उसको जीवनमा भएको त्यस्तो घटना सुन्दा म स्तब्धित भएँ। यस्ता घटनाहरु हाम्रै देशमा पनि छन्। ससुराले बुहारीलाई, दाजुले बहिनीलाई, बाबुले छोरीलाई बलात्कार गर्ने घटनाहरु छन्। पहिले-पहिले गुपचुप राखिने गरिएका बलात्कारका घटनाहरु अहिले उजुरी गर्ने, सार्वजनिक गर्ने गरिएकाले पनि जानकारीमा आएका हुन्।

**बलात्कारका घटनाहरु नियन्त्रण गर्न कानुन र त्यसको कार्यान्वयन पक्ष कस्तो छ ?**

बलात्कारका घटनाहरु दिन प्रतिदिन बढेका छन्। यसलाई नियन्त्रण, सजाय गर्नको निमित्त मुलुकी ऐन छ तर प्रभावकारी छैन। त्यसबाट जुन किसिमले काम हुनुपर्ने हो, त्यस्तो हुन सकेको छैन। म सांसद छँदा यस सम्बन्धमा एउटा नीजि

विधेयक ल्याउने प्रयास गरेकी थिएँ तर तात्कालीन सत्तापक्षले त्यसलाई तुहाइदिएको थियो। त्यसको ६ वर्षपछि मुलुकी ऐनको एघारौं संशोधन भयो। तर पनि यो प्रभावकारीरुपमा कार्यान्वयन भएको छैन। क्यान्सरको रुपमा रहेको बलात्कारलाई नियन्त्रण गर्न एउटा छुट्टै कडा कानुन बनाउनुपर्छ। उदाहरणको लागि डेढ महिनाअघि भारतमा तेह्र वर्षदेखि पेन्डिङमा रहेको बलात्कारको मुद्दामा पीडकलाई फाँसी दिइयो। त्यसैगरी चीनमा बलात्कारीलाई फाँसी दिइन्छ। पाकिस्तानमा पनि थाहा पायो भने निर्ममतापूर्वक मार्ने गरिन्छ। त्यसैले बलात्कार अति जघन्य अपराध हो। हाम्रो देशमा मृत्युदण्डको व्यवस्था छैन तर पनि विभिन्न व्यक्तिहरुद्वारा बलात्कारजस्तो मुद्दामा त फाँसी नै दिनुपर्छ भन्नेखालको कुरा पनि आएको पाइन्छ।

**महिलाविरुद्ध हिंसाका घटनाहरुमा पीडितहरुले समाजबाट झनै पीडा पाउने र अपराधीहरु उम्कने परिपाटी देखिन्छ । यस्तो किन भएको होला ?**

सबैभन्दा ठूलो करा त कानन हो। तर कानुन बनेर मात्र हुँदैन, त्यो कति प्रभावकारी हुन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ। हामीले कानुन बनाउछौं, त्यसपछि आफसेआफ काम हुन्छ भन्ठान्छौं। यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा सोच्दैनौं। यहींनेर हाम्रो कमजोरी देखिन्छ। कानुन एउटा देखावटी वा कागजी बाघ मात्र हो कि साच्चिकै भन्ने विषयमा सोच्नुपर्छ र साच्चिकै बाघ बनाउनुपर्छ। त्यसो भइरहेको छैन। अहिले महिलाविरुद्ध हिंसाका मुद्दामा मृत्युदण्डको व्यवस्था गर्नुपर्यो भन्न नसकेता पनि कानुनमा कडा सजायको व्यवस्था भने हुनुपर्छ। यस्तो जघन्य अपराधको लागि १० वर्ष कैद वा केही जरिवाना गरेर पुग्दैन। उदाहरणका लागि महिला बेचबिखन गर्ने एकजना अपराधी जेल परेको छ भने उसले शुरुमा "मैले त्यस्तो काम गरेकै छैन" भन्छ तर सजाय भोगिसकेर रिहा हुने समय आउन थाल्यो भने "म यहाँबाट निस्के भने सयजना बेच्छु" भन्छ। कानुन र कार्यान्वयनमा रहेका कमजोरीका कारण अपराधीहरुले यसो भन्ने गर्छन्। कानुन बनिसक्दा पनि कार्यान्वयन नभएको अवस्था छ। गर्भपतनका सम्बन्धमा एघारौं संशोधनद्वारा कानुनमा परिवर्तन आइसक्दा पनि हाम्रो देशका जेलहरुमा अझै पनि ४३ जना महिलाहरु सोही मुद्दामा जेलमा बस्न बाध्य छन्। ऐनमा परिवर्तन भइसकेपछि उनीहरुलाई खोजीखोजी छोड्नुपर्ने हो तर किन त्यसो भइरहेको छैन? यसबाट पनि कार्यान्वयन पक्ष कस्तो छ भनेर स्पष्ट देख्न सकिन्छ।

**कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन के गर्नुपर्छ ?**

यो समस्या समाजका हरेक तप्काको समस्या हो। निर्णय गर्ने र प्रभावकारी कार्यान्वयन गराउने तहमा महिला सहभागिता नै छैन। यो कुरामा सबैको ज्ञान हुनु आवश्यक छ। ज्ञान भएको कुरालाई व्यवहारमा उतार्ने प्रयास पनि गरिदैन। यो खाडलले गर्दा पनि पीडितहरु झनै पीडित भइरहनुपर्ने अवस्था छ। तसर्थ, कानुनको प्रभावकारी कार्यान्वयन र निर्णय तहमा महिलाहरुको सहभागिता हुन जरुरी छ। नागरिकलाई सुरक्षा दिनुपर्ने प्रमुख दायित्व सरकारको हो तर विगत दश वर्षदेखि हाम्रो देशका महिलाहरु द्वन्द्वरत दुवै पक्ष (राज्य र माओवादी) बाट शिकार भइरहेका छन्। एउटा पक्षबाट बच्यो भने पनि अर्कोबाट पीडित हुने डर छ। यस विषयमा नागरिक समाजले जागरुकता ल्याउनु जरुरी छ। महिला विरुद्धको हिंसामा "त्यो मेरो छोरी-बुहारी होइन" भनेर पन्छिने परिपाटी छ। तर ऊ कसै न कसैको छोरी-बुहारी त हुन्छ नि। त्यस्तो अवस्थामा आफनैजस्तो ठान्ने, आफनोपनको कमी छ, नागरिकहरुको बीचमा। यस्ता गलत सोचाई परिवर्तन गर्नु आवश्यक छ

**महिलाविरुद्धका हिंसा रोक्न महिला सुरक्षा दबाब समूहले के-कस्ता कामहरु गरेको छ ?**

महिला सुरक्षा दबाव समूहको जन्म यस्तै बलात्कारको घटनाका कारण भएको हो। त्यतिखेर एकजना ६ वर्षकी बालिकालाई फकाएर ठेलेलको एउटा होटलमा लगी निर्ममतापूर्वक बलात्कार गरिएको घटनालाई अखिल नेपाल महिला संघले निकै गम्भीरतापूर्वक लियो। यस्ता घटनाहरु केवल एउटा महिला संगठनको मात्र विषय होइनन् भन्ने निष्कर्ष निकालेर यसका विरुद्ध जान विभिन्न संगठनहरु, संस्थाहरु र व्यक्तिहरुको साझा मञ्च बनाउने सोचाई बनायौं। त्यसपछि अखिल नेपाल महिला संघ, नेपाल महिला संघ, राप्रपासमर्थित महिला संघ, विभिन्न गैरसरकारी संस्थाहरुलगायत् १९ वटा संघ-संस्था र संगठनहरु मिलेर महिला सुरक्षा दबाव समूह निर्माण गरेका हौं। यसले निकै छिटो अवधिमा प्रभावकारी भूमिका निर्वाह गर्‍यो। छोटो समयमा नै यसको सदस्य संख्या निकै बढ्यो। सबै संस्था एवम् संगठनहरुको छाता संगठनको रुपमा यो सक्रिय भयो। बीचमा अनेक किसिमका बाधाहरु आए। कतिपय साथीहरुले आफनै ढंगले संस्थाहरु पनि निर्माण गर्नुभयो। अहिले पनि हामी ४५-४६ जना संगठित छौं। हामीले महिलाका हरेक विषयहरु, विशेष गरेर बेइजिङ विश्व सम्मेलनले निर्क्यौल गरेका १२ वटा सरोकारका विषयहरुलाई लिएर सरकारलाई झकझकाउने र त्यसका लागि काम गर्न दबाव दिँदै आएका छौं। ११-१२ वटा जिल्लामा महिला सुरक्षा दबाव समूहका संगठनहरु निर्माण भइसकेका छन्। यस वर्ष थप ५ वटा जिल्लामा पनि गठन लक्ष्य राखेका छौं। त्यसैगरी यो वर्ष महिलाविरुद्ध हिंसाका विरुद्धमा मुख्य ध्यान केन्द्रित गरेका छौं। जिल्लास्तरमा निर्माण गरिएका संगठनहरुमार्फत् महिलाविरुद्धका हिंसाका विरुद्धमा लड्न विभिन्न कार्यक्रमहरु अगाडि बढाएका छौं।

**महिला सुरक्षा दबाव समूह शुरुमा निकै सक्रिय थियो तर पछि निस्कृय हुँदै आएको छ भन्ने आरोप पनि लाग्ने गरेको पाइन्छ नि ।**

शुरु-शुरुमा जुन उत्साह हुन्छ, त्यो पछि हुँदैन। विभिन्न कारणहरुले गर्दा बीचमा केही निस्कृयता आएको थियो। तर अहिले यसले गति समातेको छ र अगाडि बढेको छ।

# राष्ट्रिय दादुरा खोप अभियान २०६१/६२

## १ महीनादेखि १५ वर्ष मुनिका
## सबै बाल-बालिकाहरुलाई दादुरा खोप लगाऔं

दादुरा खोप पहिले लगाएकाहरुले पनि लगाऔं
नलगाएकाहरुले त झनै नछुटाऔं

unicef

का. जि. का. द. नं. २१/४९/५०

# के तपाई

# मानवअधिकारप्रति रुची राख्नुहुन्छ ?

मानवअधिकारका विविध सवालहरु समेटेर
तयार पारिएको
मानवअधिकार शिक्षा कार्यक्रम



हरेक शनिबार बिहान ८:२० बजे
रेडियो नेपालबाट प्रशारण गरिन्छ ।

सुन्न नभुलौं ।

मानवअधिकार शिक्षा कार्यक्रम
अब रेडियो स्वर्गद्वारी एफएममा
हरेक मंगलबार बेलुका ७:२० बजे

BY AIRMAIL